"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"

# राजस्व सुधार कार्ययोजना










# दमक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, दमक

### झापा, कोशी प्रदेश, नेपाल

# प्रतिवेदन तयारी

| | |
|---|---|
| प्रतिवेदनको शीर्षक | : राजस्व सुधार कार्ययोजना, २०७९ |
| प्रदेश | : कोशी प्रदेश |
| नगरपालिका | : दमक नगरपालिका, झापा |
| समन्वय | : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| प्राविधिक सहयोग | : SDG Joint Fund मार्फत UNCDF Nepal |
| सहजीकरण | : सुशासन तथा विकास अनुसन्धान केन्द्र, प्रा. लि. काठमाण्डौं |
| मिति | : फागुन २०७९ |

# शब्द संक्षेप

| | | |
|---|---|---|
| आलेप | : | आन्तरिक लेखा परीक्षण |
| उ.वा.स. | : | उद्योग वाणिज्य संघ |
| गापा | : | गाउँपालिका |
| नपा | : | नगरपालिका |
| का.पा.स. | : | कार्यपालिका सदस्य |
| प्र.प्र.अ. | : | प्रमुख प्रशासकीय अधिकृत |
| आ.व. | : | आर्थिक वर्ष |

| | | |
|---|---|---|
| CAGR | : | Compound Annual Growth Rate |
| FGD | : | Focused Group Discussion |
| IEE | : | Initial Environmental Examination |
| KII | : | Key Informant Interview |
| RIAP | : | Revenue Improvement Action Plan |
| SDG | : | Sustainable Development Goal |
| UNCDF | : | United Nations Capital Development Fund |

"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"
दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमक, झापा
१ नं. प्रदेश, नेपाल
☎ : ०२३-५८००४४, ५८०१३७, ५८०५०२, ५८१०५३
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं
च.नं.

# शुभकामना

नेपालमा संघीयताको कार्यान्वयन सँगसँगै स्थानीय जनताको आवश्यकता पुरा गर्न नगरपालिकालाई प्रशस्त जिम्मेवारीहरु रहेका छन् । जनचाहना अनुसारको सेवा प्रवाह गर्न नगरपालिकालाई संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान पर्याप्त रहेको छैन । नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिकालाई प्राप्त वित्तीय अधिकारको पूर्णरुपमा प्रयोग गर्न सके दमक नगरपालिकाले कल्पना गरेको दीर्घकालीन सोच **"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"** तर्फ नगरलाई उन्मुख गराउन सहयोग पुग्ने देखिन्छ ।

यस नगरपालिकाको राजस्व सुधार कार्ययोजना बनाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको समन्वय र SDG Joint Fund मार्फत UNCDF ले प्रदान गरेको प्राविधिक सहयोगका लागि नगरपालिका आभार व्यक्त गर्दछ ।

नगरपालिकाको आन्तरिक राजस्व परिचालनमा देखिएका वर्तमान सवाल तथा समस्याहरुको पहिचान गरी सम्भावित राजस्वको समेत प्रक्षेपण गरी तयार गरिएको राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन गर्न नगरपालिका प्रतिवद्ध रहेको व्यहोरा अनुरोध गर्दछु ।

अन्त्यमा, राजस्व सुधार कार्ययोजना तर्जुमा गर्न सहयोग गर्नु हुने सबै सहभागीहरुलाई धन्यवाद दिँदै यसको कार्यान्वयमा समेत सबै पक्षको सहयोग प्राप्त हुने अपेक्षा गर्दछु ।

धन्यवाद ।

**रामकुमार थापा**
नगरप्रमुख

फागुन, २०७९

“औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर”

# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दमक-झापा
कोशी प्रदेश, नेपाल

☎ : ०२३-५८००४४, ५८०१३७, ५८०५०२, ५८१०५३
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं
च.नं.

## शुभकामना

स्थानीय राजस्व परामर्श समितिको पहलमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वय र SDG Joint Fund मार्फत UNCDF को प्राविधिक सहयोगमा दमक नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा भएको हो । यस किसिमको सहयोगका लागि सम्बन्धित निकायप्रति दमक नगरपालिका अन्तरगतको स्थानीय राजस्व परामर्श समिति हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

यस योजनाले राजस्व परिचालनका क्षेत्रमा नगरपालिकाले भोगेका समस्याहरुको पहिचान गरी भविष्यमा गर्नु पर्ने सुधारका क्षेत्रहरुको पहिचान गरी सुझाव उपलब्ध गराएको छ । विगतका अनुभव र कार्ययोजनाले तय गरेको नीति र रणनीतिहरुको पूर्णरुपमा अनुसरण गर्दै कार्ययोजनाको कार्यान्वयनलाई स्थानीय राजस्व परामर्श समितिले पहिलो प्राथमिकतामा राख्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

अन्त्यमा, राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यमा सहभागी भई महत्वपूर्ण सुझावहरु उपलब्ध गराउने सबैमा धन्यवाद व्यक्त गर्दै राजस्व सुधार कार्ययोनजाको सफल कार्यान्वयन र अनुगमनमा सबैको साथ र सहयोग प्राप्त हुने अपेक्षा गर्दछु ।

धन्यवाद ।

**रेगिना भट्टराई प्रसाई**
नगर उपप्रमुख

फागुन, २०७९

"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"
दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमक, झापा
कोशी प्रदेश, नेपाल
☎ : ०२३-५८००४४, ५८०१३७, ५८०५०२, ५८१०५३
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं
च.नं.

# मन्तव्य

नेपालको संविधानले संघीयताको कार्यान्वयनमा स्थानीय तहको भूमिकालाई महत्वपूर्ण आधारका रुपमा लिएको छ । नगरपालिकाको खर्च आवश्यकता पुरा गर्न संघीय सरकार र प्रदेश सरकारले समानीकरण अनुदानका साथसाथै सशर्त, विशेष र समपूरक अनुदानहरु प्रदान गर्दै आएका छन । कानूनतः नगरपालिकाले प्राप्त गरेको वित्तीय अधिकारको दायरा वृद्धि गरी आन्तरिक राजस्व परिचालनलाई जनताको सहभागितामा न्यायोचित, भरपर्दो र पारदर्शी बनाउनु पर्दछ । नगरपालिकाको वित्तीय आत्मनिर्भरता बढाउन र संघ तथा प्रदेश सरकारप्रतिको परनिर्भरता न्यून गर्न आन्तरिक राजस्वको प्रभावकारी परिचालनमा जोड् गर्नु आवश्यक छ । अझै पनि सबै करदाताहरु करको दायरामा आउन नसकेको वर्तमान अवस्थामा सुधार गरी करको दायरा फराकिलो पार्न नगरपालिकाले थप मेहनत गर्नेछ ।

आन्तरिक राजस्व परिचालनको वर्तमान अवस्था, सवाल र समस्याहरुको पहिचान गरी यिनीहरुको समाधानका उपायहरु समेत समावेश गरी तयार भएको यस राजस्व सुधार कार्ययोजनाले नगरपालिकालाई राजस्व परिचालनका क्षेत्रमा गर्नु पर्ने सुधारका क्षेत्रहरुको मार्गचित्र तय गरिदिएको छ । आगामी वर्षहरुमा दमक नगरपालिकाको यस कार्ययोजनालाई कार्यान्वयन गर्न सबै पक्षको सहयोगको आवश्यकता पर्दछ । यसका लागि मुख्यतः स्थानीय राजस्व परामर्श समितिको नेतृत्व र पहलमा यो योजना सफलताका साथ कार्यान्वयन हुन सक्ने विश्वास प्रकट गर्दछु । साथै, प्रशासनिक रुपमा नगरपालिका कार्यालयबाट स्थानीय राजस्व परामर्श समितिलाई पूर्णरुपमा सहयोग प्राप्त हुने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

अन्त्यमा, यस राजस्व सुधार कार्ययोजना तयार गर्न सहजीकरण गर्ने सुशासन तथा विकास अनुसन्धान केन्द्र र यसमा सम्लग्न विज्ञहरुलाई हार्दिक धन्यवाद् ज्ञापन गर्दै कार्ययोजना तर्जुमाका समयमा सहभागी भई आवश्यक सहयोग र सुझाव उपलब्ध गराउने सबै सरोकारवाला निकाय र प्रतिनिधिहरुप्रति आभार व्यक्त गर्दछु । साथै, कार्ययोजनाको कार्यान्वयनमा सबै पक्षको निरन्तर सहयोग प्राप्त हुने अपेक्षा गर्दछु ।

धन्यवाद ।

**शशि राई**
प्रमुख प्रशासकीय अधिकृत

फागुन, २०७९

# कृतज्ञता ज्ञापन

दमक नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई समन्वय गर्ने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय तह क्षमता विकास महाशाखा र प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउने SDG Joint Fund र संयुक्त राष्ट्रसंघीय पुँजी विकास कोष (UNCDF) प्रति हार्दिक आभार प्रकट गर्दछु । राजस्व सुधार कार्ययोजना तर्जुमा प्रक्रियाको आयोजना गर्ने दमक नगरपालिका, नगरप्रमुख श्री रामकुमार थापा, उपप्रमुख श्री रेगिना भट्टराई प्रसाई, प्रमुख प्रशासकीय अधिकृत श्री शशि राई, वडा अध्यक्ष तथा नगरकार्यपालिकाका सदस्यहरु, राजस्व शाखा, लेखा शाखा, आलेप शाखा लगायतका कर्मचारीहरु, निजी क्षेत्र र नागरिक समाजका प्रतिनिधिहरुको सहभागिता, सहयोग र योगदानको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद ज्ञापन गर्दछु । साथै, नगरपालिकाको राजस्व सम्बन्धी विभिन्न जानकारी दिई सूचनादाताहरुबाट राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि महत्वपूर्ण सहयोग पुऱ्याउनु हुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

यस राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan-RIAP) तयार गर्ने कार्यमा सुशासन तथा विकास अनुसन्धान केन्द्र प्रा.लि.का तर्फबाट सम्लग्न विज्ञ श्री रुद्रप्रसाद सापकोटा र श्री राम रिमालको समय, अनुभव र कार्यकुशलताको लागि विशेष धन्यवाद दिन चाहन्छु ।

**डा. हेमराज लामिछाने**
अध्ययन टोली प्रमुख तथा अध्यक्ष,
सुशासन तथा विकास अनुसन्धान केन्द्र, प्रा.लि.
काठमाडौं,

फागुन २०७९

# विषय सूची


**परिच्छेद – एकः परिचय ........ १**

१.१ पृष्ठभूमि १
१.२ राजस्व सुधार योजना तर्जुमाको औचित्य १
१.३ राजस्व सुधार कार्ययोजना तर्जुमाको उद्देश्यहरू १
१.४ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया २
१.५ अध्ययनको सीमाहरू ५

**परिच्छेद – दुईः नगरपालिकाको संक्षिप्त परिचय ........ ७**

२.१ नगरपालिकाको संक्षिप्त परिचय ७
२.२ नगरपालिकाको मानव संशाधनको अवस्था ११
२.३ नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था १२

**परिच्छेद – तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता ........ १३**

३.१ पृष्ठभूमि १३
३.२ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था १३
३.३ स्थानीय तहको राजस्व अधिकारको शीर्षकगत व्यवस्था १५
३.४ स्थानीय तहको ऋण सम्बन्धी व्यवस्था २२
३.५ नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था २३
३.६ आन्तरिक राजस्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण २६
३.३.१ स्थानीय कर राजस्व ........ २६
३.३.२ गैर कर राजस्व ........ ३३

**परिच्छेद – चारः आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था ........ ४३**

४.१ राजस्व परिचालन सम्बन्धी नीति ४३
४.२ आय सङ्कलनको संस्थागत क्षमता ४४
४.२.१ स्थानीय राजस्व परामर्श समिति (दोश्रो) गठन तथा क्रियाशीलता ........ ४४
४.२.२ राजस्व प्रशासन ........ ४५
४.२.३ राजस्व प्रशासन चक्र र प्रक्रिया ........ ४६
४.३ नगरपालिकाको आन्तरिक आयका स्रोतहरु तथा हालको अवस्था ४७
४.४ राजस्व परिचालनमा रहेका सवालहरू ४८

**परिच्छेद – पाँचः राजस्व सुधार कार्ययोजना ........ ५१**

५.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना ५१
५.१.१ रणनीति तथा कार्यनीति ........ ५१
५.१.२ राजस्व सुधार कार्ययोजना ........ ५३

**परिच्छेद – छः आगामी तीन बर्षको आय प्रक्षेपण ........ ५९**

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ५९

६.२ दमक नगरपालिकाको आगामी तीन आर्थिक बर्षको राजस्व प्रक्षेपण ६१

**परिच्छेद – सातः अपेक्षित नतिजा ........ ६५**

**परिच्छेद – आठः अनुगमन तथा मूल्याङ्कन ........ ६७**

८.१ पृष्ठभूमि ६७

८.२ अनुगमन ६७

८.३ मूल्याङ्कन ६७

८.४ अनुगमन योजना ६७

८.५ अनुगमन विधि तथा प्रक्रियाहरु ६८

८.६ अनुगमन संयन्त्र ७०

८.७ अनुगमन तथा मूल्याङ्कन समितिको जिम्मेवारी ७१

**सन्दर्भ सामग्री ........ ७३**


## तालिकाहरू


**तालिका १: दमक नगरपालिकको संक्षिप्त जानकारी ........ ७**

**तालिका २: भू–उपयोगको विवरण ........ ७**

**तालिका ३: दमक नगरपालिकाको क्षेत्रफल, जनसंख्या र घरधुरीको विवरण ........ ८**

**तालिका ४: नगरपालिकाको जग्गाको वडागत विवरण (क्षेत्रफलः बिघा, कठ्ठा, धुर) ........ १२**

**तालिका ५: तहगत सरकारको राजस्व अधिकार ........ १४**

**तालिका ६: प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट सम्बन्धी व्यवस्था (प्रतिशतमा) ........ १५**

**तालिका ७: राजस्व बाँडफाँट सम्वन्धी व्यवस्था (प्रतिशतमा) ........ १५**

**तालिका ८: नगरपालिकाको यथार्थ आन्तरिक आयको विवरण (रकम रु.) ........ २३**

**तालिका ९: सम्पत्ति करको मूल्याङ्कन आधार, दर, दायरा र सङ्कलन रकम (रु.) ........ २७**

**तालिका १०: बनावट अनुसार घरहरुको संख्या ........ २८**

**तालिका ११: व्यवसाय करको बार्षिक प्रस्तावित र यथार्थ आम्दानी ........ ३०**

**तालिका १२: उद्योग व्यवसाय सम्बन्धी विवरण ........ ३१**

**तालिका १३: साना सवारी साधन कर ........ ३२**

**तालिका १४: प्राकृतिक तथा खानीजन्य वस्तुको प्रस्तावित र यथार्थ आय ........ ३४**

**तालिका १५: बहाल बिटौरी शुल्कबाट प्राप्त यथार्थ तथा प्रस्तावित आय (रकम रु.मा) ........ ३५**

**तालिका १६: नगरपालिकाको स्वामित्वमा रहेका संरचनाहरुको विवरण ........ ३५**

**तालिका १७: नक्सापास सम्बन्धी विवरण ........ ३६**

**तालिका १८: कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारबाट संकलित रकम ........ ३६**

**तालिका १९: सडक पूर्वाधारमा शुल्क लगाउने बारे प्रस्तावित विवरण ........ ३७**

**तालिका २०: नगरपालिकाले पार्किङ्ग शुल्कबाट सङ्कलित रकम (रु.) ........ ३८**

**तालिका २१: घरजग्गा रजिष्ट्रेशन दस्तुरको बार्षिक प्रस्तावित र यथार्थ आम्दानी ........ ४१**

**तालिका २२: दमक नगरस्तरीय राजस्व परामर्श समितिका पदाधिकारीहरु ........ ४५**

**तालिका २३: राजस्व परिचालनको वर्तमान अवस्था ........ ४७**

तालिका २४: दमक नगरपालिकाको राजस्व सुधार सम्बन्धी रणनीति तथा कार्यनीति ........ **५१**

तालिका २५: राजस्व सुधार कार्ययोजना ........ **५३**

**तालिका २६: राजस्व प्रक्षेपणका मान्यता तथा आधारहरु ........ ५९**

**तालिका २७: आगामी तीन आर्थिक वर्षको लागि राजस्व प्रक्षेपण ........ ६१**

**तालिका २८: नगरपालिकाको आयको अपेक्षित नतिजा** (रकम रु मा) ........ **६५**

**तालिका २९: अनुगमन योजना**......६९

## चित्रहरु

चित्र १: नगरपालिकाको प्रशासकीय संगठन संरचना......४४
**चित्र २: राजस्व प्रशासन चक्र र प्रक्रिया**......४६

## अनुसूचीहरू

अनुसूची १: तथ्याङ्क/सूचना सङ्कलनका लागि प्रयोग गरिएको फारम तथा सूची......७७
**अनुसूची २: मुख्य सूचनादाता अन्तरवार्ता**......८९
**अनुसूची ३: लक्षित समूह छलफल**......९०
**अनुसूची ४: अभिमुखीकरण कार्यक्रमका सहभागीहरु सम्बन्धी विवरण**......९२
**अनुसूची ५: प्रमाणीकरण कार्यशालाका सहभागीहरुको विवरण**......९६
**अनुसूची ६: कार्यक्रमसँग सम्बन्धित तस्विरहरु**......९८

## १.१ पृष्ठभूमि

नेपालको संविधान बमोजिम स्थानीय सरकारहरूले संविधान प्रदत्त कार्यजिम्मेवारी पुरा गर्न आवश्यक पर्ने वित्तीय स्रोतहरू विभिन्न माध्यमबाट परिचालन गर्दै आएका छन् । स्थानीय तहलाई कर तथा गैरकर राजस्व सङ्कलन गर्ने सम्बन्धमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्पष्ट व्यवस्था गरेको छ । जसअनुसार, स्थानीय तहले तोकिएका क्षेत्र/स्रोतहरूबाट आन्तरिक राजस्व परिचालनका लागि कर तथा गैरकर लगाउन सक्दछन् । स्थानीय तहले खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा विभिन्न किसिमका अनुदानहरू प्राप्त गर्ने संवैधानिक व्यवस्था रहेको छ । राजस्व अधिकार र अनुदान बाहेक स्थानीय तहले नेपालको संविधान र सङ्घीय कानून बमोजिम राजस्व/रोयल्टी बाँडफाँट बापत रकम प्राप्त गर्न सक्ने र नेपाल सरकारको पूर्व स्वीकृतिमा सम्भाव्यता अध्ययनका आधारमा उत्पादनमुलक, आयआर्जन र रोजगारी सिर्जना गर्ने क्षेत्रमा पुँजीगत लगानी गर्ने गरी आन्तरिक ऋण पनि लिन सक्ने कानूनी व्यवस्था छ ।

यसै सन्दर्भमा दमक नगरपालिकाको आन्तरिक आय परिचालनमा सुधार ल्याउनको लागि राजस्व सुधारका क्रियाकलापहरू पहिचान गरी पहिचान गरिएका क्रियाकलापहरूको कार्यान्वयनबाट आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी ३ आर्थिक वर्षहरूमा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वय, SDG Joint Fund अन्तरगत संयुक्त राष्ट्र सङ्घीय पुँजी विकास कोष (UNCDF) को वित्तीय तथा प्राविधिक सहयोग, दमक नगरपालिकाको आयोजना र सुशासन तथा विकास अनुसन्धान केन्द्रको सहजीकरणमा दमक नगरपालिकाको लागि यो राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको हो ।

## १.२ राजस्व सुधार योजना तर्जुमाको औचित्य

स्थानीय तहका निर्वाचित पदाधिकारीहरू, स्थानीय राजस्व परामर्श समितिका पदाधिकारीहरू, नगरपालिकाका कर्मचारीहरू र सरोकार निकायका प्रतिनिधिहरूलाई स्थानीय तहको राजस्व अधिकार सम्बन्धी सैद्धान्तिक, कानूनी र व्यवहारिक पक्षका बारेमा जानकारी दिने, राजस्व परिचालनका क्षेत्रमा भएका वर्तमान अभ्यास, समस्याहरू र सवालहरूको पहिचान गर्ने र राजस्व प्रशासनलाई थप चुस्त र दुरुस्त राख्न गर्नुपर्ने क्रियाकलापहरूको पहिचान गर्न यो राजस्व सुधार कार्ययोजना तर्जुमा प्रक्रिया सहयोगी हुनेछ । राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने सिलसिलामा आन्तरिक राजस्वको महत्व, करको दायरा वृद्धि गर्ने उपायहरूका बारेमा सम्बन्धित सबै सरोकारवालाहरूका बीचमा साझा बुझाई निर्माण गर्न पनि उपयोगी हुनेछ ।

साथै, सङ्घीय संसद, राष्ट्रिय सभा, सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको सिफारिसको बुँदा ५८ अनुसार स्थानीय तहले राजस्व सुधार कार्ययोजना बनाई आन्तरिक स्रोत परिचालनलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने कुरामा जोड दिएकोले यो कार्यक्रमले उक्त सिफारिसको परिपालनामा समेत सहयोग पुऱ्याउने छ ।

## १.३ राजस्व सुधार कार्ययोजना तर्जुमाको उद्देश्यहरू

यस अध्ययनको खास उद्देश्य दमक नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि राजस्व परिचालनको वर्तमान अवस्थाको पुनरावलोकन गरी सुधारका क्षेत्रहरूको पहिचान गर्नु र पहिचान भएका

सुधारका क्षेत्रहरूको कार्यान्वयन रणनीति तय गर्नु (वार्षिक कार्यक्रम र योजनाले सम्बोधन गर्नुपर्ने) रहेको छ भने अन्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन :

१ स्थानीय तहको राजस्व अधिकारका सम्बन्धमा जनप्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गरी राजस्व सुधार कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको पृष्ठभूमि तयार गर्नु ।
२ राजस्व परिचालनका सन्दर्भमा विद्यमान नीति, संरचना तथा विगतको आय परिचालनको अवस्था विश्लेषण गर्नु ।
३ राजस्व प्रशासनको संस्थागत अवस्था, विलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्नु ।
४ नगरपालिकाको आन्तरिक राजस्वका आधार, दर र दायराको विश्लेषण गरी राजस्व प्रक्षेपण गर्नु ।
५ नगरपालिकाको राजस्व प्रशासनको अवस्था विश्लेषण गरी आवश्यक सिफारिस गर्नु ।
६ स्थानीय उद्यम, व्यवसाय लगायतका आर्थिक विकास क्रियाकलापहरूलाई करको आधार अन्तर्गत समेट्न आवश्यक मार्गदर्शन प्रदान गर्नु ।
७ दमक नगरपालिकाले अपनाउनु पर्ने राजस्व सुधार रणनीति सहितको राजस्व सुधार कार्य योजना तयार गर्नु ।

## १.४ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया

राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने सिलसिलामा निम्नानुसारको विधि तथा प्रक्रियाहरू अनुसरण गरिएको छ ।

**पहिलो चरण** : सन्दर्भ सामग्रीको अध्ययन
**दोश्रो चरण** : तथ्याङ्क तथा सूचना सङ्कलन र विश्लेषण
**तेस्रो चरण** : अभिमुखीकरण तथा राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यशाला
**चौथो चरण** : मस्यौदा राजस्व सुधार कार्ययोजना तयारी तथा राजस्व प्रक्षेपण
**पाँचौं चरण** : मस्यौदा प्रतिवेदनको प्रमाणीकरण गरी अन्तिम रुप प्रदान ।

### (क) सन्दर्भ सामग्रीको अध्ययन तथा पुनरावलोकन

राजस्व सुधार कार्ययोजना तर्जुमाको सिलसिलामा सर्वप्रथम आवश्यक सन्दर्भ सामग्रीहरू जस्तै नेपालको संविधान, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार ऐन, २०७४; नेपाल सरकारको वार्षिक वजेट वक्तव्य र आर्थिक ऐनहरू, केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन, २०७५, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, एकीकृत आर्थिक सकेत तथा वर्गीकरण र व्याख्या, २०७४, स्थानीय तहको वार्षिक कार्यक्रम तथा बजेट, स्थानीय राजस्व परामर्श समितिले गरेका नीतिगत निर्णयहरू आदिको अध्ययन तथा पुनरावलोकन गरी स्थानीय तहको राजस्व अधिकार, हालको अभ्यास र सुधार गर्नुपर्ने क्षेत्रहरूको पहिचान गरिएको छ ।

### (ख) तथ्याङ्क तथा सूचना सङ्कलन

अध्ययनकै आधारमा राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि आवश्यक पर्ने सूचना सङ्कलन फारम तयार गरिएको हो । निर्दिष्ट चेकलिष्ट/प्रश्नावलीको प्रयोग गरी स्थानीय तहबाट वित्तीय लगायत अन्य आवश्यक सूचनाहरू सङ्कलन गरिएको छ। सूचना सङ्कलनको प्रयोजनका लागि प्रयोग गरिएको चेकलिष्ट प्रतिवेदनको **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

(१) **मूख्य सूचनादाता अन्तरवार्ता**

निर्दिष्ट तथा खुल्ला प्रश्नावलीको आधारमा दमक नगरपालिकाका प्रमुख तथा उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा प्रमुख, लेखा शाखा प्रमुख, वडा अध्यक्षहरू, उद्योग व्यवसायी, सामुदायिक वन उपभोक्ता समितिका प्रतिनिधि आदिसँग मुख्य सूचनादाता अन्तर्वार्ता गरी राजस्व परिचालनको वर्तमान अवस्था र भावी सुधारका क्षेत्रहरू पहिचान गर्ने प्रयास गरिएको थियो । यस किसिमको अन्तर्वार्ताबाट नगरपालिकाको वर्तमान अवस्था र भविष्यमा गर्नु पर्ने सुधारका क्षेत्रहरू पहिचान गर्न थप सहयोग पुगेको थियो । मुख्य सूचनादाता छलफलबाट पहिचान भएका सवालहरु र प्राप्त सुझावहरु **अनुसूची २** मा प्रस्तुत गरिएको छ ।

(२) **लक्षित समूह छलफल**

मुख्यतः स्थानीय तहको राजस्व नीति, कार्यक्रम र भविष्यमा गर्नु पर्ने सुधारका क्षेत्रहरू पहिचान गर्ने उद्देश्यले करदाताहरूको निश्चित समूह पहिचान गरी उनीहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम आयोजना गरिएको थियो । यस किसिमको लक्षित समुह छलफल तथा अन्तरक्रियाबाट दमक नगरपालिका करदाताबीचमा सम्बन्ध, सहकार्य तथा असन्तुष्टीहरू उजागर हुन सकेको थियो । यसबाट राजस्व सुधार कार्ययोजना तर्जुमा गर्दा ध्यान दिनु पर्ने क्षेत्रहरूको पहिचान गर्न सहयोग पुगेको थियो । लक्षित समूह छलफलबाट पहिचान भएका सवालहरु र प्राप्त सुझावहरु **अनुसूची ३** मा प्रस्तुत गरिएको छ ।

(३) **द्वितीय सूचना तथा तथ्याङ्क सङ्कलन**

दमक नगरपालिकाको प्रारम्भिक कार्यशाला अगावै आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन गरी कार्यशालालाई थप प्रभावकारी बनाइएको थियो । राजस्व सुधार कार्ययोजना तर्जुमाको क्रममा निम्नानुसारका मूख्य क्षेत्रहरूका आधारमा आवश्यक सूचना सङ्कलन गरिएको थियो ।

- राजस्व प्रशासनको वर्तमान अवस्था,
- राजस्व परिचालनका लागि अवलम्बन गरिएका नीतिगत व्यवस्थाहरू,
- कम्तीमा विगत तीन आर्थिक वर्षहरूको अनुमानित तथा यथार्थ आय विवरण,
- आन्तरिक आयका स्रोत, आधार क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण,
- आन्तरिक आय सङ्कलनको सम्भावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना
- राजस्व सुधारका लागि गर्नुपर्ने कार्यहरू तथा सोको जिम्मेवारी आदि ।

### (ग) अभिमुखीकरण कार्यशाला तथा समूह छलफल

आवश्यक सामग्रीहरूको अध्ययनका आधारमा स्थानीय तहका निर्वाचित जनप्रतिनिधिहरू (कार्यपालिकाका सदस्यहरू), स्थानीय राजस्व पराशर्म समितिका पदाधिकारीहरू, कर्मचारीहरू, नीजि क्षेत्र र नागरिक समाजका प्रतिनिधिहरूको सहभागितामा आयोजना गरिएको अभिमुखीकरण कार्यशालाका लागि आवश्यक प्रस्तुतीकरण सामग्री तयार गरिएको थियो । यसरी तयार गरिएको अभिमुखीकरण सामग्रीहरूमा मुख्यतः वित्तीय विकेन्द्रीकरण (कर राजस्व) सम्बन्धी सैद्धान्तिक पक्ष र यसको अभ्यास, नेपालमा स्थानीय तहको वित्तीय अधिकार र यसको प्रयोगको अवस्थाहरू समेटिएको थियो । यसको मुख्य उद्देश्य भनेको कार्यशालाका सहभागीहरूलाई सङ्घीय, प्रदेश र स्थानीय तहको एकल तथा साझा राजस्व अधिकार सम्बन्धी सैद्धान्तिक तथा कानूनी विषयको बारेमा साझा बुझाई निर्माण गर्नु रहेको थियो ।

पहिलो दिनको अभिमुखीकरण कार्यशाला सम्पन्न भएपछि दोश्रो दिन सहभागीहरूलाई निम्न चार समूहमा विभाजन गरी तोकिएको विषयवस्तु माथि छलफल गराईएको थियो ।

**समूह एक :** सम्पत्ति कर, मालपोत/भूमिकर, घरजग्गा वहाल कर,

**समूह दुई :** व्यवसाय कर, विज्ञापन कर र मनोरञ्जन कर,

**समूह तीन :** नक्सापास दस्तुर, सिफारिस दस्तुर, सेवा शुल्क, पूर्वाधार सेवा शुल्क, दण्ड जरिवाना, पार्किङ्ग शुल्क, फोहोरमैला व्यवस्थापन शुल्क आदि,

**समूह चार :** ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर, सामुदायिक वन, जडिबुटी, कवाडी, जीवजन्तु

समूह छलफल कार्य अन्तरगत कर र गैरकरहरूका सम्बन्धमा निम्नानुसारका विषयमा सवालहरू पहिचान गरिएको थियो ।

(क) दर, दायरा र कार्यान्वयनको अवस्था,
(ख) सवाल तथा त्यसका समाधानका उपायहरू,
(ग) सुधारको लागि गर्नु पर्ने कार्यहरू (के, कति, कहिले, कसले, र अनुमानित खर्च सहित) ।

- दर तथा दायराको सम्बन्धमा गर्नुपर्ने कार्यहरू
- नीतिगत वा कानूनी सुधारको लागि गर्नुपर्ने कार्यहरू,
- राजस्व प्रशासनमा सुधार गर्नुपर्ने कार्यहरू ।

हरेक समूहमा छलफललाई प्रभावकारी बनाउन र छलफलमा उठेका सवालहरूलाई टिपोट गर्ने उद्देश्यले एकजना टोली नेता र एक जना टिपोटकर्ताको चयन गरिएको थियो । यसरी सहभागीहरूलाई विभिन्न समूहमा विभाजन गरी समूह कार्यको बारेमा सम्लग्न सहजकर्ताहरूबाट सहजीकरण गरी समुहकार्य गर्न लगाइएको थियो । समुह कार्य सम्पन्न भएपछि प्रत्येक समूहले पूर्ण बैठकमा आ-आफ्नो समूहको तर्फबाट प्रस्तुतीकरण गरी पूर्ण बैठकबाट प्राप्त सुझाव तथा सवालहरूलाई समेत समावेश गरिएको थियो । कार्यशालाका सहभागीहरूको उपस्थिति सम्बन्धी विवरण **अनुसुची ४** र कार्यक्रम सम्बन्धी तस्वीरहरु **अनुसूची ५** मा प्रस्तुत गरिएको छ

### (घ) राजस्व प्रक्षेपण विधि

राजस्व सुधार कार्ययोजना तयारी पश्चात सोको कार्यान्वयनबाट स्थानीय तहको राजस्व सङ्कलनमा पर्ने प्रभावको समेत विश्लेषणा गरी भविष्यको लागि प्राप्त हुने राजस्वको प्रक्षेपण गरिएको छ । राजस्व प्रक्षेपणको लागि निम्न विधिहरूलाई प्रयोग गरी राजस्वका स्रोतको उपलब्ध सूचनाको आधारमा प्रयोगमा ल्याइएको छ ।

१. **तथ्याङ्कीय आधार :** करदाताको संख्या, करको दर तथा विद्यमान दायराको अवस्था सम्बन्धी सूचना उपलब्ध भएका व्यवसाय कर, घर जग्गा सम्पत्ति, मालपोत आदिका लागि यो विधि प्रयोग गरी राजस्व प्रक्षेपण गरिएको छ ।

२. **विगतको राजस्व वृद्धिदरको आधार :** करदाता संख्या सम्बन्धी सूचनाप्राप्त हुन नसक्ने र समयानुकुल दर परिमार्जन हुँदै आएका स्रोतहरू जस्तै नगरपालिकाले प्रदान गर्ने सिफारिस प्रमाणितमा लिइने शुल्क वा दस्तुरको प्रक्षेपणका लागि यस विधिको प्रयोग गरिएको छ । यो विधिका लागि निम्नानुसारको सूत्र प्रयोग गरिएको छ ।

$$\text{मिश्रित वार्षिक वृद्धि दर} = \left(\frac{\text{अन्तिम वर्षको राजस्व}}{\text{शुरु वर्षको राजस्व}}\right)^{१/\text{समय}} - १ \times १००$$

३. **सम्झौताको आधार** : आम्दानी प्राप्त हुने गरी विगतमा सम्झौता भएका शीर्षकहरू जस्तै नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा), बहाल विटौरी, पोखरी ठेक्का लगायत अन्य ठेक्काहरू र आन्तरिक ऋण आदिलाई यस विधिको प्रयोग गरी राजस्व प्रक्षेपण गरिएको छ ।

४. **लमसम वृद्धिदर :** स्थानीय तहको नियन्त्रणमा नभएका र सम्झौता पनि नभएका स्रोतहरूबाट प्राप्तहुने आय अनुमानको लागि यो विधि प्रयोग गरिएको छ ।सन् १९६५ देखि २०२१ सम्मको नेपालको औसत मुद्रास्फिति दर ८ प्रतिशत रहेको अनुमान छ (https://www.google.com/search)। तथापि, मुल्यवृद्धि तथा जनसंख्या वृद्धिको योग सामान्यतः करिव १० प्रतिशत हुने अनुमानको आधारमा नेपाल सरकार, प्रदेश सरकार तथा अन्य संघ संस्थाबाट गत वर्ष प्राप्त आयमा सोही अनुपातमा वृद्धि हुने अनुमान गरी राजस्व प्रक्षेपण गरिएको छ ।

५. **अनुमान :** कुनै आय स्रोत सम्बन्धी सूचना नभएको र नगरपालिकाको लागि विल्कुलै नयाँ स्रोत भएमा अनुमति दस्तुर लगायतका शीर्षकहरूमा अनुमानको आधारमा राजस्व प्रक्षेपण गरिएको छ ।

६. **शुन्य प्रक्षेपण :** विगत वर्षहरूमा राजस्व नउठेका र भविष्यमा पनि राजस्व उठ्न सक्ने सम्भावना न्यून भएका स्रोतहरूको राजस्वमा शुन्य प्रक्षेपण गरिएको छ ।

**(ङ) प्रमाणीकरण कार्यशाला**

२०७९ साल फागुन २१ गते दमक नगरपालिकाको लागि तयार गरिएको मस्यौदा राजस्व सुधार कार्ययोजना माथि छलफल गरी अन्तिम रुप प्रदान गर्ने उद्देश्यले प्रमाणीकरण कार्यशालाको आयोजना गरियो । उक्त कार्यशाला स्थानीय राजस्व परामर्श समितिका संयोजक तथा उपप्रमुख श्री रेगीना भट्टराई प्रसाईज्यूको अध्यक्षतामा आयोजना गरिएको थियो भने नगरप्रमुख श्री रामकुमार थापाज्यूको प्रमुख आतिथ्यता रहेको थियो । सो कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत श्री शशि राई, वडा अध्यक्षहरु, कार्यपालिकाका सदस्यहरु, स्थानीय राजस्व परामर्श समितिका सदस्यहरु, लेखा समितिका संयोजक, राजस्व शाखा, लेखाशाखा लगायत अन्य विषयगत शाखाका प्रमुखहरु, वडा सचिवहरु समेत सहभागिता रहेको थियो । कार्यशालामा अध्ययन टोलीका प्रमुख डा. हेमराज लामिछाने र श्री रुद्रप्रसाद सापकोटाले राजस्व सुधार कार्ययोजनाको संक्षिप्त प्रस्तुतिकरण गरेपछि सहभागीहरुबाट सुझाव सङ्कलन गरिएको थियो । सो कार्यक्रममा सहभागीहरुबाट प्राप्त सुझावहरुलाई समेत समावेश गरी प्रतिवेदनलाई अन्तिम रुप प्रदान गरिएको छ । यस कार्यशालाका सहभागीहरुको विवरण **अनुसूची ५** मा समावेश गरिएको छ ।



## १.५ अध्ययनको सीमाहरू

दमक नगरपालिकाले उपलब्ध गराएको सूचना तथा तथ्याङ्क, मुख्य सूचनादाता अन्तर्वार्ता र लक्षित समुह छलफल, एवं कार्यशाला तथा छलफल कार्यक्रमबाट प्राप्त सुझावहरूमा आधारित भएर यो राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ। यसको साथै दमक नगरपालिका तथा अन्य निकायहरूबाट प्रकाशित विभिन्न दस्तावेजहरू पनि यस अध्ययनको आधार रहेका थिए । नगरपालिकाको राजस्व सम्बन्धी लामो अवधिको तथ्याङ्क उपलब्ध हुन नसकेको कारण नगरपालिकाको Time Serios राजस्वमा आाधारित भई Regression Analysis गरी राजस्व प्रक्षेपण गर्न सकिएको छैन । नगरपालिकाबाट प्राप्त तीन आर्थिक वर्षको वित्तीय विवरणको शीर्षकगत मिश्रित औसत वार्षिक वृद्धि दर (Compound Annual Growth Rate–CAGR) भरपर्दो नदेखिएकोले यस विधिको पनि पूर्ण रुपमा प्रयोग गरिएको छैन । शीर्षकगत राजस्व प्रक्षेपणको आधारहरु परिच्छेद ६ मा उल्लेख गरिएको छ ।

## २.१ नगरपालिकाको संक्षिप्त परिचय

पूर्वी नेपालको झापा जिल्ला सदरमुकाम भद्रपुरबाट पश्चिम क्षेत्रमा अवस्थित दमक नगरपालिका पुरानो नगरपालिकाहरु मध्ये एक हो । उत्तरमा इलाम जिल्लाको चुलाचुली गाउँपालिका, दक्षिण तर्फ गौरादह नगरपालिका, पूर्वतर्फ चुलाचुली गाउँपालिका र कमल गाउँपालिका रहेको छ भने पश्चिमतर्फ मोरङको मिक्लाजुङ गाँउपालिका र उर्लाबारी नगरपालिका रहेका छन् । यस नगरपालिकाको कुल क्षेत्रफल ७५.८६ वर्ग कि.मि. रहेको छ । सबै जातजातिको बसोबास रहेको यस नगरपालिका तत्कालिन दमक नगर पञ्चायतको नाउँमा स्थापित (२०३९) हुँदाको अवस्थामा यसको क्षेत्रफल ७५.८६ वर्ग कि.मी. रहेको थियो । २०७३ सालमा यस नगरपालिकाका १९ वटा वडा समायोजन भई १० वटा वडा कायम गरिएको छ । केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार नगरपालिकाको जनसंख्या १०७४१० मध्ये पुरुष ५१११८ र महिला ५६२९२ रहेको छ भने घरधुरी संख्या २७७२५ रहेको छ ।

**तालिका १: दमक नगरपालिकको संक्षिप्त जानकारी**

| | |
|---|---|
| **समावेश भएका साविक गा.वि.स. तथा न.पा. हरु** | साविक दमक नगरपालिका, क्षेत्रफलमा कुनै परिवर्तन नभएको |
| **क्षेत्रफल** | ७५.८६ वर्ग कि.मी. |
| **जनसंख्या** | ८६,८९० |
| **घरधुरी संख्या** | २२,४४२ |
| **केन्द्र** | साविक दमक नगरपालिका कार्यालय |
| **वडा संख्या** | १० (साविक १९ वडा) |
| **नगरपालिकाको मुख्य अर्थतन्त्र** | कषि, उद्योग, व्यापार व्यवसाय<br>• चिया उद्योग (ठूला १), अन्य उद्योग संख्या ४६२<br>• वित्तीय संस्था (क वर्ग बैंक १५, ख वर्ग ५, घ वर्ग २ र सहकारी संख्या ९६ गरी कुल ११८) |
| **सिमाना** | |
| **पूर्व** | चुलाचुली गाउँपालिका र कमल गाउँपालिका |
| **पश्चिम** | मिक्लाजुङ गाउँपालिका र उर्लाबारी नगरपालिका |
| **उत्तर** | चुलाचुली गाउँपालिका |
| **दक्षिण** | गौरादह नगरपालिका |

*स्रोत : नगर पार्श्वचित्र, २०७५*

### भू–उपयोग

दमक नगरपालिकाको नगर पार्श्वचित्र, २०७५ अनुसार कुल ७५.८६ वर्ग कि.मी.मा फैलिएको दमकको भू-उपयोग देहाय बमोजिम रहेको छ :

**तालिका २: भू–उपयोगको विवरण**

| भू-उपयोगको प्रकार | वर्ग कि.मी. | प्रतिशत |
|---|---|---|
| खेतीयोग्य जमिन | ५८.४९ | ७७.११ |
| वन जंगल | ४.३८ | ५.७७ |
| बागबानी बगैंचा | ०.२२ | ०.२९ |
| चिया बगान | २.४६ | ३.२५ |
| घाँसे जमिन | ०.८८ | १.१५ |

| भू-उपयोगको प्रकार | वर्ग कि.मी. | प्रतिशत |
|---|---|---|
| झाडी | ०.३२ | ०.४२ |
| बगर | ६.६० | ८.७० |
| बाँझो जमिन | ०.७३ | ०.९६ |
| खोला, नाला | ०.८७ | १.१४ |
| तलाउ, पोखरी | ०.१८ | ०.२३ |
| अन्य | ०.७३ | ०.९७ |
| **जम्मा** | **७५.८६** | **१००.००** |

*स्रोत : नगर पार्श्वचित्र, २०७५*

माथि उल्लेख भए बमोजिम नगरपालिकाको कुल क्षेत्रफलमध्ये सबैभन्दा बढी कृषियोग्य जमिनको क्षेत्रफल रहेको छ भने तत्पश्चात बगर क्षेत्र, वन क्षेत्र र चिया बगान क्षेत्र रहेको छ ।

## घरधुरी तथा जनसंख्या

यस नगरपालिकामा २२४४२ घरधुरीमा कुल ८६,८९० जनसंख्या रहेको छ (२०७४ नगरपालिकाबाट तथ्याङ्क सङ्कलन), प्रतिवर्ग क्षेत्रफलमा ११२६ जनसंख्या पर्न आउँछ । यस नगरपालिकामा पुरुष ४०,२९० र महिला ४५,६०० जना रहेका छन् । परिवारको औषत आकार ३.८७ प्रति वर्ग कि.मी. ७०.८६ रहेको छ । राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार यस नगरपालिकाको कुल जनसंख्या १०७४१० मध्ये पुरुष ५१११८ र महिला ५६२९२ देखिन्छ भने कुल घरपरिवार संख्या २७७२५ देखिन्छ । सबै भन्दा धेरै घरधुरी वडा नं. ५ मा रहेको छ भने कम घरधुरी वडा नं. १० मा रहेको छ । लैङ्गिक अनुपातलाई हेर्दा प्रति १०० जना महिलामा ८६.४६ प्रतिशत पुरुष संख्या देखिन्छ । आंशिक रुपमा यसको कारण पुरुषहरुको अस्थायी बाह्य बसाई सराईलाई लिन सकिन्छ ।

**तालिका ३: दमक नगरपालिकाको क्षेत्रफल, जनसंख्या र घरधुरीको विवरण**

| वडा नं | क्षेत्रफल (वर्ग कि.मि.) | घरधुरी | कुल जनसंख्या | पुरुष | महिला |
|---|---|---|---|---|---|
| १ | ३.६८ | ३,०५५ | ११,३१२ | ५,१०८ | ६,२०४ |
| २ | ११.०९ | २,१४५ | ८,५०४ | ३,९६४ | ४,५४० |
| ३ | २०.६१ | २,३२६ | ९,७५७ | ४,५२४ | ५,२३३ |
| ४ | ९.५४ | २,२६५ | ९,०३८ | ४,१६४ | ४,८७४ |
| ५ | २.०५ | ३,३८१ | १२,२५५ | ५,६०१ | ६,६५४ |
| ६ | ०.६२ | १,४१६ | ५,३९८ | २,६०७ | २,७९१ |
| ७ | १.२३ | १,३४९ | ५,४७२ | २,५८८ | २,८८४ |
| ८ | १.७२ | २,३०८ | ८,७८५ | ४,०८७ | ४,६९८ |
| ९ | ९.७ | २,८८६ | १०,८११ | ५,०४१ | ५,७७० |
| १० | १०.६२ | १,३११ | ५,५५८ | २,६०६ | २,९५२ |
| जम्मा | **७५.८६** | **२२,४४२** | **८६,८९०** | **४०,२९०** | **४६,६००** |

*स्रोत : नगर पार्श्वचित्र, २०७५ (घरधुरी तथ्याङ्क सङ्कलन)*

## प्रसिद्ध स्थलहरु

यस दमक नगरपालिकाको विभिन्न स्थानमा रहेको पार्क तथा उद्यानहरु सार्वजनिक सम्पत्तिका रुपमा रहेका देखिन्छन् । विशेषत नगरपालिका क्षेत्रभित्र निम्न स्थानहरुलाई नगरपालिकाले भविष्यमा आम्दानीको स्रोतको रुपमा विकास गर्न सक्ने सम्भावनाको रुपमा लिएको छ । शहिद वन बाटिका, नमुना मार्ग ६ पोखेल मार्केट, रोजपार्क, चन्द्रमा बालबाटिका, पाथिभरा पार्क, पाथिभरा कोलोनी, सिपिनी सिमसार विज्ञान पार्क (निर्माणाधीन), पाथिभरा चलचित्र मन्दिर (निजी), चिया बगान, पिकनिक स्थल (निजी) लाजेको वन, इन्द्रेणी ताल झुल्के

पानीको मुहान पनि प्रसिद्ध क्षेत्रहरु हुन् । यस नगरपालिका भित्र ५९ वटा विभिन्न मठमन्दिर र देवालय रहेका छन् ।

### मुख्य पूर्वाधारको अवस्था (सडक, बाटो)

नगर पार्श्वचित्र, २०७५ अनुसार यस दमक नगरपालिकामा रहेका सडकहरुलाई विशेष गरी ५ वर्गको सडक भनी वर्गीकरण गरिएको छ जसमा कालोपत्रे, ग्राभेल सडक, कच्ची सडक, गोरेटो, अन्य उल्लेख नभएका भनी वर्गीकरण गरिएको छ । नगरपालिकाको सबै वडाहरुमा पक्की सडकको विस्तार भईरहेको छ । नगरपालिकामा यातायातका विभिन्न साधनहरुको उपयोग भएको देखिन्छ । यो नगरपालिका नेपालको एक पुरानो नगरपालिका भएकोले यहाँका पूर्वाधारहरु धेरै विकसित भएको पाइन्छ । यस नगरपालिकामा रहेका सडकमा महेन्द्र राजमार्ग ६.७८ कि.मी., सहायक राजमार्ग ६.५ कि.मी., पक्की तथा कालोपत्रे ५८.२ कि.मी., ग्राभेल सडक ३२० कि.मी., कच्ची सडक १४२.११ कि.मी. र मुल बाटो ५४.६१ कि.मी. गरी जम्मा ५८८.२ कि.मी. सडक सञ्जाल रहेको छ । (स्रोत : नगर पार्श्वचित्र, २०७५)

### नदी तथा पुल

नगरपालिकाका विभन्न भौगोलिक क्षेत्र तथा वडाहरुमा फैलिएर रहेका नदी, खोलानाला तथा पोखरीहरुले विभिन्न किसिमका जलचरहरु र पशुपंक्षीहरुलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ । मानव वस्तीको क्रमिक विकास साथै अनुत्पादक पशुहरुको चरीचरण र उपयोगले प्राकृतिक जलक्षेत्रहरु सुक्ने साथ साथै नदी नाला तथा खोला छेउछाउ अव्यवस्थित बसोबास र त्यहाँबाट निस्किएका फोहोर र ढलले नदी तथा खोलाको स्वरुप हराउँदै गएको पाइन्छ । दमक नगरपालिका क्षेत्रमा बग्ने खोलाहरूमा रतुवा खोला, मावा, बेतनी आदि प्रमुख खोलाहरू हुन् । त्यसैगरी ढुकुरे, भालु, राते होली, दिपिनी, खरखरे र बाह्रघरे साना खोलाहरु हुन् । रतुवा र मावा खोला समेत ७ स्थानमा मोटरेबल पक्की पुल रहेका छन् ।

### विद्युत तथा सौर्य उर्जा

यस नगरपालिकामा घरपरिवारहरुले दैनिक बत्ती बाल्न प्रयोग गर्ने इन्धनको स्रोत ९८.५९ प्रतिशतले विद्युत, ०.८० प्रतिशतले सोलार, ०.३८ प्रतिशतले मट्टितेल र बाँकीले गोबर ग्याँस प्रयोग गरेको पाइयो ।

### खानेपानी

यस नगरपालिकामा रहेका २२४४२ घरधुरीहरु मध्ये धारा/पाइप मार्फत आपूर्ति गरिएको पानी पिउने घरधुरी संख्या १२६६५ अर्थात ५६.४३ प्रतिशत, ट्यूवेल वा हातेपम्पका धारा/पाइपबाट पानी पिउने परिवारको संख्या ९७४८ अर्थात ४३.४४ प्रतिशत रहेका छन् । अन्य स्रोत प्रयोग गर्नेको संख्या नगन्य रहेको छ ।

### सिंचाई

यस नगरपालिकामा कृषि प्रयोजनको जमिन भोगचलन गर्ने परिवारको संख्या ४६११ मध्ये सिंचाई सुविधा हुने परिवार संख्या ३७१० र सिंचाई सुविधा नभएको जमिन हुने परिवार संख्या ७९२ रहेको छ । जम्मा सिंचाई सुविधा भएको जमिन २६१३.८६० हेक्टर रहेको देखिन्छ । सिंचाई सुविधा नभएको जमिन ६२८.६७० हेक्टर रहेको देखिन्छ ।

### अन्य सार्वजनिक भवन तथा पूर्वाधारहरु

यस नगरपालिकामा १३ वटा सार्वजनिक तथा सरकारी भवन रहेको छ । विद्युत, टेलिकम, सडक, हुलाक, मालपोत, नापी, इलाका प्रशासन र दमक नगरपालिका सरकारी स्वामित्वमा रहेको छ । व्यापारिक प्रयोजनका लागि निजी व्यापारिक मल तथा भवनहरु ७ वटा रहेका छन् । नगरपालिकाको स्वामित्वमा रहेको जम्मा भवन

१५ वटामध्ये १३ वटा पक्की र २ वटा भवन कच्ची रहेको छ। अन्य पूर्वाधारमा ४ वटा बसपार्क रहेको छ भने ७ वटा सार्वजनिक पार्क रहेको छ भने ५ वटा मनोरञ्जन स्थल रहेको देखिन्छ।

## फोहोरमैला व्यवस्थापन (फोहोरको परिमाण र व्यवस्थापनको अवस्था)

यस नगरपालिकामा दैनिक रुपमा घरबाट निस्किएको फोहोरलाई उचित व्यवस्थापन गर्न सकिएको देखिदैन तथापि फोहोरलाई वर्गीकृत गरी ३ भागमा विभाजन गरेर शुन्य फोहोरको अवधारणा अगाडी बढाइएको छ। एकवटा ल्याण्डफिल्ड साईटको व्यवस्था भएपनि आंशिक रुपमा फोहोर व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिन संघ संस्था तथा सार्वजनिक स्वास्थ्य सेवा दिने अस्पतालहरुले कुहिने, नकुहिने र अन्य फोहोरलाई ३ समूहमा वर्गीकरण गरी व्यवस्थापन गर्ने गरेको छ। नगरपालिकाले फोहोरमैला व्यवस्थापनका लागि सार्वजनिक निजी साझेदारीको अवधारणालाई अवलम्बन गरेको छ। प्रति घरधुरी मासिक रु. ५० देखि व्यवसाय र होटलको स्तर हेरेर मासिक शुल्क उठाउने गरेको देखिन्छ।

## आर्थिक अवस्था

यस नगरपालिकाको अर्थतन्त्र मुख्यतयाः कृषि, वन, साना व्यापार व्यवसाय तथा उद्योग, थोक एवं खुद्रा व्यापार, होटल, पर्यटन तथा विविध सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट तथा कृषिकको लागि उपयुक्त उर्वर माटो भएको सम्म क्षेत्र भएको हुँदा नगरपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। नगरपालिकामा रहेका नदी तथा पोखरीहरु सहितको जलक्षेत्र, वनजंगल तथा जैविक विविधताले नगरपालिको विकासमा थप सम्भावना बोकेको देखिन्छ। कृषि उद्योग, क्रसर उद्योग, कुखुरा पालन, पशुपालन आदि यस नगरपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरु हुन्। यस नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न किसिमका व्यवसायीहरुको संख्या ४४११ रहेको छ।

### बैंक तथा वित्तीय संस्थाहरु

यस नगरपालिकामा करिब १०० वटा सहकारी संस्थाहरु रहेका छन् र मुलतः स्थानीय स्तरमा ऋण तथा बचतका कार्य गर्दछन्। यसैगरी यहाँ वाणिज्य बैंकहरु, विकास बैंकहरु लगायत वित्तीय कम्पनीहरु, लघुवित्त संस्थाहरु यथेष्ठ रहेका छन्।

## उद्योग, व्यवसाय तथा कलकारखाना

यस नगरपालिकामा दर्ता भएका जम्मा व्यवसायिक फर्म तथा कम्पनीहरु मध्ये वस्तुको बिक्री गर्ने ३११० अर्थात ७०.५१ प्रतिशत, सेवाको बिक्री गर्ने १००२ अर्थात २२.७२ प्रतिशत, वस्तुको उत्पादन गर्ने १६५ अर्थात ३.७४ प्रतिशत र अन्यमा १३१ अर्थात २.९७ प्रतिशत रहेका छन्। पूँजी लगानीको आधारमा नगरपालिकामा रहेका व्यवसायिक फर्म तथा कम्पनीको वर्गीकरण गर्दा रु. १,००,००१।- देखि पाँच लाखसम्म लगानी गरी सञ्चालन गरिएका फर्महरु सबैभन्दा बढी २६४१ अर्थात ५९.८७ प्रतिशत रहेका छन्। त्यसपछि रु. ५०,०००।- भन्दा कम लगानी गरी सञ्चालन गरिएका फर्महरु १०१४ अर्थात २२.९९ प्रतिशत, रु. ५०,००१ देखि १,००,००० लगानी गरी सञ्चालन गरिएका फर्महरु ६७८ अर्थात १५.३७ प्रतिशत रहेका छन्। त्यसैगरी रु. ५,००,००१ देखि १०,००,००० लगानी गरेको ५५ अर्थात १.२५ प्रतिशत रहेको छन् रु. ५०,००,००० भन्दा बढी लगानी गरेका २३ अर्थात ०.५२ प्रतिशत रहेका छन्।

### कलकारखाना

यस नगरपालिकामा ठूलो उद्योगको रुपमा केही मात्रामा चिया उद्योगहरु छन् भने कृषि तथा वन पैदावारमा आधारित साना उद्योगहरु सञ्चालनमा रहेका छन्। जडिबुटीमा आधारित केही स-साना उद्योगहरुले व्यवसायिक उत्पादन शुरुवात गरेको देखिन्छ। यस बाहेक चिया, मह, बेसार, अदुवा, भटमास जस्ता कृषिजन्य

घरेलु उत्पादन पनि क्रमशः व्यवसायिक हुँदै गरेको देखिन्छ । यस नगरपालिकामा चिया उद्योग ९ वटा रहेको देखिन्छ ।

### अन्य सामाजिक सेवाहरु

**शैक्षिक पूर्वाधारहरु :** यस नगरपालिकामा सामुदायिक तथा संस्थागत रुपमा शैक्षिक संस्थाहरु सञ्चालित छन् । नगरपालिकामा ३७ बाल विकास केन्द्रहरु, ३९ आधारभूत, ४९ माध्यमिक विद्यालय, ४ क्याम्पसहरु, ३ बेद आश्रम, २ मदरसा, गुम्बा तथा दृष्टि विशेष एक-एक एवं ५ प्राविधिक शिक्षालयहरु रहेका छन् । यहाँको ५ वर्ष माथिको जनसंख्याको साक्षरता दर ८५% रहेको छ ।

**स्वास्थ्य संस्था :** नगरपालिकामा एक नगर अस्पताल, ९ निजी अस्पताल, शहरी स्वास्थ्य केन्द्रहरु लगायत बर्थिङ्ग केन्द्रहरुबाट स्वास्थ्य सेवा उपलब्ध छ ।

### प्राकृतिक तथा पर्यटकीय सम्पदा

यस नगरपालिकामा उष्ण (Tropical) देखि समशितोष्ण (Temperate Climate) मा हुने वन्यजन्तु तथा वनस्पतिहरु रहेका छन् । यस नगरपालिकामा हालसम्म ३ वटा सामुदायिक वनहरुलाई वन उपभोक्ता समुहमा हस्तान्तरण गरिएको छ जसमा हम्से दुम्से सामुदायिक वनको क्षेत्रफल ६३१.५० हेक्टर, रमा सामुदायिक वन १९८ हेक्टर मध्ये ३८ हेक्टर क्षेत्रफल औद्योगिक कोरिडर छुट्याइएको छ र हिमालय सामुदायिक वन वडा नं. १ मा ३ हेक्टर क्षेत्रफल रहेको छ । हस्तान्तरित सामुदायिक वनले यस नगरपालिकामा ६७७ हेक्टर क्षेत्रफल ओगटेको छ । जसबाट यस नगरपालिकाका ५००० भन्दा बढी घरधुरी प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा लाभान्वित भएको देखिन्छ ।

यस नगरपालिकाको प्राकृतिक सौन्दर्यता, नदीहरु र धार्मिक स्थलहरुको रामणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरुको आकर्षण हुने गरेको छ । यस नगरपालिकामा रहेको सांस्कृतिक विविधता र प्राकृतिक सौन्दर्यता नै यहाँको पर्यटकीय आकर्षण हो । चुरे क्षेत्र देखि समथर भु-भागसम्म रहेको यस नगरपालिका धार्मिक तथा सांस्कृतिक, जैविक विविधता र सबै जातजातीको बसोबास रहेकोले पर्यटकीय नगरको रुपमा विकसित हुँदै आएको देखिन्छ ।

### जैविक विविधता

यस नगरपालिकामा पाइने प्रमुख वनस्पतिका प्रजातिहरुमा मसल, टिक, साल, कदम, सिसौ, सिरिश आदि हुन् । यसैगरी घिस्रने जन्तुहरुमा धामन, तिरिच, घोरगराईच, हरियो काना, सुगा सर्प, पानी सर्प, डोम जातका सर्प, गोहोरा, सुन गोहोरा, आदि पाइन्छन् । यसैगरी चराचुरुङ्गीहरुमा राज धनेश, मयुर, कालो तित्रा, सिम तित्रा, लुईंचे, खैरो धनेश, सुगा, कण्ठे सुगा, गिद्ध, लाटोकोसेरो, खैरो हाँस, सानो माटोकोरे, भुद्रुङ, चिल, काँडे बाज, बकुला, मलेवा आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरु पाइन्छन् ।

## २.२ नगरपालिकाको मानव संशाधनको अवस्था

### संगठनात्मक संरचना

दमक नगरपालिकाको कार्यालयमा कुल १८ शाखाहरु तथा ७ उपशाखाहरुको संगठनात्मक संरचना रहेको छ। प्रमुख प्रशासकिय अधिकृत रा.प.द्वि (उपसचिव स्तर) को दरबन्दी रहेको छ। करार सेवा बाहेक कार्यालयमा २०५ जनाको दरबन्दी रहेको देखिन्छ । यसैगरी नगरपालिका अन्तर्गत १० वटा वडा कार्यालयहरु रहेका छन् ।

प्रमुख प्रशासकिय अधिकृत अन्तर्गत राजस्व प्रशासन शाखामा कर अधिकृत एक (अधिकृत छैटौं/सातौं), कर निरीक्षक एक (सहायक पाँचौं) र कर सहायक (सहायक चौथों) गरी जम्मा तीनवटा दरबन्दी रहेकोमा हाल

कर निरीक्षकको दरबन्दी रिक्त रहेको छ । अधिकांश राजस्व सङ्कलन कार्य वडा कार्यालयहरु मार्फत हुने गर्दछ । वडा कार्यालयहरुमा वडा सचिव तथा करारमा कर्मचारी परिचालन गरिएको छ ।

राजस्व प्रशासन शाखामा कम्प्युटर, प्रिन्टर लगायत फर्निचरको पर्याप्त बन्दोबस्त रहेको छ । कर अभिलेख तथा बिलिङ्ग प्रणाली सफ्टवेयर मार्फत हुने गरेको छ । साथै वडा कार्यालयसँग नेटवर्किङ्ग सुविधा प्राप्त छ । सेवाग्राहीका लागि विश्राम स्थलको उचित प्रबन्ध छ । राजस्व सङ्कलन कार्यलाई अझ प्रभावकारी बनाउन वडा स्तरका कर्मचारी लगायत राजस्व शाखाका कर्मचारीहरुलाई सफ्टवेयर, कम्प्यूटर, राजस्व प्रशासन विषयमा थप सीप प्रदान गर्नुपर्ने हुन्छ । यसका लागि तालिम, अवलोकन भ्रमण सञ्चालन गर्नुपर्ने हुन्छ । यस बाहेक राजस्व सङ्कलनमा संलग्न कर्मचारीहरुलाई थप उत्प्रेरणका प्याकेजको व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

## २.३ नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था

यो नगरपालिका धेरै पुरानो भएको तथा स्थानीय तह पुनर्संरचनामा समेत यसको भौगोलिक क्षेत्रमा परिवर्तन नभएको हुँदा भौतिक सम्पत्तिहरु व्यवस्थित रुपमा रहेका छन् ।

यस नगरपालिकाको जम्मा करिब १९ बिघा, १३ कठ्ठा र १६ धुर (वा सो बराबर) जग्गा रहेको देखाउँछ । वडागत रुपमा जग्गाको अवस्थिति तथा क्षेत्रफल **तालिका ४** देखाइएको छ । वडा नं. ५ मा मात्र नगरपालिकाको जग्गा रहेको छैन ।

**तालिका ४: नगरपालिकाको जग्गाको वडागत विवरण (क्षेत्रफलः बिघा, कट्ठा, धुर)**

| वडा नं. | बिघा | कठ्ठा | धुर |
|---|---|---|---|
| १ | ० | १३ | ५.५ |
| २ | ० | ० | १२ |
| ३ | १ | १२ | १ |
| ४ | १ | ० | १० |
| ५ | ० | ० | ० |
| ६ | २ | ५ | १४ |
| ७ | ७ | १७ | १.५ |
| ८ | ० | १८ | १० |
| ९ | ४ | १४ | ० |
| १० | ० | १० | २ |
| **जम्मा** | **१९** | **१३** | **१६** |

*स्रोत : दमक नगरपालिका, जिन्सी शाखाको अभिलेख*

यी जग्गाहरुमा नगरपालिका कार्यालयका भवनहरु, वडा कार्यालयहरु, सभागृह, व्यवसायिक भवनहरु, बसपार्क, पशु हाट, पशु बधशाला, पसल/सटर, स्वास्थ्य क्लिनिक/केन्द्र अस्पताल, कभर्ड हल, संग्रहालय आदि संरचनाहरु रहेका छन् । यस बाहेक प्रयोगमा नरहेका खाली जग्गाहरु पनि विभिन्न वडाहरुमा रहेको छन् । अन्य भौतिक सम्पत्तिहरुमा एम्बुलेन्स, शवबाहन, सफाईका सवारी साधनहरु, लगायत कार्यालय प्रयोजनका सवारी साधनहरु रहेका छन् । नगरपालिका तथा वडा कार्यालयहरुमा पर्याप्त मात्रामा बन्दोवस्तीका सामानहरु (फर्निचर, कम्प्यूटर, प्रिन्टर, इन्टरनेट र नेटवर्क) पर्याप्त छन् ।

# परिच्छेद - तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

स्थानीय तहको राजस्वको परिचय, स्थानीय तहलाई प्राप्त राजस्व सम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि नगरपालिकाका तर्फबाट गरिएका कानूनी व्यवस्था र नगरपालिकाको राजस्व सङ्कलनको अवस्था, सम्भावना तथा सुधारका पक्षहरु शीर्षकगत रुपमा यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

## ३.१ पृष्ठभूमि

स्थानीय तहलाई संविधानले निश्चित स्रोतमा राजस्व लगाउने तथा उठाउने अधिकार प्रदान गरेको छ । यी राजस्वका स्रोतहरु कर र गैरकर प्रकृतिका छन् । कर राजस्व अन्तर्गत नगरपालिकाबाट उपभोग मापन गर्न नसकिने सेवा तथा सुविधाहरु (सार्वजनिक वस्तुहरु) उपलब्ध गराउनको लागि जुटाईने रकमहरु पर्दछन् भने गैरकर राजस्व अन्तर्गत नियमन गरिदिए वापत लिईने दस्तुर, उपभोग मापन गर्न सकिने निजी वस्तुहरुमा सेवा उपलब्ध गराए वापत लिईने सेवा शुल्क र उपयोगी बस्तु (युटिलिटी) उपयोगको आधारमा लिईने महशुल जस्ता स्रोतहरु पर्दछन् ।

करका आधारहरु मुख्यतः तीन किसिमका हुन्छन् । (१) भूमिकर (मालपोत) तथा घरजग्गा कर आर्जन गरेको सम्पत्तिका आधारमा उक्त सम्पत्तिको स्वामित्व ग्रहण गर्नेले नियमानुसार नगरपालिकालाई सम्पत्ति कर तिर्नु पर्दछ ।(२) नगरपालिका क्षेत्रभित्र घरजग्गा वहाल लगाई आम्दानी गर्ने करदाताले नगरपालिकालाई आम्दानी गरेको आधारमा वहाल कर तिर्नु पर्दछ । (३) मनोरञ्जन कर, विज्ञापन कर, सवारी साधन कर र व्यवसाय करहरु वस्तु तथा सेवामा आधारित हुने गर्दछ । यस्ता वस्तुहरुको सेवा लिए वापत सेवाग्राहीले नगरपालिकालाई कर तिर्नु पर्दछ । नगरपालिकाले आर्थिक ऐन तर्जुमा तथा कार्यान्वयन गर्दा निम्नानुसारका कर राजस्व सम्बन्धी सर्वमान्य सिद्धान्तलाई ध्यानमा राख्नु पर्दछ ।

(क) कर तिर्न सक्ने क्षमताको आधारमा ।
(ख) कर प्रणाली समता र न्यायमा आधारित रहने गरी ।
(ग) सरल, पारदर्शी र मितव्ययी हुनेगरी ।
(घ) नागरिकलाई सुविधा हुने किसिमबाट ।
(ङ) स्वेच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरण सृजना गरेर ।
(च) करको आधार, करको दर र कर तिर्ने स्थान र अवधि निश्चित गरेर ।

नगरपालिकाले गैरकर राजस्व लगाउँदा र उठाउँदा उपलब्ध गराउने सेवा, सहुलियत र सुविधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी लगाउनु तथा उठाउनु पर्दछ ।

स्थानीय तहलाई प्राप्त राजस्व सम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि गरिएका कानूनी व्यवस्था र नगरपालिकाको राजस्व सङ्कलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतिहरु शीर्षकगत रुपमा यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

## ३.२ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था

नेपालको संविधानको अनुसूची ८ ले स्थानीय तहलाई विभिन्न किसिमका वित्तीय तथा राजस्व सम्बन्धी अधिकार प्रदान गरेको छ । खासगरी राजस्व अधिकार अन्तरगत सम्पत्ति कर, घरजग्गा बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवाशुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर ( मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर रहेका छन् । यी वित्तीय अधिकारहरु स्थानीय तहको एकल अधिकारका रुपमा संविधानले तोकेको छ । साथै, संविधानको अनुसूची ९ ले तीनै तहका सरकारको साझा

अधिकारका रुपमा सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क आदिलाई मानेको छ । नेपालको संविधानको अनुसूची ६ अनुसार घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवाशुल्क दस्तुर, दण्ड जरिवाना आदि प्रदेश सरकारको वित्तीय अधिकारक्षेत्रको रुपमा व्यवस्था गरेको छ । साथै अनुसूची ५ अनुसार संघीय सरकारले भन्सार, अन्तशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर तथा राहादानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क र दण्ड जरिवाना जस्ता गैर करहरु लगाउँदै आएको छ । कुनै पनि तहको सरकारले कर लगाउन सक्ने भनेर उल्लेख नभएका विषयमा कर लगाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे अनुसार हुने व्यवस्था समेत संविधानले गरेको छ ।

नेपालको संविधान अनुसार तीन तहको सरकारको राजस्व सम्बन्धी एकल तथा साझा अधिकारहरु निम्नानुसार **तालिका ५** मा प्रस्तुत गरिएको छ ।

**तालिका ५: तहगत सरकारको राजस्व अधिकार**

| एकल अधिकार | | | साझा अधिकार |
|---|---|---|---|
| **संघ** | **प्रदेश** | **स्थानीय** | **तीन तहको साझा** |
| • भन्सार<br>• अन्तःशुल्क<br>• मूल्य अभिवृद्धि कर<br>• संस्थागत आयकर<br>• व्यक्तिगत आयकर<br>• पारिश्रमिक कर<br>• राहदानी शुल्क<br>• भिसा शुल्क<br>• पर्यटन दस्तुर<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिबाना | • घरजग्गा रजिष्ट्रेशन शुल्क,<br>• सवारी साधन कर<br>• मनोरञ्जन कर<br>• विज्ञापन कर<br>• पर्यटन शुल्क<br>• कृषि आयमा कर<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिवाना | • सम्पत्ति कर<br>• घर-जग्गा रजिष्ट्रेशन शुल्क<br>• भूमिकर (मालपोत)<br>• घर जग्गा बहाल कर<br>• सवारी साधन कर<br>• व्यवसाय कर<br>• विज्ञापन कर<br>• मनोरञ्जन कर<br>• पर्यटन शुल्क<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिवाना | • सेवा शुल्क, दस्तुर,<br>• दण्ड जरिवाना<br>• प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी,<br>• पर्यटन शुल्क |

*स्रोत : नेपालको संविधान, अनुसूची ५, ६, ८, ९*

**अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४** ले एकल कर प्रशासनको मान्यता अनुरुप प्रदेश सरकार र स्थानीय सरकारका एकल अधिकार क्रमशः अनुसूची ६ र ८ मा दोहोरो पर्न गएका घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर र विज्ञापन करबाट प्राप्त आयलाई एउटा तहको सरकारले उठाई आपसमा बाँडफाँट गर्ने व्यवस्था मिलाएको छ । यस व्यवस्था अनुसार घरजग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानून बमोजिम दर निर्धारण गरी हाललाई नेपाल सरकारले तोकेको निकाय मार्फत उठाई सम्बन्धित स्थानीय तहलाई साठी प्रतिशत र प्रदेश सरकारलाई चालीस प्रतिशतका दरले बाँडफाँट गर्ने, सवारी साधन कर प्रदेश सरकारले उठाई साठी प्रतिशत रकम प्रदेश सरकारले र चालीस प्रतिशत स्थानीय तहले पाउने गरी बाँडफाँट गर्ने, मनोरञ्जन कर प्रदेश कानून बमोजिम स्थानीय तहले उठाई साठी प्रतिशत स्थानीय तह र चालीस प्रतिशत प्रदेश सरकारले पाउने गरी बाँडफाँट गर्ने र विज्ञापन कर स्थानीय कानून बमोजिम स्थानीय तहले उठाई साठी प्रतिशत रकम आफुले राखी चालीस प्रतिशत प्रदेश सरकारलाई उपलब्ध गराउनु पर्ने प्रावधान छ ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट गर्ने व्यवस्था छ । सो व्यवस्था अनुसार नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच संघीय कानून बमोजिम प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट गर्न नेपाल सरकारले एक संघीय विभाज्य कोष खडा गरी त्यस्तो रोयल्टीबाट प्राप्त रकम सो कोषमा जम्मा गर्नु पर्दछ । जस अनुसार पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतवाट प्राप्त हुने रोयल्टीको ५० प्रतिशत नेपाल सरकारले, २५

प्रतिशत रकम सम्बन्धित प्रदेशले र २५ प्रतिशत रकम स्थानीय तहलाई बाँडफाँट गर्नुपर्ने व्यवस्था गरेको छ । शीर्षकगत तीन तहबीचमा बाँडफाँट हुने रोयल्टी सम्बन्धी विवरण **तालिका ६** प्रस्तुत गरिएको छ ।

**तालिका ६: प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट सम्बन्धी व्यवस्था (प्रतिशतमा)**

| क्र.स. | रोयल्टीको शीर्षक | नेपाल सरकार | सम्बन्धित प्रदेश | सम्बन्धित स्थानीय तह |
|---|---|---|---|---|
| १ | पर्वतारोहण | ५० | २५ | २५ |
| २ | विद्युत | ५० | २५ | २५ |
| ३ | वन | ५० | २५ | २५ |
| ४ | खानी तथा खनिज | ५० | २५ | २५ |
| ५ | पानी तथा अन्य प्राकृतिक स्रोत | ५० | २५ | २५ |

**द्रष्टब्य:**

*(१) नेपाल सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तह (सम्बन्धित स्थानीय तह, जिल्ला समन्वय समिति) लाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रुपमा प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट तथा वितरण गर्नेछ ।*

*(२) यस अनुसूची बमोजिम नेपाल सरकार, प्रदेश र स्थानीय तहलाई गरिने प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट आयोगको सिफारिसमा नेपाल सरकारले प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गर्न सक्नेछ ।*

*स्रोत : अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, दफा ४ ।*

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादन तर्फको अन्तःशुल्क वापत प्राप्त रकमको ७० प्रतिशत नेपाल सरकारले, १५ प्रतिशत प्रदेश र १५ प्रतिशत स्थानीय तहले पाउने व्यवस्था गरेको छ । तीन तहबीचमा बाँडफाँट हुने राजस्व सम्बन्धी विवरण **तालिका ७** मा प्रस्तुत गरिएको छ ।

**तालिका ७: राजस्व बाँडफाँट सम्वन्धी व्यवस्था (प्रतिशतमा)**

| क्र.स. | राजस्व शीर्षकहरु | दर निर्धारण र सङ्कलन | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय सरकार |
|---|---|---|---|---|---|
| १ | मुल्य अभिवृद्धि कर | नेपाल सरकार | ७० | १५ | १५ |
| २ | अन्तः शुल्क | नेपाल सरकार | ७० | १५ | १५ |

*स्रोत : अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, दफा ६ ।*

## ३.३ स्थानीय तहको राजस्व अधिकारको शीर्षकगत व्यवस्था

स्थानीय तहको राजस्व सम्बन्धी एकल तथा साझा अधिकारहरूको शीर्षकगत व्यवस्था निम्नानुसार गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को गाउँपालिका तथा नगरपालिकाको काम, कर्तब्य र अधिकार अन्तरगत दफा ११ को उपदफा २ मा स्थानीय कर सेवा शुल्क तथा दस्तुर अन्तरगत निम्न अनुसारको प्रावधानहरू रहेका छन् ।

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), मनोरञ्जन कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

(२) स्थानीय पूर्वाधार तथा सेवाको शुल्क निर्धारण, सङ्कलन र व्यवस्थापन

(३) ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, ऱ्याफ्टिङ, मोटरबोट, केवलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क,
(४) जडीबुटी, कवाडी र जीवजन्तु कर निर्धारण तथा सङ्कलन
(५) स्थानीय राजस्वको आधार विस्तार तथा प्रवर्द्धन,
(६) ढुंगा गिट्टी बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट खरीढुंगा, आदि प्राकृतिक वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर सङ्कलन
(७) प्रचलित कानून बमोजिम गने सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर निर्धारण र सङ्कलन,
(८) स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन, प्रवर्द्धन
(९) राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान,
(१०) सङ्घीय तथा प्रदेश कानूनको अधिनमा रही स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
(११) स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शल्क दस्तुर सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
(१२) मालपोत सङ्कलन,
(१३) कर तथा सेवा शुल्क सम्बन्धी अन्य कार्य ।

परिच्छेद ३ को गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तरगत कै दफा ११ को उपदफा ४ घ मा सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना, तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी पर्यटन शुल्कको प्रावधान अन्तरगत निम्न अनुसारका व्यवस्था रहेका छन् ।

(१) स्थानीय सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना सम्बन्धी नीति, कानून, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन र नियमन
(२) प्राकृतिक स्रोत साधन र सेवा शुल्क, रोयल्टी सङ्कलन, समन्वय र नियमन,
(३) खनिज पदार्थको उत्खनन् र सो सम्बन्धी रोयल्टी सङ्कलन,
(४) सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी सङ्कलन,
(५) पानीघट्ट, कुलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन ।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ गाउँपालिका तथा नगरपालिकाको वित्तीय अधिकार क्षेत्रमा गाउँपालिका तथा नगरपालिकाको राजस्व सम्बन्धी निम्न प्रावधानहरू रहेका छन् ।

**(१) सम्पत्ति कर (स्थानीय तहको एकल अधिकार)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ (१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउनेछ । (२) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा दफा ५६ बमोजिम भूमिकर (मालपोत) लगाउनु पर्नेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि “घरले चर्चेको जग्गा” भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकत्म सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनु पर्छ ।

(३) उपदफा (१) को प्रयोजनको लागि घर र घरजग्गाको मूल्याङ्कन देहायको आधारमा गर्नु पर्नेछ :

(क) घर र घरजग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था,
(ख) घर र घरजग्गाको चलनचल्तिको मूल्य र घरको ह्रास मूल्य,
(ग) घर र घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था ।

(४) उपदफा (१) बमोजिम घर र घरजग्गाको सम्पत्ति करको र निर्धारण गर्दा नागरिकको जीवनस्तर, आर्थिकस्तर र कर तिर्न सक्ने क्षमताको आधारमा गर्नु पर्नेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको घर र घरजग्गामा सम्पत्ति कर लगाउन पाईने छैन :

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गा,
(ख) सरकारी अस्पतालको घर र घरजग्गा,
(ग) गुठीको स्वामित्वमा रहेको घर र जग्गा,
(घ) मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर र घरजग्गा,
(ङ) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका संघ, संस्थाको घर र घरजग्गा,
(च) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर र घरजग्गा,
(छ) खानेपानी संकलन पोखरी, विद्युतगृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार, विमानस्थल, वसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु,
(ज) राजदुतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका घर र घरजग्गा ।

### (२) भूमिकर (मालपोत) (स्थानीय तहको एकल अधिकार)

गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको दफा ५५ बमोजिम सम्पत्ति कर लागेको घरजग्गा बाहेकको अन्य जग्गामा भूमिकर (मालपोत) लगाउने छ (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७) ।

### (३) घर जग्गा वहाल कर (स्थानीय तहको एकल अधिकार)

गाउँपालिका वा नगरपालिकाको क्षेभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा गाउँपालिका वा नगरपालिकाले त्यस्तो वहाल रकममा वहाल कर लगाउने छ (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७) ।

### (४) व्यवसाय कर (स्थानीय तहको एकल अधिकार)

गाउँपालिका वा नगरपालिकाको आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय, वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने छ (स्थानीय सरकार सञ्चालन ऐन, २०७४, दफा ५८) ।

### (५) पार्किङ्ग शुल्क (स्थानीय तहको एकल अधिकार)

गाउँपालिका वा नगरपालिकाको आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत पार्किङ्ग शुल्क लगाउन सक्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६०) ले गरेको छ ।

### (६) जडीबुटी, कवाडी र जीवजन्तु कर (एकल अधिकार)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को घ. (४) अनुसार गाउँपालिका तथा नगरपालिकाले जडीबुटी, कवाडी र जीवजन्तु कर निर्धारण तथा सङ्कलन गर्न सक्ने व्यवस्था गरेको छ ।

गाउँपालिका तथा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस (खर), कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग गरे वापत गाउँपालिका तथा नगरपालिकाले जडीबुटी, कवाडी तथा जीवजन्तु कर लगाउने प्रबन्ध स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ ले गरेको छ ।

कवाडी कर लगाउँदा कवाडी मालवस्तु उत्पति र सङ्कलन भएको सम्बन्धित स्थानीय तहको क्षेत्रमा एकपटक मात्र कर लिन पाउने र कवाडी मालवस्तुको प्रयोग गरी उत्पादित वस्तुमा कर लिन नपाउने हुन्छ। *(संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।१०।२५ को परिपत्र बमोजिम)*।

**जीवजन्तु र चौपायाको व्यापार व्यवसाय गर्ने** व्यवसायीबाट व्यवसाय कर वा हाटबजारमा खरिद बिक्री भएको अवस्थामा बाहेक अन्य कुनै किसिमको कर शुल्क आदि उठाउन नमिल्ने। यस्तो रकम राजमार्गमा ढाट वा तगारो राखी असुल गर्न तथा बिदेशबाट निकासी हुने चौपाया वा जीवजन्तुमा समेत राजमार्गमा ढाट वा तगारो राखी रकम असुल गर्ने व्यवस्था कानून सम्मत नभएको *(संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।६।१८ को परिपत्र बमोजिम)*

### (७) सवारी साधन कर (प्रदेश र स्थानीय तहबीचको साझा अधिकार)

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ को उपदफा १ को खण्ड (क) अनुसार सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने छ। तर **टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा**मा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र कर उठाउने छ। यसका अतिरिक्त ऐनको दफा ६ (क) अनुसार प्रदेशले लगाएको र उठाएको सवारी साधन कर वापतको रकम प्रदेश सरकारले प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने, त्यसरी जम्मा भएको रकममध्ये ६० प्रतिशत प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहहरुलाई बाँडफाँट गर्नुपर्ने व्यवस्था छ।

### (८) विज्ञापन कर (प्रदेश र स्थानीय तहवीचको साझा अधिकार)

विज्ञापन (नियमन) गर्ने ऐन, २०७६ अनुसार "विज्ञापन" भन्नाले कुनै वस्तु, सेवा, कार्यक्रम वा अवसरको बारेमा छापा, विद्युतीय माध्यम, अनलाइन, सामाजिक संजाल, होडिङ्ग बोर्ड, बेलुन वा कुनै संरचना लगायतका माध्यमबाट सार्वजनिक रुपमा प्रचार प्रसार गरिएको वा प्रचार प्रसार गर्ने उद्देश्यले तयार गरिएका शब्द, बाक्य, चित्र, तस्विर, संकेत, पोष्टर, पर्चा, प्रकाश, चिन्ह, संरचना वा जुनसुकै किसिमको श्रव्य, दृश्य वा श्रव्य दृश्य सम्झनु पर्छ (दफा २ को ङ)।

"होर्डिङ्ग बोर्ड" भन्नाले विज्ञापन प्रदर्शनको लागि राखिएको वा राखिने साधन सम्झनु पर्छ र सो शब्दले डिजिटल डिस्प्ले, चलदृश्य बोर्ड, एलसीडी बोर्ड, लिड बोर्ड, रोलर बोर्ड, ग्लो बोर्ड, नियोन साइन, प्रोजेक्टर, स्टल डिस्प्ले वा यस्तै अन्य प्रविधि वा प्रकारका वाह्य विज्ञापनको साधनलाई समेत जनाउँछ (दफा २ को छ)।

सार्वजनिक स्थलबाट देखिने गरी होर्डिङ्ग बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न चाहने व्यक्तिले सम्बन्धित स्थानीय तहबाट अनुमतिपत्र लिनु पर्नेछ (दफा ४)।

होर्डिङ्ग बोर्ड वा प्रचलित कानून बमोजिम स्थानीय तहबाट अनुमति प्राप्त गरी स्थानीय स्तरमा सञ्चालन भएका छापा वा विद्युतीय सञ्चार माध्यमबाट हुने वा भएका विज्ञापनमा यस ऐन तथा प्रचलित कानून बमोजिमको मापदण्ड पुरा गरे नगरेको विषयको अनुगमन तथा नियमनको काम सम्बन्धित स्थानीय तहले गर्नेछ (दफा २४)।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ को १ (घ) बमोजिम विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने व्यवस्था गरेको छ भने सोही ऐनको दफा २ अनुसार विज्ञापन करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ।

प्रदेश नं. १ को आर्थिक ऐन, २०७९ को दफा ९ मा विज्ञापन कर सम्बन्धित स्थानीय तहले स्थानीय कानून बमोजिम लगाउने र उठाउने व्यवस्था रहेको छ। यसमा स्थानीय तहको केन्द्र लगायत मुख्य मुख्य बजार तथा व्यापारिक केन्द्रहरुमा विज्ञापन कर लगाउने पर्नेछ। यसरी असुल भएको रकमलाई विभाज्य कोषमा

राखी सोमध्ये ६० प्रतिशत सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्नु पर्ने र बाँकी ४० प्रतिशत मासिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था गरेको छ ।

**(९) मनोरञ्जन कर (प्रदेश र स्थानीय तहबीचको साझा अधिकार)**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ को १ (ग) बमोजिम मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने व्यवस्था गरेको छ भने सोही ऐनको दफा २ अनुसार मनोरञ्जन करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ ।

प्रदेश नं. १ को आर्थिक ऐन, २०७९ को दफा ५ को अनुसूची ३ अनुसार प्रदेशभित्र सञ्चालित चलचित्र घर, खेलकूद प्रतियोगिता, फन पार्क, पार्क, स्वीमिङ पुल, डिजिटल टेलिभिजन, साँस्कृतिक कार्यक्रम, कन्सर्ट, नाटकघर, भिडियो घर, थियटर वा मेला महोत्सव लगायतका मनोरञ्जन स्थल र क्रियाकलापमा मनोरञ्जन कर लगाई असुल गर्ने व्यवस्था छ । मनोरञ्जन करबाट उठेको रकम मनोरञ्जन व्यवसाय सञ्चालक वा धनीले कर उठाएको महिनाभन्दा पछिको महिनाको २५ गतेभित्र सम्बन्धित स्थानीय तहमा जम्मा गर्नुपर्ने, यस करको प्रशासन सम्बन्धित स्थानीय तहले गर्नुपर्ने र असुल भएको रकमलाई विभाज्य कोषमा जम्मा गरी सो मध्ये साठी प्रतिशत सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गरी बाँकी चालीस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ ।

**(१०) अन्य कर**

माथि उल्लेख भएका वाहेक भैपरी रुपमा आउन सक्ने करहरुलाई अन्य कर अन्तरगत आम्दानी गर्ने गरिन्छ ।

**(११) बिक्री गर्न सक्ने (एकल अधिकार/साझा अधिकार)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नदीजन्य वस्तु सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन तथा बिक्री सम्बन्धमा निम्नानुसारको व्यवस्था गरेको छ ।

(क) ढुङ्गा, गिट्टी, बालुवा, माटो तथा स्लेट जस्ता वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन (दफा ११ को प को ७)

(ख) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्नेछ (दफा ६२ क. को १) । उपदफा १ बमोजिम बिक्री वापत प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ (दफा ६२ क. को ३, केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०७५ द्वारा थप) ।

तर, नेपाल सरकार मन्त्रिपरिषदद्वारा जारी गरेको ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले यस सम्बन्धमा निम्नानुसारको व्यवस्था गरेको छ ।

(ग) ढुङ्गा, गिट्टी तथा बालुवा आदिको सङ्कलन, स्थानान्तरण तथा बिक्री सम्बन्धी कार्य सम्बन्धित गाउँपालिका वा नगरपालिकाले ठेक्का बन्दोवस्त वा अन्य उपयुक्त व्यवस्था गरी गर्न सक्नेछ ।

(घ) तर राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रको ढुङ्गा, गिट्टी तथा बालुवा तथा माटोजन्य पदार्थको उत्खनन् तथा सङ्कलन सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ । वन तथा चुरे क्षेत्रबाट सामान्यतया ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् गरिने छैन ।

(ङ) तर राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको सहमतिमा र स्वीकृत मापदण्ड अनुसार वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित विधि अनुसार सम्बन्धित गाउँपालिका वा नगरपालिकाले प्रचलित कानून तथा मापदण्ड बमोजिम ठेक्का बन्दोवस्त गर्नु पर्नेछ ।

(च) नगरपालिकाले यस मापदण्ड बमोजिम साधारण निर्माणमुखी खानीजन्य र नदीजन्य पदार्थको बिक्री एवम् अनुमति वा नवीकरण शुल्क वा करबाट सङ्कलित राजस्वमध्ये ६० प्रतिशत रकम सम्बन्धित गाउँपालिका वा नगरपालिका र बाँकी ४० प्रतिशत रकम प्रदेश सरकारको सञ्चित कोषमा जम्मा हुनेगरी बाँडफाँट गर्नु पर्नेछ ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रतिवेदन, २०७७ ले ढुङ्गा, गिट्टी तथा बालुवा आदिको सङ्कलन, स्थानान्तरण तथा बिक्री सम्बन्धी निम्नानुसार सिफारिस गरेको छ ।

(१) ढुङ्गा, गिट्टी तथा बालुवा (नदीजन्य पदार्थ) सम्बन्धी स्रोतको परिचालन, व्यवस्थापन, अनुगमन, नियन्त्रण, निर्देशन एवम् नियमन गर्ने सम्बन्धमा संघीय संरचना बमोजिमका तीनवटै तहका सरकारको संलग्नतामा यसको सञ्चालन, व्यवस्थापन र नियमन गर्ने गरी कानूनी बन्दोवस्त गरिनु पर्दछ ।

(२) नेपाल सरकारले स्वीकृत गरी जारी गरेको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन मापदण्ड (पहिलो संशोधन, २०७९) ले यसरी ठेक्का लगाउँदा वा यदाकदा आफैले सङ्कलन गरेको ढुङ्गा, गिट्टी, बालुवाबाट उठेको राजस्व को ६० प्रतिशत स्थानीय सञ्चित कोषमा दाखिला हुने र बाँकी ४० प्रतिशत सम्बन्धित प्रदेश सरकारको खातामा जम्मा गर्ने व्यवस्था गरेको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, २०७८ को प्रतिवेदन अनुसार यो व्यवस्था संघीय कानूनसँग बाझिन गई प्रदेश तथा स्थानीय तहबीच राजस्व बाँडफाँटमा विवाद सिर्जना भएको छ । साथै स्थानीय तहले आफ्नो सञ्चित कोषमा जम्मा गरेको रकम बाँडफाँट गर्ने विषय प्रचलित राजस्व बाँडफाँटका मान्यतासँग समेत मेल खाने देखिदैन । तसर्थ यस सन्दर्भमा खानीजन्य र नदीजन्य पदार्थलाई परिभाषित गरी विवादहरुको दिगो समाधानमा जोड दिनु पर्दछ ।

### (१२) बहाल बिटौरी शुल्क (स्थानीय तहको एकल अधिकार)

नगरपालिकाको आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेको संरचनाको उपयोग वापत बहाल बिटौरी शुल्क लगाउने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५९ मा रहेको छ ।

### (१३) नक्सापास

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ (१) अनुसार कसैले पनि गाउँपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न पाईदैन । तर, गाउँपालिका वा नगरपालिकाले तोकेको क्षेत्र र संरचनाको हकमा नक्सा पास नगराई पनि भवन निर्माण गर्न बाधा पर्ने छैन । साथै सोही उपदफा (३) मा गाउँपालिका वा नगरपालिकाको पूर्व स्वीकृति नलिई भवनका लागि जग्गाको खण्डीकरण वा प्लटिङ गर्न नपाइने व्यवस्था समेत रहेको छ ।

### (१४) व्यवसाय दर्ता/नवीकरण शुल्क

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) ञ (६) मा स्थानीय स्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमनको अधिकार स्थानीय तहलाई रहेको छ ।

### (१५) पार्किङ्ग शुल्क (स्थानीय तहको एकल अधिकार)

नगरपालिकाको आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत पार्किङ्ग शुल्क लगाउन सक्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६० ले गरेको छ ।

### (१६) सेवा शुल्क (स्थानीय तहको एकल अधिकार)

नगरपालिकाको आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ, कायाकिङ, बञ्जीजम्प, जिपफ्लायर, ऱ्याफ्टिङ, प्याराग्लाईडिङ लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ को १ ले व्यवस्था गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ को २ अनुसार गाउँपालिका तथा नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे वापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्नेछ ।

(क) खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा
(ख) फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,
(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायमशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रबास (होस्टेल), हाटबजार, पशु वधशाला, शव दाहगृह, धोवीघाट, र त्यस्तै अन्य सुविधा,
(घ) सडक, बसपार्क, ढल, पुल, बत्ती जस्ता सेवा,
(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,
(च) सिफारिस सम्बन्धी कुनै सेवा ।

माथि उपदफा (१) र (२) मा उल्लिखित सेवा सुविधा उपलब्ध गराउने वा त्यस्तो सेवा सुविधा उपयोग गरे वापत लाग्ने सेवा शुल्क उठाउने कार्य आफै वा व्यवस्थापन करार वा निजी क्षेत्र मार्फत गराउन सक्ने कानूनी प्रावधान स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ को ३ ले गरेको छ ।

### (१७) सामुदायिक वनबाट आय प्राप्त गर्न सक्ने (एकल अधिकार)

सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्नेछ । उपदफा (१) बमोजिम वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गर्नु पर्नेछ (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ ख.) ।

वन नियमावली, २०७९ को नियम ४५ मा सामुदायिक वन उपभोक्ता समूहले आफ्नो समूहको दर्ता तथा कार्यक्रम सञ्चालन सम्बन्धी कागजात सहित सम्बन्धित स्थानीय तहमा अभिलेख राख्नु पर्ने व्यवस्था छ । उक्त समूहले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वर्षभरि गरेका क्रियाकलापको विवरण सहितको वार्षिक प्रगति विवरण तथा लेखापरीक्षण प्रतिवेदन समेत स्थानीय तहमा उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ । साथै स्थानीय तहले सामुदायिक वन उपभोक्ता समूहको अभिलेख अद्यावधिक गरी राख्नु पर्ने तथा प्रचलित कानून बमोजिम आवश्यक सहयोग र सहजीकरण गर्नुपर्ने व्यवस्था समेत गरेको छ ।

### (१८) घरजग्गा रजिष्ट्रेशन शुल्क (प्रदेश र स्थानीय तहबीचको साझा अधिकार)

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ उपदफा (१) मा प्रदेश र स्थानीय तह दुवैको एकल अधिकार सूचीमा रहेका करहरुलाई एकल कर प्रशासन मार्फत लगाउने र उठाउने व्यवस्था गरेको छ । सोही दफा एवं उपदफाको खण्ड (ख) ले घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिका (हाल मालपोत कार्यालयले) ले उठाउने प्रबन्ध गरेको छ । सोही दफाको उपदफा (२) अनुसार यसरी प्रदेशले लगाएको घरजग्गा रजिष्ट्रेशन शुल्कको दर बमोजिम असुल गरिएको राजस्व को ६० प्रतिशत स्थानीय सञ्चित कोष र ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरिएको छ ।

### (१९) संघ, संस्था दर्ता तथा नवीकरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) 'ठ' को १ अनुसार गाउँपालिका वा नगरपालिकाले संघ, संस्था परिचालन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने तथा (२) अनुसार स्थानीय स्तरका संघ, संस्थाको दर्ता तथा नवीकरण गर्न सक्ने व्यवस्था गरेको छ ।

### (२०) लघु, घरेलु तथा साना उद्योग

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (५) को 'घ' अनुसार गाउँपालिका वा नगरपालिकाले लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, विकास प्रवर्द्धन र व्यवस्थापन गर्ने र उद्यमशीलताको विकास र प्रवर्द्धन गर्ने थप व्यवस्था गरेको छ।

औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ६१ मा स्थानीय तहले उद्योग प्रशासन सम्बन्धी कार्य गर्न सक्ने व्यवस्था रहेको छ। सो दफामा लघु उद्यम तथा प्रदेश कानूनमा तोकिए बमोजिमको रकम सम्म स्थिर पूँजी भएका घरेलु तथा साना उद्योगको दर्ता, प्रशासन तथा नियमन सम्बन्धी कार्य सङ्घीय तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम स्थानीय तहले गर्न सक्नेछ भन्ने उल्लेख छ।

**लघु, घरेलु तथा साना उद्योग सम्बन्धी व्यवस्था**

**औद्योगिक व्यवसाय ऐन २०७६**

उद्योगको वर्गीकरण तथा स्थिर पूँजी

दफा **१७. उद्योगको वर्गीकरण:** (१) यस ऐनको प्रयोजनको लागि उद्योगहरुलाई देहाय बमोजिम वर्गीकरण उद्योग छः-

**(क) लघु उद्यम:** दफा ८ बमोजिम अनुमति लिनु पर्ने उद्योग बाहेक देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछः-

(१) घर जग्गा बाहेक बढीमा बीस लाख रुपैँयासम्मको स्थिर पूँजी रहेको,

(२) उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

(३) उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको,

(४) वार्षिक कारोबार एक करोड रुपैँया भन्दा कम रहेको,

(५) ईन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा ईन्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय ऊर्जा, ईन्धन वा अन्य तेल ईन्जिनको क्षमता बीस किलोवाट वा सोभन्दा कम रहेको।

(ख) घरेलु उद्योग: देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछ:-

(१) परम्परागत सीप र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,

(३) ईन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा पचास किलोवाटसम्मको क्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेको,

(४) अनुसूची–२ मा उल्लेख भए बमोजिमका उद्योगहरु।

**(ग) साना उद्योग:** लघु उद्यम र घरेलु उद्योग बाहेकको पन्ध्र करोड रुपैँयासम्म स्थिर पूजिँ भएको उद्योग,

**(घ) मझौला उद्योग:** पन्ध्र करोड रुपैँयाभन्दा बढी पचास करोड रुपैँयासम्म स्थिर पूजिँ भएको उद्योग,

**(ङ) ठूला उद्योग:** पचास करोड रुपैँयाभन्दा बढी स्थिर पूजिँ भएको उद्योग

सोहि ऐनको दफा ४३ को उपदफा (११) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश तथा स्थानीय तहबाट दर्ता तथा नियमन हुने उद्योगलाई जरिवाना तथा कारवाही गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित प्रदेश वा स्थानीय कानूनले निर्धारण गरे बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ।

### (२१) पर्यटन शुल्क (प्रदेश र स्थानीय तहवीचको साझा अधिकार)

प्रदेश नं. १ को आर्थिक ऐन २०७९ को दफा ८ अनुसार गाउँपालिका वा नगरपालिका भित्र रहेका उद्यान, पार्क, संग्रहालय तथा नेपाल सरकारले प्रवेश शुल्क उठाउन अनुमति दिएका प्राचिन स्मारक लगायत अन्य पर्यटकीय स्थल प्रवेश गरे वापत सम्बन्धित गाँउपालिका वा नगरपालिकाले पर्यटन शुल्क लगाई असुल उपर गर्नेछ भन्ने रहेको छ।

## ३.४ स्थानीय तहको ऋण सम्बन्धी व्यवस्था

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १४ र १५ मा स्थानीय तहको ऋण सम्बन्धमा देहाय अनुसारको व्यवस्था रहेको छ। साथै उक्त व्यवस्था बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा बित्त आयोगले प्रत्येक वर्षका लागि ऋण लिन सक्ने सीमा नेपाल सरकारलाई सिफारिस गर्ने समेत गर्दछ।

- ✓ राष्ट्रिय प्राकृतिक स्रोत तथा बित्त आयोगले सिफारिस गरेको सीमा भित्र रही नेपाल सरकारको सहमतिमा आन्तरिक ऋण लिन सक्ने व्यवस्था (योजनाको प्रतिफल र उपलब्धिका आधारमा) गरेको छ (दफा १४)।
- ✓ नेपाल सरकारले ऋण दिन सक्ने : यदि नेपाल सरकारबाट प्राप्त ऋण स्थानीय तहले सम्झौता बमोजिम उल्लेखित अवधि भित्र चुक्ता नगरेमा नेपाल सरकारले सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउने अनुदानबाट त्यस्तो ऋण रकम असुल गर्न सक्ने व्यवस्था गरेको छ (दफा १५)।

राष्ट्रिय प्राकृतिक स्रोत तथा बित्त आयोगले आर्थिक वर्ष २०७९/८० मा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट र स्थानीय तहको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउने सिफारिस गरेको छ। (राष्ट्रिय प्राकृतिक स्रोत तथा बित्त आयोग, आन्तरिक ऋणको सीमा सिफारिस आ.व. २०७९/८०, सिफारिस नं. ८ (ग)।

## ३.५ नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

दमक नगरपालिकाको मुख्य आयका स्रोतहरुमा सम्पत्ति कर, घरबहाल कर, पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर, व्यवसाय कर, कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर, नक्सापास दस्तुर लगायत विविध सेवा शुल्क तथा दस्तुर आदि रहेका छन्। गत आ.व. २०७८/७९ मा प्रस्तावित आयको अनुपातमा यथार्थ आयमा कृषि तथा पशुजन्य वस्तुको कारोबारमा लाग्ने कर, सरकारी सम्पत्तिको बहाल, परीक्षा शुल्क, नाता प्रमाणित दस्तुर आदिमा वृद्धि देखिन्छ भने भूमिकर, पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर अत्यन्त न्युन देखिन्छ। प्राकृतिक स्रोत बिक्रीबाट प्राप्त हुने आय कोशी प्रदेश सरकारबाट बाँडफाँट हुने शीर्षकमा रहेको देखिन्छ। दमक नगरपालिकाले परिचालन गरेको यथार्थ तथा प्रस्तावित आन्तरिक आयको विवरण **तालिका ८** मा दिइएको छ।

**तालिका ८: नगरपालिकाको यथार्थ आन्तरिक आयको विवरण (रकम रु.)**

| क्र. सं. | संकेत नं. | आय शीर्षक | आ.व. २०७६/७७ (यथार्थ) | आ.व. २०७७/७८ (यथार्थ) | आ.व. २०७८/७९ (यथार्थ) | तीन वर्षको औसत | आ.व. २०७९/८० (प्रस्तावित) |
|---|---|---|---|---|---|---|---|
| क. | कर राजस्व | | | | | | |
| १ | ११३१३ | सम्पत्ति कर | २९,९०२,५९२ | ३५,५८४,३९५ | ३४,५८७,९६२ | ३३,३५८,३१६ | ४९,५००,००० |
| २ | ११३१४ | भूमिकर/मालपोत | २,१६५ | १९,७१३ | ३,४२७ | ८,४३५ | १००,००० |
| ३ | ११३२१ | घरबहाल कर | १३,२२३,२०१ | १२,२०५,४७७ | १०,२६१,३९० | ११,८९६,६८९ | ३०,०००,००० |
| ४ | ११३२२ | बहाल विटौरी कर | ४३,५५५ | २२,००० | - | ३२,७७८ | ३५,००० |
| ५ | ११४५२ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ६,३६९,०२७ | ५,६९६,०४० | ४८१,४०० | ४,१८२,१५६ | - |
| ६ | ११४७३ | अन्य मनोरञ्जन कर | - | - | - | - | ५०,००० |
| ७ | १४६११ | व्यवसाय कर | १०,४००,७०० | १६,६०६,९५८ | १८,०२३,९५८ | १५,०१०,५३९ | २२,१००,००० |
| ८ | ११६१३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | - | ८४५,०२५ | - | ८४५,०२५ | १००,००० |
| ९ | ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर | १३,१८२,२१५ | ५,१९१,७८१ | १२,६१७,९६५ | १०,३३०,६५४ | ११,७००,००० |
| १० | ११६३२ | अखेटोपहारमा लाग्ने कर | - | - | - | - | ५०,००० |

| क्र.सं. | संकेत नं. | आय शीर्षक | आ.व. २०७६/७७ (यथार्थ) | आ.व. २०७७/७८ (यथार्थ) | आ.व. २०७८/७९ (यथार्थ) | तीन वर्षको औसत | आ.व. २०७९/८० (प्रस्तावित) |
|---|---|---|---|---|---|---|---|
| ११ | ११६९१ | अन्य कर | ७५०,००० | १११,२८० | - | ४३०,६४० | - |
| | | **जम्मा** | **७३,८७३,४५५** | **७६,२८२,६६९** | **७५,९७६,१०२** | **७६,०९५,२३१** | **११३,६३५,०००** |
| **ख.** | **गैरकर राजस्व** | | | | | | |
| १ | १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त रकम | ३,३८९,५०० | ५,२११,५८६ | ७,८०२,२६१ | ५,४६७,७८२ | ७,५००,००० |
| २ | १४१२१ | सरकारी सम्पत्तिको बिक्रीबाट प्राप्त रकम | ७,४०० | १६१,८०० | २७८,३७९ | १४९,१९३ | १००,००० |
| ३ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | - | ७४,१८३ | ९८२,६९९ | ५२८,४४१ | १२५,००० |
| ४ | १४२१६ | खानेपानी महशुल शुल्क | ४७,१९० | ८,३७० | ३७५,६०३ | १४३,७२१ | ३०,००० |
| ५ | १४२१८ | विद्युत सेवा शुल्क | - | ११७,८४४ | - | ११७,८४४ | - |
| ६ | १४२१९ | अन्य सेवा शुल्क | १,००७,०७२ | ८७७,९७१ | ९८२,६९९ | ९५५,९१४ | २,७५०,००० |
| ७ | १४२२१ | न्यायिक दस्तुर | ६६,२०८ | ३८,४७५ | ३१,९०० | ४५,५२८ | १००,००० |
| ८ | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ६९,००० | १७०,००० | ७५,००० | १०४,६६७ | २००,००० |
| ९ | १४२२४ | परीक्षा शुल्क | १,५०० | ६,१३५ | ९०,३०० | ३२,६४५ | ५०,००० |
| १० | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ५,४९५,७९१ | ७,४०५,२९६ | ७,३१४,७०३ | ६,७३८,५९७ | १०,०००,००० |
| ११ | १४२४१ | पार्किङ्ग शुल्क | ३,७०१,१०० | ३१७,१७५ | १,८७३,८९४ | १,९६४,०५६ | २,८१०,००० |
| १२ | १४२४२ | नक्सापास दस्तुर | १३,७२५,७१६ | १९,३०९,२११ | १८,५६९,८५६ | १७,२०१,५९४ | ३२,५००,००० |
| १३ | १४२४३ | सिफारिश दस्तुर | १०,६३३,९९८ | १४,६९०,५४६ | १४,६६०,५५८ | १३,३२८,३६७ | १६,५००,००० |
| १४ | १४२४५ | नाता प्रमाणित दस्तुर | ३२३,६९५ | २४३,५०० | २,७०७,६६८ | १,०९१,६२१ | ५००,००० |
| १५ | १४२४९ | अन्य दस्तुर | ३६८,२६३ | ६४६,६६७ | १,३८४,३४८ | ७९९,७५९ | १,०००,००० |
| १६ | १४२६५ | अन्य क्षेत्रको आय | - | - | ७,३८५,६९६ | ७,३८५,६९६ | ११,८२१,००० |
| १८ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १,२२९,८२९ | २,१३२,२३४ | २,३८३,२२१ | १,९१५,०९५ | २,०००,००० |
| १९ | १४५२२ | साना सवारी साधन कर | - | ३१४,००० | - | ३१४,००० | - |
| २० | १४५२९ | अन्य राजस्व | ४,००३,११३ | २,२८४,६३६ | ८,७८९,१३२ | ५,०२५,६२७ | २,५००,००० |
| २१ | १४५२१ | प्रदुषण नियन्त्रण शुल्क | - | - | - | | ५०,००० |
| | | **जम्मा** | **४४,०६९,३७५** | **५४,००९,६२९** | **७५,६८७,९१७** | **६३,३१०,१४७** | **९०,५३६,०००** |
| | | **कर तथा गैरकरको जम्मा** | **११७,९४२,८३०** | **१३०,२९२,२९८** | **१५१,६६४,०१९** | **१३९,४०५,३७९** | **२०४,१७१,०००** |
| **ग.** | **प्रदेश र स्थानीय तहबीच राजस्व बाँडफाँट** | | | | | | - |
| १ | ११३१५/ ११४५६ | घरजग्गा रजिष्ट्रेशन दस्तुर र सवारी साधन कर | ६२२२७९७९ | १२०,३३७,६५१ | १५५,८५०,४१७ | १३८,०९४,०३४ | १६७,०९९,१४० |

| क्र.सं. | संकेत नं. | आय शीर्षक | आ.व. २०७६/७७ (यथार्थ) | आ.व. २०७७/७८ (यथार्थ) | आ.व. २०७८/७९ (यथार्थ) | तीन वर्षको औसत | आ.व. २०७९/८० (प्रस्तावित) |
|---|---|---|---|---|---|---|---|
| २ | ११४७२ | विज्ञापन कर | - | - | - | | - |
| ३ | १४१५७ | दहत्तर बहत्तर बिक्री | - | - | | - | २०,०००,००० |
| | | **जम्मा** | **६२,२२७,९७९** | **१२०,३३७,६५१** | **१५५,८५०,४१७** | **१३८,०९४,०३४** | **१८७,०९९,१४०** |
| **घ.** | **नेपाल सरकारबाट राजस्व बाँडफाँट** | | | | | | |
| १ | ११४११/ ११४२१ | मूल्य अभिवृद्धि कर र अन्तः शुल्क | ८२,९५५,९२२ | १०५,२९४,४३१ | १२०,५९७,०५८ | ११२,९४५,७४५ | १२७,२६१,००० |
| | | **जम्मा** | **८२,९५५,९२२** | **१०५,२९४,४३१** | **१२०,५९७,०५८** | **११२,९४५,७४५** | **१२७,२६१,०००** |
| **ङ.** | **नेपाल सरकारबाट रोयल्टी बाँडफाँट** | | | | | | |
| १ | | पर्वतारोहण रोयल्टी | ० | ० | ० | | ० |
| २ | | वन रोयल्टी | ० | ० | ० | | ० |
| ३ | | विद्युत रोयल्टी | ० | ० | ० | | ० |
| ४ | | खानी तथा खनिज रोयल्टी | ० | ० | ० | | ० |
| ५ | | अन्य रोयल्टी | ० | ० | ० | | ० |
| | | **जम्मा** | 0 | 0 | 0 | 0 | 0 |
| **च.** | **नेपाल सरकारबाट अनुदान** | | | | | | |
| १ | १३३११ | समानीकरण अनुदान | १९४०००००० | १८७,७००,००० | २०७,४००,००० | १९६,३६६,६६७ | २१९,२००,००० |
| २ | १३३१२ | सशर्त अनुदान | ५३९४०८००० | ७६६,०२१,००० | ६६५,३७१,८८४ | ६५६,९३३,६२८ | ४८१,९००,००० |
| ३ | १३३१४ | विशेष अनुदान | ० | १५,०००,००० | १६,६००,००० | १५,८००,००० | १०,०००,००० |
| ४ | १३३१६ | समपुरक अनुदान | ० | ४०,०००,००० | | ४०,०००,००० | ४,०००,००० |
| | | **जम्मा** | **७३३४०८०००** | **१००८७२१०००** | **८८९३७१८८४** | **९०९१००२९४.७** | **७१५१०००००** |
| **छ.** | **कोशी प्रदेश सरकारबाट अनुदान** | | | | | | |
| १ | १३३११ | समानीकरण अनुदान | ८,२९२,००० | ८,२६१,००० | १२,३३५,००० | ९,६२९,३३३ | १२,३३५,००० |
| २ | १३३१२ | सशर्त अनुदान (चालु) | ४१,९२१,००० | ३१,१००,००० | १०,७०५,००० | २७,९०८,६६७ | १२३,००० |
| ३ | १३३१३ | सशर्त अनुदान पुँजीगत | - | | - | | २८,४००,००० |
| ४ | १३३१४ | विशेष अनुदान समपुरक अनुदान चालु | - | - | - | | - |
| ५ | १३३१६ | समपुरक अनुदान चालु | - | १०,०००,००० | १०,०००,००० | | - |
| ६ | १३३१७ | समपुरक अनुदान पुँजीगत | - | - | - | | १०,०००,००० |
| | | **जम्मा** | **५०,२१३,०००** | **४९,३६१,०००** | **३३,०४०,०००** | **३७,५३८,०००** | **५०,८५८,०००** |
| | | **कुल जम्मा** | **१,०४६,७४७,७३१** | **१,४१४,००६,३८०** | **१,३५०,५२३,३७८** | **१,३३७,०८३,४५२** | **१२८४४८९१४०** |

*स्रोत : दमक नगरपालिकाको वार्षिक बजेट पुस्तकहरु, वार्षिक प्रगति प्रतिवेदनहरु, अर्थ मन्त्रालयको वेभसाइट,*
*नोट : (१) माथिको तालिकामा बीमा, बेरुजु र बक्यौता रकम समावेश गरिएको छैन ।*
*(२) नेपाल सरकारबाट रोयल्टी बाँडफाँट वापत कुनै रकम प्राप्त नभएको ।*

माथिको तालिका अनुसार घर बहाल कर न्यून सङ्कलन (अनुमान को ३७.३१% मात्र) हुनुमा करको दर घटाउनु मुख्य कारण रहेको, यसैगरी पूर्वाधार उपयोग कर न्यून हुनु (४.८०%) मा नगरपालिकाले सवारी साधनको नगर प्रवेशमा लगाउँदै आएको कर हटाएको छ । मनोरञ्जन कर यस आर्थिक वर्षमा मात्र प्रस्ताव गरेको देखिन्छ भने विज्ञापन कर विगतमा प्रदेश सरकारबाट बाँडफाँट भई प्राप्त हुने गरेको तर यस आ.व.मा प्रस्ताव गरेको देखिदैन । नगरपालिकाको कुल आन्तरिक आयमा बीमा दाबी, गत वर्षको मौज्दात र पूँजीगत हस्तान्तरण बाहेक आ.व. २०७६/७७ मा रु. ११,७९,४२,८३० आ.व. २०७७/७८ मा रु. १३,०२,९२,२९८ र आ.व. २०७८/७९ मा रु. १५,१६,६४,०१९ सङ्कलन भएको देखिन्छ । यो रकम आ.व. २०७६/७७ देखि वार्षिक १० दशमलव ५ प्रतिशत र १६ दशमलव ४ प्रतिशत रहेको छ । आन्तरिक आयको कुल रकममा कर करको योगदान २०७६/७७ मा ६२ दशमलव ६ प्रतिशत, २०७७/७८ मा ५८ दशमलव ५ प्रतिशत र २०७८/७९ मा ५० दशमलव १ प्रतिशत रही क्रमशः घट्दै गएको छ । यसले दमक नगरपालिकाले कर सङ्कलन प्रयास बढाउनु पर्ने आवश्यकता देखाउँछ ।

यसैगरी कोशी प्रदेश सरकारबाट बाँडफाँट हुने (घरजग्गा रजिष्ट्रेशन र सवारी साधन कर) रकम आ.व. २०७६/७७ को तुलनामा २०७७/७८ मा ९३ दशमलव ४ प्रतिशत र आ.व. २०७७/७८ को तुलनामा आ.व. २०७८/७९ मा २९ दशमलव ५ प्रतिशत ले वृद्धि भएको छ ।

## ३.६ आन्तरिक राजस्व सङ्‌कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

दमक नगरपालिका वि.सं. २०३९ सालमा स्थापना भएको हुनाले पनि साविकको स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ अनुसार आन्तरिक राजस्व सङ्कलन गर्दै आइरहेको थियो । उर्वर खेतीयोग्य जमिन, विविध प्राकृतिक सम्पदा, नदी, खोला, पूर्वपश्चिम लोकमार्ग यही नगरपालिका भएर सञ्चालन हुने तथा यहाँको कुल घरधुरी २२४४२ मा रहेका ८६८९० जनसंख्या (नगर प्रोफाइल, २०७५) बढ्दो शहरीकरण र औद्योगिकीकरण यहाँको आयका प्रमुख स्रोतहरु रहेका छन् । यो नगरपालिकाले विद्यमान कानुन तथा सम्भावनाका आधारमा प्राय सबै स्रोतहरुको परिचालन गर्दै आइरहेको छ । यी आन्तरिक राजस्वका स्रोतहरुको सम्भावनालाई उपलब्ध सूचना तथा तथ्याङ्कका आधारमा कर राजस्व र गैरकर राजस्वका रुपमा देहाय बमोजिम विश्लेषण गरिएको छ ।

### ३.३.१ स्थानीय कर राजस्व

नगरपालिकाको राजस्वका स्रोतहरु मध्ये कर राजस्व अन्तर्गत हाल परिचालन भइरहेको, सम्भाव्य स्रोत र सोको परिचालनका लागि गर्नुपर्ने सुधारहरु यसप्रकार रहेका छन् :

### (१) सम्पति कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा **५५** मा सम्पत्ति कर सम्बन्धी प्रावधान रहेको छ । उक्त दफा अनुसार नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र सो घरले चर्चेको क्षेत्रफल बराबर सम्मको जग्गामा सम्पत्ति कर लगाउन सक्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था :** दमक नगरपालिकाले विगतदेखि नै एकिकृत सम्पत्ति कर सङ्कलन गर्दै आएकोमा स्थानीय सरकार सञ्चालन, २०७४ को संशोधन पश्चात सम्पत्ति करमा भूमिकर समेत समायोजन गरी सङ्कलन गर्दै आईरहेको छ । माथि **तालिका ८** (आन्तरिक आयको वर्तमान अवस्था) मा उल्लेखित विवरण अनुसार नगरपालिकाले आ.व. २०७७/७८ मा रु. ३,५५,८४,३९५; आ.व. २०७८/७९ मा रु. ३,४५,८७,९६२ (प्रस्तावितको ७६.८६ प्रतिशत) रकम सङ्कलन गरेको देखिन्छ भने चालु आ.व.का लागि रु. ४,९५,००,००० प्रस्ताव गरेको छ । नगरपालिकाको आ.व. २०७८/७९ मा सम्पत्ति मूल्याङ्कनको वर्गीकृत मूल्याङ्कन रकम (आधार) कर दर, दायरा (करदाता संख्या र सङ्कलित रकम **तालिका** ९ मा दिइएको छ ।

**तालिका ९: सम्पत्ति करको मूल्याङ्कन आधार, दर, दायरा र सङ्कलन रकम (रु.)**

| मूल्याङ्कन रकम | | हालको दर | हायको दायरा (करदाता संख्या) | आ.व. २०७८/७९ को सङ्कलन रकम | कैफियत |
|---|---|---|---|---|---|
| देखि | सम्म | | | | |
| १ | ५००००० | ७५ | ६०५४ | ४५४०५० | |
| ७५०००१ | ७५०००० | १२५ | २६९३ | ३३६६२५ | |
| ७५०००१ | १०००००० | २०० | २०११ | ४०२२०० | |
| १००००० १ | १२५०००० | २५० | १४७१ | ३६७७५० | |
| १२५०००१ | १५००००० | ३०० | १२७१ | ३८१३०० | |
| १५०००० १ | १७५०००० | ३५० | ९९२ | ३४७२०० | |
| १७५०००१ | २०००००० | ४०० | ८९६ | ३५८४०० | |
| २००००० १ | २२५०००० | ५०० | ६८२ | ३४१००० | |
| २२५०००१ | २५००००० | ६७० | ५८७ | ३९३२९० | |
| २५०००० १ | २७५०००० | ८४० | ५१० | ४२८४०० | |
| २७५०००१ | ३०००००० | १००० | ४५० | ४५०००० | |
| ३००००० १ | ३५००००० | १२०० | ६९५ | ८३४००० | |
| ३५००००१ | ४०००००० | १८०० | ५३० | ९५४००० | |
| ४०००००१ | ४५००००० | २४०० | ४३५ | १०४४००० | |
| ४५००००१ | ५०००००० | ३००० | ३७७ | ११३१००० | |
| ५००००० १ | ६०००००० | ३५०० | ५०९ | १७८१५०० | |
| ६००००० १ | ७०००००० | ५१२५ | ३४४ | १७६३००० | |
| ७००००० १ | ८०००००० | ६७५० | २४९ | १६८०७५० | |
| ८००००० १ | ९०००००० | ८३७५ | १७२ | १४४०५०० | |
| ९००००० १ | १०००००००० | १०००० | ११६ | ११६०००० | |
| १००००००१ | १२०००००० | १२००० | १५४ | १८४८००० | |
| १२००००००१ | १४०००००० | १४००० | १०८ | १५१२००० | |
| १४००००००१ | १६०००००० | १६००० | ५३ | ८४८००० | |
| १६००००००१ | १८०००००० | १८००० | ६३ | ११३४००० | |
| १८००००००१ | २०००००००० | २०००० | ३५ | ७००००० | |
| २०००००००१ | २५०००००० | २५००० | ५१ | १२७५००० | |
| २५००००००१ | ३०००००००० | ३२००० | २२ | ७०४००० | |
| ३०००००००१ | ३५०००००० | ३९००० | १० | ३९०००० | |
| ३५००००००१ | ४०००००००० | ४६००० | ८ | ३६८००० | |
| ४०००००००१ | ४५०००००० | ५३००० | १ | ५३००० | |
| ४५००००००१ | ५०००००००० | ६०००० | २ | १२०००० | |
| **५००००००१ भन्दा माथि प्रति १ हजार थप रु.=२ को दरले** | | | **२१५५१** | **२५०००९६५** | |

*स्रोत : दमक नगरपालिका, राजस्व शाखा*

माथिको तालिका अनुसार जम्मा रु. २,५०,००,९६५ सङ्कलन हुन सक्ने देखिएतापनि रु. ३,४५,८७,९६२ सङ्कलन भएको देखिन्छ अर्थात रु. ९५,८६,९९७ बढी हुनुमा विगत वर्षहरुको बक्यौता असुली हुन सक्दछ ।

नगरपालिका कर शाखामा रहेको आ.व. २०७८/७९ को विवरण अनुसार नगरपालिका कार्यालयमा दर्ता भएका घर हुने करदाताहरु १२९४७ रहेका र यो संख्या कुल घर परिवार संख्याको करिब ५७% मात्र हुन आउँछ (कुल घर संख्या २२४४२ - नगर प्रोफाइल, २०७५) । हाल ४३% घर परिवार (घर संरचना सहित) कर दायरा बाहिर रहेका देखिन्छन् । यसैगरी जग्गा मात्र भएका करदाता संख्या ५३९३५ रहेका देखिन्छन् । *(नोट : आ.व. २०७८/७९ मा सम्पत्ति करको औषत रकम रु. १६०४ रहेको छ)*

**सुधार गर्नुपर्ने पक्षहरु :** हालको करको दायरा बाहिर करिब ४३% करदाताहरु रहेको सन्दर्भमा त्यस्ता करदाताहरु पहिचान गरी कर तथा बक्यौता रकम असुल गर्न ताकेता गर्नुपर्ने देखिन्छ । करदाता शिक्षालाई व्यापक रुपमा प्रत्येक टोलसम्म पुऱ्याउनु पर्ने हुन्छ । मौजुदा कानुनले औंल्याए अनुसार सम्पत्ति कर र मालपोत

(भूमिकर) अलग अभिलेख तयार गरी कार्यान्वयन गर्दै जानु आवश्यक छ । यसैगरी नगरपालिका क्षेत्रमा पूर्वाधारहरुको विकास (सडक, सिंचाई, विद्युत) तथा पहुँच भए अनुसारको अभिलेख नियमित रुपमा अद्यावधि गरी तदनुरुप सम्पत्ति करको मूल्याङ्कन गर्नुपर्ने हुन्छ ।

नगर पार्श्वचित्र, २०७५ अनुसार नगरपालिकामा देहाय बमोजिमका घरहरु रहेको देखिन्छ । यसबाट अधिकांश घरहरुको संरचना पक्की र अर्ध पक्की रहेको हुनाले तथा वार्षिक रुपमा विशेषत: पक्की घरहरु बन्दै गएको आँकलनका आधारमा सम्पत्ति करमा बढोत्तरी हुँदै जाने सम्भावना छ ।

**तालिका १०: बनावट अनुसार घरहरुको संख्या**

| क्र.सं. | घरको किसिम | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | **कच्ची घर :** काठको फलेक, माटोको गारो वा त्यस्तै कच्ची प्रकारको गारो र छानो पनि माटोको टायल वा खर, छ्वाली आदि प्रयोग गरिएको | ३६९५ | १६.४६ |
| २ | **अर्धपक्की घर :**ढुंगा, ईटा र सिमेण्ट प्रयोग गरिएको गारो भएको तथा छानो माटोको टायल वा खर, छ्वाली आदि प्रयोग गरिएको घर | ६३२७ | २८.१९ |
| ३ | **पक्की घर :** ढुंगा, ईटा र सिमेण्ट प्रयोग गरिएको गारो भएको तथा कर्कट पाता, जस्ता, ढुंगाको छानो वा ढलान गरिएको घर | ११९८७ | ४९.८५ |
| ४ | **झुप्रो/छाप्रा/टहरा :** फुसको घर, झुप्रो, छाप्रा वा टहरा | १२१८ | ५.४३ |
| ५ | **अन्य** | १५ | ०.०७ |
| | **जम्मा** | २२४४२ | १०० |

*स्रोत : नगर प्रोफाइल, २०७५*

**सम्भावना :** दमक नगरपालिकाका शहरी तथा बजार क्षेत्र बढ्दो अवस्थामा रहेको, सडक लगायत अन्य पूर्वाधार (सिंचाई, विद्युत आदि) को विस्तार तथा सुधार आदि सम्पत्ति र त्यसको मूल्याङ्कन वृद्धि गराउने प्रक्रिया हुनुका साथै जग्गा/घरको मूल्य बढाउने हुन्छ । यसले शहरी सेवा तथा पूर्वाधार विकासमा लगानी बढाउन महत्वपूर्ण भूमिका खेल्दछ । यो स्थिर प्रकृतिको हुने हुँदा कम उतार चढाव हुने आंकलन गरिन्छ ।

### (२) भूमिकर (मालपोत)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५६ अनुसार नगरपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा भूमिकर (मालपोत) लगाउन सक्ने व्यवस्था रहेको छ । तर सम्पत्ति कर लगाएको जग्गामा भूमिकर (मालपोत) नलगाइने उल्लेख गरिएको छ ।

**विद्यमान अवस्था :** नगरपालिकाले भूमिकर (मालपोत) शीर्षकमा कर सङ्कलन गरेको छैन । बक्यौता असुली तर्फ आ.व. २०७६/७७, २०७७/७८ र २०७८/७९ मा क्रमश: रु. २,१६५, रु. १९,७१३ र रु. ३,४२७ रकम असुल भएको छ भने आ.व. २०७९/८० का लागि रु. १,००,००० सङ्कलन हुने प्रस्ताव भएको छ । कर दरलाई सम्पत्ति करमा समावेश गरिएको छ । नगर प्रोफाइल, २०७५ अनुसार दमक नगरपालिकाको कुल कृषियोग्य जमिनमध्ये २६१३.९ हेक्टरमा सिंचाई सुविधा उपलब्ध भएको र बाँकी ६२८.७ हेक्टरमा सिंचाई सुविधा नभएको देखिन्छ ।

**करको सम्भावना :** हाल बक्यौता रकम असुलीको मात्र सम्भावना रहेको छ । नगरपालिकाले तयार गर्ने नेपाल सरकारले भूउपयोग वर्गीकरण गर्ने निर्देशिका अनुरुप भूवर्गीकरण नक्सा र त्यसबाट कृषि क्षेत्र निर्धारण भए पश्चात भूमिकर लगाउन उपयुक्त हुन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** भूमिकर लगाउने सन्दर्भमा देहायका बुँदाहरुमा दरका आधार सुझावका रुपमा उल्लेख गरिएको छ ।

हाल घर तथा सवै जग्गामा अधिकांश क्षेत्रमा सम्पत्ति कर अन्तर्गत कर सङ्कलन हुँदै आएको देखिएकाले त्यसमा आवश्यक सुधारका लागि दर निर्धारण गर्न र राजस्व सफ्टवेयरमा तथ्याङ्क अद्यावधिक हुन आवश्यक देखिन्छ ।

यसरी मालपोत वा भूमिकर लगाउँदा प्रगतिशील र व्यवहारिक मालपोतको दर निर्धारण र असुली गर्न देहाय बमोजिम गर्दा उपयुक्त हुने देखिन्छ ।

१. मालपोत तथा भूमिकरको दर निर्धारण गर्दा जग्गाको उत्पादकत्व, उपलब्ध सिंचाई सुविधा र उक्त जग्गाबाट हुने वार्षिक उत्पादनलाई विश्लेषण गरी निर्धारण गर्नु उपयुक्त हुने ।
२. सवारी साधन चल्ने बाटोको छेउमा परेका प्लटहरूको व्यवसायिक महत्व हुने हुँदा त्यस्ता प्लटहरूमा भूमिकर थप लगाउनु उपयुक्त हुने देखिन्छ । तर त्यस्ता प्लटहरुमा कुनै संरचना बनेमा सम्पत्ति करको दायरामा आउने हुनाले कृषि कार्यमा प्रयोग भएको अवस्थामा यातायातको सुविधाको हिसाबले मात्र थप भूमिकर लगाउनु उपयुक्त हुन्छ, अर्थात थप भूमिकरको दर सामान्य हुनु पर्छ ।
३. मालपोतको दर निर्धारण गर्दा सर्वप्रथम प्रति कठ्ठा जग्गा बारी वा खेत जे भएपनि त्यसमा हुने मुख्य बालीको आयस्तालाई मूल्यमा रुपान्तरण गर्ने र यसमा सो बाली लगाउन के कति मल, बिउ र श्रम खर्च हुन्छ त्यस वापतको रकम मूख्य बालीको आयस्ताबाट घटाउने र बाँकी रहेको बचत रकमको ५ देखि १० प्रतिशतसम्म वार्षिक मालपोत लगाउनु उपयुक्त हुने देखिन्छ । मानौं, एक कठ्ठा बारीमा मुख्यबाली मकै लगाउँदा १५ पाथी फल्छ र यसमा १० पाथी जतिको खर्च लाग्छ भने बाँकी ५ पाथीको रु. १००।- का दरले र. ५००।- भयो र यसको ५ प्रतिशतले रु. २५ तथा १० प्रतिश ले रु.५०।- भयो । यस्तो जग्गामा प्रति कठ्ठा रु.२५ देखि ५०।- सम्म शुरु मालपोत दर लगाउँदा उपयुक्त हुने देखिन्छ । तर रसिद काटदा न्यूनतम दर तोकी सोभन्दा कम राजस्व भएतापनि न्यूनतम दर निर्धारण गरी उक्त रकम असुल गर्ने व्यवस्था गर्न उपयुक्त हुन्छ ।
४. मालपोतको दरलाई प्रगतिशील बनाउन शुरु दर कम राखी जग्गाको परिमाण अनुसार क्रमशः दर बढाउँदै जानु उपयुक्त हुन्छ । साथै यसरी आएको मालपोत रकममा सडकको अवस्थितिका अधारमा थप रकम असुल गर्ने गरी नीति तर्जुमा गर्न सकिन्छ । उदाहरणका लागि मोटरेवल पिच सडकले छोएको जग्गालाई ३० प्रतिशत, ग्राभेल गरिएको सडकले छोएको जग्गामा २० प्रतिशत र कच्ची मोटरेवल सडकले छोएको जग्गामा १० प्रतिशत भूमिकर रकम थप गर्ने, आदि ।
५. करयोग्य जग्गाको विवरण तयार गर्दा खण्डीकृत (महिला, विपन्न, अल्पसंख्यक) सहितको विवरण तयार गर्ने
६. उपर्युक्त दरमा मालपोतको रकम हिसाव निकालेपछि सहकारी मार्फत गरिने सामुहिक खेती, गरिबीको प्रमाणपत्र प्राप्त गरिब किसान तथा महिलाका नाममा भएको कृषि जग्गा, व्यवसायिक उत्पादन तथा रोजगारी सिर्जना गर्ने किसानलाई स्थानीय कानून अनुसार निश्चित प्रतिशत छुट दिने व्यवस्था गर्न सकिन्छ ।

यी व्यवस्थाहरुबाट भूमिकर/मालपोत असुलीमा करदाताहरुलाई कर तिर्न सहज हुनेछ ।

**(३) घर जग्गा बहाल कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ मा गाउँ वा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा नगरपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था :** यस नगरपालिकामा आ.व. २०७६/७७, २०७७/७८ र २०७८/७९ मा घर बहाल करबाट क्रमशः रु. १ करोड ३२ लाख २३ हजार २ सय १, रु. १ करोड २२ लाख ५ हजार ४ सय ७७ र रु. १ करोड २ लाख ६१ हजार ३ सय ९० सङ्कलन भएको देखिन्छ । भने आ.व. २०७८/७९ मा प्रस्तावित रकमको

३७.२१% मात्र असुल भएको देखिन्छ । नगरपालिकाकाले साविकमा १०% घर बहाल कर निर्धारण गरेकोमा कोभिड १९ महामारीका कारणले दर घटाई २% कायम गर्नाले यसबाट सङ्कलन हुने रकम अत्यधिक घट्न गएको छ । चालु आ.व.मा नगरपालिकाले रु. ३ करोड असुल हुने प्रस्ताव गरेको छ ।

**करको सम्भावना :** दमक नगरपालिका क्षेत्रमा शहरी तथा बजार क्षेत्रमा जनसंख्या तथा व्यवसायहरुको वृद्धि भइरहेको छ । यी वृद्धिबाट स्वभाविक रुपमा घर जग्गा बहाल करदाताको संख्यामा वृद्धि हुने भएबाट पनि कर वृद्धिको सम्भावना रहेको छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** साविकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लागू हुनु अघि नेपाल सरकारले १२ प्रतिशत घर जग्गा बहाल कर असुल गर्ने र उठेको रकमको २ प्रतिशत नगरपालिकामा बाँडफाँट हुने गरेको थियो । तत्पश्चात अधिकांश गाउँपालिका र नगरपालिकाले १० प्रतिशत घर जग्गा बहाल कर लगाउने गरेका छन् । दमक नगरपालिकाले कोभिड १९ बाट सामान्य स्थितिमा हालको अवस्थामा हालको दर पुनरावलोकन गर्नुपर्ने हुन्छ । यसो गर्दा संस्थागत रुपमा घर जग्गा बहालमा **१० प्रतिशत** र व्यक्तिगत रुपमा घर जग्गा बहाल लगाउँदा **५ प्रतिशत** घर जग्गा बहाल कर लगाउन उपयुक्त हुन्छ ।

यसैगरी घर बहाल कर लगाउँदा बहाल दिने-लिने बीच लिखित सम्झौता अनिवार्य गर्ने, वडा कार्यालयको रोहवरमा सम्झौता गराउने, वित्तीय संस्थासँग ऋण प्रयोजनका लागि गरिने सम्झौतालाई व्यवहारिक बनाउन नगरपालिकाको मूल्याङ्कन दर अनुरुप मात्र बहाल रकम निर्धारण गर्ने/गराउने । व्यवसायीहरुले मूल्य अभिवृद्धि कर बुझाउँदा आन्तरिक राजस्व कार्यालयले घर बहाल कर नबुझाएका व्यवसायीहरुबाट कर असुल गर्ने गरेको गुनासो रहेको छ । यसबारे नगरपालिकाले आन्तरिक राजस्व कार्यालयसँग समन्वय गरी नगरपालिका वा वडा कार्यालयमा नै बुझाउने व्यवस्था गराउने । व्यक्तिगत रुपमा घरजग्गा बहाल कर बारे सचेतना, कर शिक्षा बारे कार्य गर्न तथा घर बहाल सम्बन्धी सम्झौता गर्न सहजीकरण गर्ने र अभिलेख अद्यावधि गर्न दमक घर बहाल संघसँग सहकार्य गर्न उपयुक्त हुन्छ ।

**(४) व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था :** दमक नगरपालिकाको आर्थिक ऐन, २०७९ को दफा ७, अनुसूची ३ मा व्यवसायहरुको प्रकृति अनुसार वर्गीकरण गरी तिनीहरुको लगानी र कारोबारलाई दृष्टिगत गरी तीनवटा श्रेणीमा (क, ख र ग) करको दर निर्धारण भएको छ । 'क' श्रेणीमा ठूला व्यवसाय रहेका छन् भने 'ग' श्रेणीमा साना व्यवसाय पर्दछन् । कर दर न्यूनतम रु. १०००।- देखि रु. ५०,०००।- सम्म निर्धारण गरिएको छ । रजिष्ट्रेशन दस्तुर आ.व. २०७७/७८ मा मात्र असुल गरेको देखिन्छ भने चालु आ.व.मा यस शीर्षकबाट सङ्कलन गर्ने प्रस्ताव गरिएको छ । नगरपालिकाले प्राप्त गरेको व्यवसाय करको वार्षिक प्रस्तावित र यथार्थ आम्दानी **तालिका ११** मा दिइएको छ ।

**तालिका ११: व्यवसाय करको बार्षिक प्रस्तावित र यथार्थ आम्दानी**

| आर्थिक वर्ष | प्रस्तावित आम्दानी (रु.) | यथार्थ आम्दानी (रु.) | कैफियत |
|---|---|---|---|
| आ.व. २०७६/७७ | | १०४००७०० | दर्ता र नवीकरण समेत |
| आ.व. २०७७/७८ | - | १६६०६९५८ | ५९ दशमलव ७% वृद्धि |
| आ.व. २०७८/७९ | - | १८०२३९५८ | १० दशमलव ९% वृद्धि |
| आ.व. २०७९/८० | २२२००००० | | २३ दशमलव २% वृद्धि प्रस्ताव |

*स्रोत : दमक नगरपालिका, राजस्व शाखा*

**करको सम्भावना :** नगरपालिकाको आ.व. २०७८/७९ को विवरण अनुसार यस आ.व. मा ४३५९ व्यवसायीहरुले कर तिरेको देखिन्छ । यसैगरी उक्त आ.व.मा १४०४ व्यवसाय भएका करदाताहरु दर्ता भएका

छन् । केन्द्रीय तथ्याङ्क विभागबाट गरिएको आर्थिक गणना, २०७५ अनुसार यस नगरपालिकामा तलको तालिकामा उल्लेखित कूल ५८९१ उद्योग तथा व्यवसायहरु रहेका छन् ।

**तालिका १२: उद्योग व्यवसाय सम्बन्धी विवरण**

| जम्मा | कृषि, वन, माछा मार्ने | उत्पादन | खानी, विद्युत, ग्याँस, खानेपानी तथा निर्माण | थोक तथा खुद्रा विक्रेता, गाडी तथा मोटरसाइकल मर्मत | यातायात, भण्डारण, सूचना तथा सञ्चार | होटल तथा लज | बीमा तथा वित्तीय संस्था | शिक्षा | स्वास्थ्य तथा सामाजिक कार्य सम्बन्धी | घर जग्गा, वैज्ञानिक, प्रशासनिक, कला, मनोरञ्जन तथा अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५८९१ | ४२ | ६५८ | १२ | ३२८७ | ३० | ९३९ | १४७ | १३९ | ७६ | ५६१ |

**सुधार गर्नुपर्ने पक्षहरु :** दमक उद्योग वाणिज्य संघ तथा अन्य सरोकारवालाहरुसँग गरिएको छलफलमा हाल न्यूनतम २५ प्रतिशत व्यवसायीहरु खास गरी शहरी क्षेत्र बाहिर करको दायरामा नआएको अनुमान छ । कतिपय दर्ता भएका व्यवसायीहरु पनि नियमित रुपमा कर तिर्न उदासिन रहेका छन् । नगरपालिका तथा वडा कार्यालयहरुले दर्ता प्रक्रियामा नसमेटिएका तथा वार्षिक नवीकरण नभएका व्यवसाय नियमित अनुगमन, स्थलगत निरीक्षण गरी दर्ता तथा नवीकरण प्रक्रियामा ल्याउन पहल गर्नुपर्ने, वडागत रुपमा सबै व्यवसायहरुको अभिलेख व्यवस्थित तथा अद्यावधि गर्ने, स्थानीय उद्योग वाणिज्य संघ तथा वस्तुगत व्यापार/व्यवसायका प्रतिनिधिहरुसँग अन्तरक्रिया तथा छलफललाई नियमित गर्नुपर्ने हुन्छ ।

यसैगरी व्यवसायीहरुको व्यवसाय सुरक्षाका लागि शहरी/बजार क्षेत्रमा सडक बत्ती, सि.सि.टि.भि. जडान तथा नियमित मर्मत सम्भार गर्नाले करदाताहरुलाई उत्प्रेरणा प्राप्त हुन्छ । व्यवसायीहरुलाई विद्युतीय माध्यमबाट करको सूचना दिने, मोबाइल बैंकिङ मार्फत कर तिर्ने सुविधा उपलब्ध भएमा करदातालाई सुविधा हुन्छ ।

### (५) जडिबुटी, कवाडी र जीवजन्तुको व्यवसायिक उपयोग कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ मा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटी, प्रचलित कानून वमोजिम निषेधित जीवजन्तु वाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग गरेवापत नगरपालिकाले जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था :** यस नगरपालिकामा जडिबुटीको उत्पादन र व्यवसायिक कारोबार नगन्य प्राय भएकाले नगरपालिकाले कर सङ्कलन गरेको छैन । कवाडी वस्तुको कारोबार हुने भएतापनि विगतमा ठेक्का नलागेको कारण राजस्व सङ्कलन हुन सकेन । चालु आ.व. २०७९/८० का लागि आर्थिक ऐन, २०७९ को दफा १०, अनुसूची ६ मा जीवजन्तु कर दर निर्धारण गरी रु. ५०,०००।- सङ्कलन हुने प्रस्ताव गरिएको छ । यसैगरी कवाडी वस्तुको कर दर निर्धारण गरिएको भएतापनि यसबाट राजस्व अनुमान गरिएको छैन । दमक नगरपालिकामा कवाडी सामान कारोबार गर्ने एक मात्र व्यवसायी रहेका छन् ।

**करको सम्भावना :** दमक नगरपालिकामा यस शीर्षकमा न्यून मात्र सम्भावना रहेको छ । कवाडी कर सम्बन्धमा कर दर उच्च भएकोले ठेक्का लाग्न नसकेको भन्ने सरोकारवालाको बुझाई रहेको छ ।

### (६) साना सवारी कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ (१) (क) मा नगरपालिकाले टाँगा, रिक्सा, अटोरिक्सा र इरिक्साको सवारी करको दर निर्धारण तथा सङ्कलन गरी आफ्नो कोषमा जम्मा गर्नसक्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था :** दमक नगरपालिकाले आ.व. २०७७/७८ मा रु. ३ लाख १४ हजार आर्जन गरेको तथा चालु आ.व.मा रु. २५,०००।- मात्र प्रस्ताव गरेता पनि यसबाट आयआर्जन गरेको देखिदैन । प्रदेश नं. १ को

आर्थिक ऐन, २०७९ को दफा २ मा टाँगा, रिक्सा, अटोरिक्सा, अटोरिक्सा, पावर टिलरमा सम्बन्धित नगरपालिका वा गाउँपालिकाले सवारी साधन कर लगाई असुल गर्नेछ भन्ने उल्लेख गरेको छ। सोही दफाको उपदफा ३ मा यस्तो कर उठाउन आवश्यक पर्ने साधन, स्रोत, प्रविधि, जनशक्ति र कार्यालयको व्यवस्था नभएसम्म प्रदेश सरकारबाट तोकिएको कार्यालयले सङ्कलन गर्ने प्रावधान रहेको छ । यसरी सङ्कलन हुने रकमको ६० प्रतिशत प्रदेश संचित कोषमा र ४० प्रतिशत रकम स्थानीय विभाज्य कोषमा दाखिला गरिने प्रावधान रहेको छ। साना सवारी साधन कर वापतको रकम समेत समग्र सवारी साधन कर वापत प्राप्त हुने गरेको छ। उक्त ऐनले साना सवारी साधनको कर दर **तालिका १३** अनुसार तोकेको छ।

**तालिका १३: साना सवारी साधन कर**

| सवारी साधन | निजी सवारी (रु.) | भाडाका सवारी (रु.) |
|---|---|---|
| (क) अटोरिक्सा, थ्री ह्विलर र टेम्पो | ५००० | ४५०० |
| (ख) पावर टिलर | ४००० | ३००० |

*स्रोत : दमक नगरपालिका, राजस्व शाखा*

**करको सम्भावना :** हाल यस नगरपालिकामा करिब ८०० साना सवारी साधनहरु सञ्चालनमा रहेका छन् । हरेक वर्ष बढ्दै जाने यी सवारी साधनहरुबाट नगरपालिकालाई आय प्राप्त हुने छ।

**सुधार गर्नुपर्ने पक्षहरु :** सवारी साधन दर्ता प्रक्रियाका लागि आवश्यक दक्ष जनशक्ति र स्रोत परिचालन गर्नुपर्ने तथा सम्बन्धित व्यवसायीहरुसँग छलफलबाट सञ्चालन कर निर्धारण गर्नुपर्ने हुन्छ।

### (७) विज्ञापन कर

स्थानीय सरकार सञ्चालन ऐन। २०७४ को दफा ६४ (१) (ग) मा विज्ञापन करको दर निर्धारण र सङ्कलन नगरपालिकाले गर्ने व्यवस्था रहेको छ। यस शीर्षक अन्तर्गत सङ्कलित रकमको चालीस प्रतिशत प्रदेश संचित कोषमा दालिखा गर्नु पर्दछ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले एकल कर प्रशासन सम्बन्धी व्यवस्थामा स्थानीय तहले विज्ञापन कर उठाउँदा प्रदेशले लगाएको विज्ञापन कर समेत उठाउने प्रावधान राखेको छ। सोही ऐनको अनुसूची ३ कर शीर्षकमा स्थानीय तहले लगाउन सक्ने करमा विज्ञापन कर समेत उल्लेख छ।

**विद्यमान अवस्था :** दमक नगरपालिकाको आर्थिक ऐन, २०७९ को दफा ८ मा विज्ञापन कर उठाउने प्रावधान अनुसार अनुसूची ४ मा सात प्रकारका विज्ञापन कर दर तोकेको छ। तथापि हालसम्म यो नगरपालिकाले विज्ञापन कर कार्यान्वयनमा ल्याएको छैन । यो कर वापत आ.व. २०७७/७८ मा रु. २४,५००।- प्रदेश सरकारबाट बाँडफाँट भई प्राप्त गरेको र आ.व. २०७८/७९ मा रु. १,००,०००।- प्राप्त अनुमान गरेको भएतापनि यथार्थ आयमा रकम प्राप्त भएको देखिँदैन।

**करको सम्भावना :** नगरपालिका स्तरीय छलफलमा विज्ञापन कर कार्यान्वयन गर्नुपर्ने सुझाव प्राप्त भएको र यसका लागि नगरपालिकाले शिघ्र पहल गर्नुपर्ने सुझाव प्राप्त भएको छ।

**सुधार गर्नुपर्ने पक्षहरु :** विज्ञापन करका दर निर्धारण गर्दा विद्युतीय माध्यमका साधनहरुको दर समेत समावेश गर्नुपर्ने हुन्छ। नगरपालिकाले सूचना जारी गरी विज्ञापनकर्ताहरुलाई विज्ञापन करको दर र कार्यान्वयन बारे जानकारी गराउनु पर्ने । नगरपालिका र वडा कार्यालयहरुले मुख्य सडक, बजार तथा शहरी क्षेत्रका विज्ञापनहरुको विवरण गणना गरी सम्बन्धित विज्ञापनकर्ताहरुलाई कर तिर्न आह्वान गर्नुपर्दछ।

### (८) मनोरञ्जन कर :

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहले मनोरञ्जन कर लगाउने र एकल प्रशासन अन्तर्गत बाँडफाँट गर्ने प्रावधान राखेको छ। प्रदेश नं. १ को आर्थिक ऐन, २०७९ ले मनोरञ्जन कर उठाउने

बारेको प्रावधान उल्लेख गरी मनोरञ्जन करका दर तोकेको छ । यसमा चलचित्र, भिडियो घर, नाटक घर, कन्सर्ट, थिएटर, दोहोरी साँझ, डान्सबार, मनोरञ्जनात्मक स्थल, जादु, सर्कस, मेला आदि पर्दछन् ।

**विद्यमान अवस्था :** दमक नगरपालिकाले हालसम्म मनोरञ्जन कर कार्यान्वयनमा ल्याएको छैन । नगरपालिका भित्र चलचित्र, सामयिक रुपमा हुने कन्सर्ट, थिएटर, जादु सर्कस मेलामा प्रवेश टिकट वा एकमुष्ट निर्धारित दर अनुसार लगाउन उपयुक्त हुन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** नगरपालिकाले मनोरञ्जन प्रदायक संस्था/व्यक्तिहरुसँग छलफल गरी प्रवेश टिकटमा निर्धारित कर लगाई असुल गर्ने । प्रवेश टिकटमा त्यस्तो कर लगाउन असुविधा हुने क्षेत्रहरुमा पटके वा वार्षिक दर निर्धारण गरी कार्यान्वयनमा लैजानु पर्ने हुन्छ ।

### ३.३.२ गैर कर राजस्व

नगरपालिकाको आन्तरिक राजस्वको महत्वपूर्ण स्रोत करको अलावा सेवा शुल्क, दस्तुर, विक्रीबाट प्राप्त आय लगायतको गैरकर स्रोत पनि हुन् । यस नगरपालिकामा यस्ता गैरकरका स्रोत परिचालनबाट पनि ठूलो परिमाणमा राजस्व आर्जन हुने गरेको छ । मुख्य गैरकर राजस्वहरु देहायबमोजिम रहेका छन् :

**(१) अन्य बिक्रीबाट प्राप्त (प्राकृतिक एवं खानीजन्य वस्तु)**

संघीय कानूनको रुपमा रहेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क मा खानीजन्य तथा प्राकृतिक वस्तुको बिक्री नगरपालिकाले गर्न सक्ने व्यवस्था रहेको छ । यसमा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, वालुवा, माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गर्न सक्ने र त्यसरी विक्री गरिएको रकम नगरपालिकाको संचित कोषमा दाखिला गर्ने व्यवस्था गरिएको छ ।

वन ऐन, २०७६ ले वन पैदावारको परिभाषा गर्दै वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका काष्ठ पैदावार, गैरकाष्ठ वन पैदावार वा चट्टान, माटो, नदिजन्य र खनिज पदार्थलाई सम्झनु पर्छ भनी व्यवस्था गरेकोले र नेपाल सरकारले २०७७ को श्रावणमा जारी गरेको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, व्यवस्थापन तथा विक्री सम्बन्धी मापदण्ड, २०७७ (पहिलो संशोधन २०७९ सहित) ले सार्वजनिक खोला, नालाको आफ्नै निर्णयले, खानीक्षेत्रको सम्बन्धित निकायबाट अनुमति प्राप्त गरेपछि आफ्नै निर्णयले र वन तथा चुरेक्षेत्रको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, सङ्कलन र विक्री गर्दा सम्बन्धित निकायको सहमतिमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित विधि अनुसार गर्नुपर्ने उल्लेख गरिएको छ । यसरी नदीजन्य तथा खानीजन्य पदार्थ विक्री, वितरण तथा दर्ता नवीकरणबाट प्राप्त आयको चालीस प्रतिशत सम्बन्धित प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने प्रावधान रहेको छ ।

यसैगरी वातावरण संरक्षण नियमावली, २०७७ नियम ३ तथा अनुसूची २ (क ११ तथा ग ४) अनुसार खानीको हकमा दैनिक ५० देखि ५०० घन मिटरसम्म उत्खनन्को कार्य र वन क्षेत्रको खोलाको हकमा दैनिक ५० घनमिटर भन्दा बढी बालुवा, ढुंगा, ग्राभेल र माटो सङ्कलन गर्न प्रारम्भिक वातावरणीय परीक्षण (आई.ई.ई) गर्नुपर्ने व्यवस्था छ ।

प्रदेश नं. १ को आर्थिक ऐन, २०७९ को दफा ६ मा प्रदेश सरकारको क्षेत्रभित्रको माटो, ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तरको सङ्कलन अनुसूची ४ मा तोकिए बमोजिमको कर गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले सङ्कलन गर्ने, गराउनेछ भन्ने व्यवस्था रहेको छ । उक्त रकम विभाज्य कोषमा राखी साठी प्रतिशत सम्बन्धित गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले स्थानीय सञ्चित कोषमा राखी बाँकी चालीस प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । यसैगरी स्थानीय तहले आफ्नो क्षेत्रभित्र माटो, ढुङ्गा, गिटी, बालुवा र दहत्तर बहत्तरको सङ्कलन गर्नु अघि

प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गर्नुपर्ने र सम्बन्धित मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था समेत गरेको छ । सोही अनुसूची ४ मा प्राकृतिक स्रोत करका रुपमा ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र रोडा (स्वीकृत खानी क्षेत्र बाहेक) को प्रति घनफिट रु.४, माटो (स्वीकृत खानी क्षेत्र बाहेक) प्रति घनफिट ३ रुपैयाँ निर्धारण भएको छ ।

**विद्यमान अवस्था :** दमक नगरपालिकाले यस शीर्षक अन्तर्गत दहत्तर बहत्तर बिक्री आय शीर्षक राखी कोशी प्रदेश सरकारबाट निर्धारण गरेको दरमा राजस्व उठाउँदै आएको छ । यसका लागि सीमा जोडिएका मिक्लाजुङ गाउँपालिकासँग मावा खोला र कमल गाउँपालिका तथा उर्लाबारी नगरपालिकासँगको साझेदारीमा रतुवा खोलाबाट राजस्व सङ्कलन गर्दै आएको छ । सङ्कलित रकम प्रदेश सरकासँग बाँडफाँट गर्ने गरेको छ । नगरपालिकाले यस शीर्षकमा प्राप्त गरेको आम्दानी **तालिका १४** मा दिइएको छ ।

**तालिका १४: प्राकृतिक तथा खानीजन्य वस्तुको प्रस्तावित र यथार्थ आय**

| आर्थिक वर्ष | प्रस्तावित आय (रु.) | यथार्थ आय (रु.) |
|---|---|---|
| २०७७/७८ | नभएको | नभएको |
| २०७८/७९ | २३000000 | २२९३८४0५ |
| २०७९/८० | २0000000 | – |

*स्रोत : दमक नगरपालिका, राजस्व शाखा*

नगरपालिकाले आ.व. २०७९/८० का लागि साझा सीमा खोलाबाट ढुंगा, गिट्टी, बालुवा, माटो बिक्री वापत रु. ३ करोड ७७ लाख ५७ हजार ३ सयमा ठेक्का लगाएको छ ।

**करको सम्भावना :** विभिन्न निर्माण कार्यका लागि ढुंगा, गिट्टी, बालुवा, माटो/भरौट मागमा वृद्धि हुने भएकोले थप क्षेत्रबाट पनि यस्ता वस्तु बिक्री हुन सक्ने सम्भावना छ। हालसम्म दहत्तर बहत्तर (खोलाले बगाई ल्याएको काठ/दाउरा/जराजुरी) बिक्रीबाट आय आर्जन गरेका देखिँदैन । विशेषतः रतुवा खोलामा यसको सम्भावना रहेको छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** प्राकृतिक तथा खानीजन्य वस्तुको थप स्रोत पहिचान गरी प्रचलित कानुन बमोजिम परिचालन/बिक्री गर्ने । चोरी निकासीलाई नियन्त्रण गर्न स्थानीय समुदायलाई उपयुक्त संयन्त्र र उत्प्रेरण गराउने र नगर प्रहरीलाई अनुगमन निरीक्षणमा परिचालन गर्ने । दहत्तर बहत्तर सङ्कलन/बिक्री बारे कोशी प्रदेश सरकार, वन डिभिजन कार्यालयसँग छलफल तथा समन्वय गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । यी स्रोतहरु स्थानीय सरकारको एकल अधिकार क्षेत्रमा रहेकोले र नेपाल सरकारको मापदण्डसँग स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सँग बाझेको हुनाले यसका लागि स्थानीय तहका संघ/महासंघ समेतको सहभागितामा बहस-पैरवी गरी बाझिएको प्रदेश कानून र मापदण्डमा सुधार गराउन उपयुक्त हुन्छ ।

### (२) बहाल विटौरी शुल्क

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५९ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत बहाल विटौरी शुल्क लगाउन सक्ने व्यवस्था छ भने दफा ९७ नगरपालिकाले आफ्नो क्षेत्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रवन्ध गर्नुपर्ने जिम्मेवारी दिएको छ ।

**विद्यमान अवस्था :** बहाल बिटौरी शुल्क दमक नगरपालिकाको राम्रो आयको स्रोत रहँदै आएको छ । यस शीर्षक अन्तर्गत नगरपालिकाले बहाल बिटौरी र सरकारी सम्पत्तिको बहालबाट हुने आय शीर्षकमा आम्दानी बाँध्ने गरेको छ । यी दुई शीर्षकबाट नगरपालिकाले गरेको आम्दानी निम्न **तालिका १५** मा देखाइएको छ ।

**तालिका १५: बहाल बिटौरी शुल्कबाट प्राप्त यथार्थ तथा प्रस्तावित आय (रकम रु.मा)**

| आर्थिक वर्ष | बहाल बिटौरी शीर्षक | सरकारी सम्पत्तिको बहाल शीर्षक | जम्मा |
|---|---|---|---|
| २०७६/७७ | ४३५५५ | ३३८९५०० | ३४३३०५५ |
| २०७७/७८ | २२००० | ५२११५८६ | ५२३३५८६ |
| २०७८/७९ | - | ७८०२२६१ | ७८०२२६१ |
| २०७९/७० (प्रस्तावित) | ३५००० | ७५००००० | ७५३५००० |

*स्रोत : दमक नगरपालिका, राजस्व शाखा*

नगरपालिकाले बसपार्क, सब्जीलाइन, मासु लाइनमा सटरहरु, दमक मार्ट कम्प्लेक्स, सुनचाँदी, सपिङ्ग कम्प्लेक्स आदिबाट राजस्व सङ्कलन गर्दै आएको छ । बहाल बिटौरी शुल्क अन्तर्गत हाल न्यून वा शुन्य राजस्व सङ्कलन हुने गरेको छ । दमकका बजार क्षेत्रमा साना-ठूला गरी करिब २५० घुम्ती ठेला रहेको (दमक नगरपालिकाको राजस्व सुधार कार्ययोजना, २०७६) भएता पनि हालसम्म शुल्क लगाइएको छैन ।

दमक नगरपालिकाको आर्थिक ऐन, २०७९/८० मा नगरपालिकाले सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटो छेउ थाप्न दिएका अस्थायी पसलहरु बहाल बिटौरी शुल्क लगाइने भन्ने प्रावधान छ। यसैगरी सरकारी सम्पत्ति तर्फ नगरपालिकाको स्वामित्वमा रहेका जमिन भाडामा दिने सम्बन्धमा सम्बन्धित पक्षसँग सम्झौता गरी प्रति वर्ग फिट रु. १० का दरले बहाल बिटौरी शुल्क असुल गरिने प्रावधान रहेको छ ।

यसैगरी सरकारी सम्पत्तिको बहालबाट प्राप्त हुने आयबारे अनुसूची ८ मा दर निर्धारण गरिएको र सम्झौता बमोजिमका शर्त अनुसार हुने भन्ने प्रावधान छ । हाल नगरपालिकाको स्वामित्वमा रहेका संरचनाहरुको विवरण **तालिका १६** मा प्रस्तुत गरिएको छ ।

**तालिका १६: नगरपालिकाको स्वामित्वमा रहेका संरचनाहरुको विवरण**

| क्र.सं. | विवरण | कोठा संख्या | मासिक भाडा (रु.) (सम्झौता बमोजिम) |
|---|---|---|---|
| १ | पक्की ठूलो पसल | - | |
| २ | पक्की सानो पसलहरु | - | |
| ३ | सटर भएका पक्की पसलहरु | ५७ | |
| ४ | टिन छाना पसल/खुल्ला सेड | १३६ | |
| ५ | गोदाम घर ठूलो | १ | |
| ६ | गोदाम घर | ५ | |
| ७ | मासु लाइनका पसलहरु | २६ | |
| ८ | सुनचाँदी लाइन पक्की सटर (पश्चिम मोहडा) | १ | |
| ९ | सुनचाँदी लाइन पक्की सटर (दक्षिण मोहडा) | ७ | |

*स्रोत : दमक नगरपालिका, राजस्व शाखा*

उपरोक्त अनुसारका संरचना बाहेक सुनचाँदी लाइनमा सपिङ्ग कम्प्लेक्स निर्माणाधीन रहेको छ भने बहुतले बस पार्किङ्ग भवनको DPR तयार भएको छ । यस्तै गरी अतिथि गृह, सभा भवन निर्माण सम्पन्न पश्चात आय आर्जन हुने सम्भावना छ ।

**शुल्कको सम्भावना :** बहाल बिटौरी शुल्कमा सार्वजनिक, पर्ति र सडक छेउ सञ्चालन भएका ठेला/ट्रलीबाट थप राजस्व परिचालनको सम्भावना रहेको छ भने हाल नगरपालिकाको स्वामित्वमा रहेका संरचनाहरुबाट तथा नयाँ बन्ने संरचनाहरुबाट थप राजस्व सङ्कलन हुनेछ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** नगरपालिकाले आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका सटर/पसल, हाट, बजार आदिको बहाल वापतको रकम समय मै असुली गर्ने । नगरपालिकाले अस्थायी पसलहरुलाई व्यवस्थित गर्ने, हरेक परिवारलाई नियमित रुपमा आवश्यक हुने तरकारी, फलफूल जस्ता उपभोग्य सामग्रीहरुको हप्तामा हाट बजार लाग्ने दिनको संख्यामा वृद्धि गर्दा पनि राजस्व वृद्धि हुन सक्दछ । सार्वजनिक, सरकारी तथा पर्ति जग्गा र सोको प्रयोग सम्बन्धी लगत अद्यावधिक गर्ने र बहाल विटौरी शुल्क असुली गर्ने । साथै उक्त संरचनाहरुको नियमित मर्मत संभार, शौचालय, खानेपानी लगायतको व्यवस्थापनमा ध्यान दिने आदि ।

### (३) नक्सापास दस्तुर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने कुरा उल्लेख गर्दै दफा ३३ (४) मा भवन निर्माण गर्ने अनुमति दिँदा लाग्ने दस्तुर नगरपालिकाले तोके वमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था :** नक्सापास दस्तुर नगरपालिकाको ठूलो आन्तरिक आयको स्रोतको रुपमा रहेको छ । नगरपालिकाले शहरी क्षेत्र, ग्रामीण क्षेत्र र नक्सा नामसारीको दर निर्धारण गरी लागू गरेको छ । नगरपालिका क्षेत्रमा भएका नक्सा दर्ता, चरणहरु, तला थप, कम्पाउण्ड वाल, सम्पन्न, I beam लगायतको गतिविधिबाट र यस शीर्षकमा सङ्कलन भएको दस्तुरबाट आय प्राप्तिको विवरण तलको **तालिका १७** मा दिइएको छ ।

**तालिका १७: नक्सापास सम्बन्धी विवरण**

| आर्थिक वर्ष | नक्सा दर्ता लगायत | राजस्व सङ्कलन (रु.) | कैफियत |
|---|---|---|---|
| २०७६/७७ | ४७४ | १३७२५७१६ | अभिलेखीकरणको दस्तुर सहित |
| २०७७/७८ | ५३६ | १९३०९२११ | अभिलेखीकरणको दस्तुर सहित |
| २०७८/७९ | ७१७ | १८५६९८५६ | अभिलेखीकरणको दस्तुर सहित |
| २०७९/८० (प्रस्तावित) | - | १६५००००० | |

*स्रोत : दमक नगरपालिका, नक्सा शाखा तथा बजेट पुस्तकहरु*

माथिको तथ्याङ्क अनुसार नक्सापास तर्फ संख्यामा वृद्धि हुँदै गएको छ भने राजस्व प्राप्तीमा आ.व. २०७८/७९ र चालु आ.व. २०७९/८० मा अभिलेखीकरण न्युन हुन भएकोले प्रस्तावित रकम घट्दै गएको छ ।

**नक्सापास दस्तुरको सम्भावना :** दमक नगर क्षेत्रमा जनसंख्याको वृद्धि, बढ्दो शहरीकरणका कारण नक्सापास संख्यामा वृद्धि हुने हुनाले राजस्व सङ्कलन वृद्धि हुने हुन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** नगरपालिकाका ग्रामीण क्षेत्रहरुका लागि उपयुक्त हुने घर नक्साका नमूनाहरु तयार गरी सेवाग्राहीहरुलाई उपलब्ध गराउँदा त्यस्ता घरहरु निर्माणमा मितव्ययीता हुने र नक्सापास गर्ने अभ्यास बढाउँन सकिन्छ । यसबाट कम आय हुने घर परिवारलाई थप सेवा पनि पुग्दछ ।

### (४) कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर

**विद्यमान अवस्था :** दमक नगरपालिकाले पशुहाटको व्यवस्था गरी यस शीर्षकमा राजस्व सङ्कलन गर्दै आइरहेको छ । नगरपालिकाको आर्थिक ऐन, २०७९ को दफा ९, अनुसूची ५ मा पशुहरुको सट्टापट्टा, ठूला चौपाया, साना चौपायाका बिक्रीका लागि दर निर्धारण गरेको छ । हालका वर्षहरुमा खेती तथा ढुवानीमा यान्त्रिकीकरण हुँदै गएको, उन्नत गाई-भैंसी पालन वृद्धि हुँदै गएबाट पशुहाटमा आउने पशु संख्यामा कमी हुँदै गएको र त्यसबाट उठ्ने राजस्वमा पनि कमी भइरहेको देखिन्छ । यस शीर्षकबाट परिचालन भएको कूल राजस्व **तालिका १८** मा दिइएको छ ।

**तालिका १८: कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारबाट संकलित रकम**

| आर्थिक वर्ष | सङ्कलित रकम (रु.) |
|---|---|
| २०७६/७७ | १३१८२२१५ |

| आर्थिक वर्ष | सङ्कलित रकम (रु.) |
|---|---|
| २०७७/७८ | ५१९१७८१ |
| २०७८/७९ | १२६१७९६५ |
| २०७९/८० (ठेक्का) | ११७८६६६६ |

*स्रोत : दमक नगरपालिका, राजस्व शाखा*

**सुधारात्मक पक्ष :** नगरपालिकाको अन्य सम्भावित क्षेत्रमा साप्ताहिक हाट बजारको व्यवस्था गरी कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबार वृद्धि गराई थप राजस्व प्राप्त गर्नसक्ने ।

### (५) पूर्वाधार सेवा उपयोगमा लाग्ने शुल्क

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (२) घ अनुसार सडक पूर्वाधारको उपयोगमा शुल्क लगाउन सक्ने प्रावधान रहेको छ ।

**विद्यमान अवस्था :** दमक नगरपालिकाले साविकमा दमक शहरी क्षेत्रभित्र प्रवेश गर्ने सवारी साधनमा शुल्क लगाउँदै आएकोमा हाल यो शुल्क खारेज गरेको छ । नगरपालिकाले निर्माण, सञ्चालन र व्यवस्थापन गर्दै आएको तथा नगरपालिकामा हस्तान्तरण भई आएका पक्की तथा अर्धपक्की सडकमा शुल्क लगाउने बारे नगरस्तरीय छलफलमा प्रस्ताव भए अनुसार निम्न सडकहरुमा शुल्क लगाई सङ्कलन गर्ने प्रस्ताव गरिएको छ । आगामी वर्षहरुमा ५ कि.मी. भन्दा बढी लम्बाई भएका अन्य सडकहरुमा यस्तो शुल्क लगाउन उपयुक्त हुन्छ ।

**तालिका १९: सडक पूर्वाधारमा शुल्क लगाउने बारे प्रस्तावित विवरण**

| क्र.सं. | सडकको नाम | लम्बाई (कि.मी.) | चारपाङ्ग्रे सवारी साधनको दैनिक आवागमन | | प्रस्तावित दर/टिप | | दैनिक सम्भाव्य आय प्रतिदिन (रु.) | | कूल अनुमानित आय (रु.) | वार्षिक अनुमानित आय (रु.) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | दमक रिङरोड | २० | २० | ५० | ४० | २५ | ८०० | १२५० | २०५० | ७४८२५० |
| २ | हाइवे-सेतुबारी | १२ | ५० | १०० | ४० | २५ | २००० | २५०० | ४५०० | १६४२५०० |
| ३ | दमक-मधुमाला | ७ | ५० | १०० | ३० | २० | १५०० | २००० | ३५०० | १२७७५०० |
| ४ | हिमालय मा.वि.-ढुकुरपानी | ५ | ३० | ७० | ३० | २० | ९०० | १४०० | २३०० | ८३९५०० |
| ५ | कृष्ण मन्दिर-बेलडाँगी | ६ | १५ | ३० | ३० | २० | ४५० | ६०० | १०५० | ३८३२५० |
| | जम्मा | | | | | | | | | ४८९१००० |

*नोट : साना सवारी साधन : जीप, कार, भ्यान आदि, ठूला साधन : बस, ट्रक, ट्रेक्टर आदि*
*स्रोत : नगरपालिकास्तरीय छलफलमा आधारित*

**सुधार गर्नुपर्ने पक्षहरु :** नगरपालिकाले आर्थिक ऐनमा सडक उपयोग शुल्क बारे व्यवस्था गरी दर रेट निर्धारण गर्नुपर्ने हुन्छ । यस्तो शुल्क उठाउन निजी व्यक्ति वा संस्था सम्झौता गरी वार्षिक ठेक्का लगाउन सकिन्छ । नियमित रुटमा चल्ने सवारी साधन (बस, माइक्रो आदि) लाई मासिक वा वार्षिक अङ्क निर्धारण गरी सम्झौता गर्न सकिन्छ । सडक शुल्कबाट सङ्कलन हुने रकमलाई सडक मर्मर सम्भार कोषमा राखी त्यसको केही अंश सडक मर्मर सम्भारमा छुट्याउने व्यवस्था हुन उपयुक्त हुन्छ ।

**पार्किङ्ग शुल्क**

नगरपालिकाको आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत पार्किङ्ग शुल्क लगाउन सक्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६०) ले गरेको छ ।

**विद्यमान अवस्था :** दमक नगरपालिकाले आर्थिक ऐन, २०७९ को दफा १४, अनुसूची १० मा दिवा र रात्री पार्किङ्ग शीर्षकमा पार्किङ्ग शुल्क निर्धारण गरेको छ । पार्किङ्ग शुल्क वापत सङ्कलित रकमको विवरण **तालिका** २० मा प्रस्तुत गरिएको छ ।

**तालिका २०: नगरपालिकाले पार्किङ्ग शुल्कबाट सङ्कलित रकम (रु.)**

| आर्थिक वर्ष | वार्षिक आय | कैफियत |
|---|---|---|
| २०७६/७७ | ३७०११०० | |
| २०७७/७८ | ३१७१७५ | |
| २०७८/७९ | १८७३८९४ | |
| २०७९/८०* | ५४६९००० | बसपार्क ठेक्का र अन्य पार्किङ्ग क्षेत्र |

**आय ठेक्का विवरण, २०७९/८० तथा राजस्व शाखाको रेकर्ड ।*

*स्रोत : दमक नगरपालिका, राजस्व शाखा*

यसरी हेर्दा विगत तथा हालको राजस्व प्राप्तीमा ठूलो उतार चढाव देखिन्छ। आ.व. २०७९/८० मा बसपार्कको मात्र ठेक्का रकम रु. ४७ लाख ७८ हजार ७ सय ६२ कबुल भएको छ । नगरपालिकाले व्यवस्थित बसपार्क (टर्मिनल) सञ्चालन गरी ठूलो आय प्राप्ती गरिहेको छ ।

**शुल्कको सम्भावना :** नगरस्तरीय छलफलमा नगरपालिकाले बजार क्षेत्रहरुमा थप पार्किङ्ग स्थल निर्माण गरी राजस्व थप उठाउने प्रस्ताव गरेको छ । यसैगरी नगरपालिकाले आगामी आ.व. देखि शहरी क्षेत्रभित्र २ चक्के तथा ३ चक्के सवारी साधनमा पार्किङ शुल्क लगाउने भएबाट थप राजस्व सङ्कलन हुनसक्ने देखिन्छ ।

## (६) अन्य कर तथा गैरकर राजस्वको विद्यमान अवस्था, सम्भावना तथा सुधार गर्नुपर्ने पक्षहरु

| क्र.सं. | गैरकर राजस्व<br>दस्तुर, सिफारिश तथा प्रमाणित दस्तुर, सेवा शुल्क | विद्यमान अवस्था | सम्भावना | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|---|---|---|
| १ | **विज्ञापन कर** | • आ.व. २०७७/७८ मा रु. २४,५०० प्रदेश सरकारबाट प्रापत भएको<br>• नगरपालिकाले दर निर्धारण गरेको | सम्भावना रहेको, वडागत तहबाट राजमार्ग तथा बजार क्षेत्रमा विज्ञापन गणना गरी लागू गर्नुपर्ने । हाल एकमुष्ट रु. २००,०००।- अनुमान | विद्युतीय माध्यमका विज्ञापनका दर समावेश गरी लागू गर्ने |
| २ | **मनोरञ्जन कर** | • **कोशी प्रदेश**को आर्थिक ऐन बमोजिम नगरपालिकाले दर निर्धारण गरेको | सम्भावना रहेको, हाल एकमुष्ट रु. २००,०००।- अनुमान | सेवा प्रदायकसँग छलफल गरी चलचित्र, भिडियो, डान्सबार आदिमा प्रवेश टिकत मार्फत लागू गर्ने |
| ३ | **सरकारी सम्पत्तिको बिक्रीबाट प्राप्त हुने रकम** | • घटबढ हुने गरेको, विगत ३ वर्षको औषत रकम करिब रु. १५०,००० रहेको | निरन्तर हुने अनुमान | |
| ४ | **अन्य बिक्रीबाट प्रापत हुने आय** | • घटबढ हुने गरेको, विगत २ वर्षको औषत आय करिब रु. ५२८,००० भएकृ | अनिश्चित | स्रोत उल्लेख हुनुपर्ने |

| क्र.सं. | गैरकर राजस्व<br>दस्तुर, सिफारिश तथा प्रमाणित दस्तुर, सेवा शुल्क | विद्यमान अवस्था | सम्भावना | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|---|---|---|
| ५ | **सिफारिस दस्तुर**<br>स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) घ (७) तथा दफा १२ (ङ) | विगत ३ वर्षको औषत आय रु. १,३३,२८,३६७ चालु आ.व.मा रु. १,६५,००,००० अनुमान गरिएको | निरन्तर हुने अनुमान | |
| ६ | **नाता प्रमाणित दस्तुर**<br>स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) घ (७) तथा दफा १२ (ङ) | विगत ३ वर्षको औषत आय रु. १०,९२,००० भएको, चालु आ.व.मा रु. ५००,००० अनुमान गरिएको | निरन्तर हुने अनुमान | |
| ७ | **सेवा शुल्क**<br>पर्यटन शुल्क<br>स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (१) | • हाल पर्यटन शुल्क नलगाइएको<br>• शहिद वन बाटिका, दमक भ्यूटावर, सिमसार क्षेत्रमा भविष्यमा सम्भावना रहेको | | • पर्यटन व्यवसाय गर्ने व्यवसायीसँग परामर्श गरी प्रवेश टिकटमा पर्यटन शुल्क लगाउने<br>• Product अनुसार दर निर्धारण गर्ने । |
| ८ | **अन्य सेवा शुल्क**<br>स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (१) र दफा ६२ (२) | • शौचालय, फोहोरमैला व्यवस्थापन, पशु वधशाला जस्ता सुविधाहरु सञ्चालनमा रहेको<br>• अचल सम्पत्ति मूल्याङ्कन सेवा, सिफारिस सेवा सञ्चालनमा छन्<br>• विगत ३ वर्षको औषत आय रु. ९,५६,००० रहेको<br>• चालु आ.व.मा रु. २७,५०,००० अनुमान गरिएको | • हाल विभिन्न शीर्षक अन्तर्गत सेवा शुल्क सङ्कलन भइरहेको<br>• नियमित असुल हुने | विभिन्न शीर्षमा सेवा शुल्कको लेखापालन ( प्रविष्टी) अलग राख्ने । |
| ९ | **न्यायिक दस्तुर** | • विगत ३ वर्षको औषत आय रु. ४५,५०० रहेको<br>• चालु आ.व.मा १००,००० अनुमान भएको | नियमित असुल हुने | |
| १० | **शिक्षाा क्षेत्रको आय** | • विगत ३ वर्षको औषत आय करिब रु. ८४,००० रहेको<br>• चालु आ.व.मा रु. २००,००० अनुमान गरिएको | असुल हुन सक्ने | |
| ११ | **परीक्षा शुल्क** | • विगत ३ वर्षको औषत आय करिब रु. ३७,७०० रहेको<br>• चालु आ.व.मा रु. ५०,००० अनुमान गरिएको | असुल हुन सक्ने | |
| १२ | **अन्य दस्तुर**<br>स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (घ) (७), (१३), ११ (४) मा उल्लेखित कार्य सम्पादन | • नगरपालिकाले व्यक्तिगत घटना दर्ता दस्तुर, दण्ड जरिवाना आदिबाट विगत ३ वर्षमा औषत रु. ८,८९,५०० आय भएको | नगरपालिकाले कार्य सम्पादनका आधारमा उठाइने हुनाले नियमित आयका | |

| क्र.सं. | गैरकर राजस्व<br>दस्तुर, सिफारिश तथा प्रमाणित दस्तुर, सेवा शुल्क | विद्यमान अवस्था | सम्भावना | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|---|---|---|
| | गर्दा सिर्जना हुने दस्तुर ,योग्य स्रोतहरु | • चालु आ.व. मा रु. १०,००,००० आय हुने अनुमान भएको | रुपमा सम्भावना रहेको | |
| १३ | **सामुदायिक वनबाट आय**<br>स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (ख) | • हालसम्म यस शीर्षकमा राजस्व अनुमान नगरिएको<br>• सामुदायिक वनबाट आय हुनसक्ने | सम्भावना भएको करिब ६७७ हेक्टर सामुदायिक वनबाट हुन सक्ने कूल अनुमानित आय रु. २७५४।५०० को १०% ले हुन आउने रु. २७५।४५० (दमक नगरपालिकाको राजस्व सुधार कार्ययोजना, २०७६ लाई आधार बनाइएको | • सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग बाट भएको आम्दानीको १०% नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने<br>• सामुदायिक वन उपभोक्ता समितिसँग अन्तरक्रिया/छलफल गर्ने |
| १४ | **अन्य प्रशासनिक सेवा शुल्क** | • विगत ३ वर्षको औषत आय रु. ६७,३८,५९६ रहेको<br>• चालु आ.व.मा रु. ७३,१४,७०३ अनुमान गरिएको | नियमित असुल हुने | |
| १५ | **अन्य राजस्व** | • विगत ३ वर्षको औषत आय रु. ५,०२,६००० रहेको<br>• चालु आ.व.मा रु. २५,००,००० अनुमान गरिएको | नियमित असुल हुने | स्रोत र शीर्षक स्पष्ट गर्ने |
| १६ | **खानेपानी महशुल निजी धारा** | • विगत ३ वर्षको औषत आय १,४४,००० रहेको<br>• चालु आ.व.मा रु. ३०,००० अनुमान गरिएको | नियमित असुल हुने | |

## (७) घरजग्गा रजिष्ट्रेशन दस्तुर

नगरपालिकाले आफ्नो क्षेत्रभित्रका घरजग्गा एक व्यक्तिको स्वामित्वबाट अर्को व्यक्तिको स्वामित्वमा हस्तान्तरण गर्दा लिने र दिने व्यक्तिबाट प्रदेश आर्थिक ऐनमा तोकिए बमोजिम असुल गरिएको राजस्वको साठी प्रतिशत प्राप्त गर्ने गर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा यस्तो स्वामित्व हस्तान्तरणको कार्य नगरपालिकाले नै गर्ने उल्लेख गरेतापनि हाल नगरपालिकामा क्षमता पर्याप्त नरहेको र संघीय सरकार मातहत रहेको जिल्ला मालपोत कार्यालयबाट घरजग्गाको अभिलेख समेत हस्तान्तरण भइ नसकेकोले चालु आर्थिक वर्षमा पनि जिल्ला मालपोत कार्यालयले नै कोशी प्रदेशको कानूनमा तोकिए बमोजिम दस्तुर असूल उपर गर्ने गरेको छ र असुल भएको रकम प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयले मासिक रुपमा सम्बन्धित स्थानीय तह र प्रदेश सरकारको सञ्चित कोषमा दाखिला हुनेगरी पठाउने गरेको छ ।

यसरी घरजग्गा रजिष्ट्रेशनको अंक निर्धारण गर्दा प्रत्येक जग्गाको न्यूनतम मूल्याङ्कन निश्चित गर्न मालपोत नियमावलीको प्रावधान बमोजिम प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला समन्वय समितिको प्रमुख, प्रमुख कर अधिकृत वा कर कार्यालय नभएको स्थानमा कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख, नापी

शाखाको प्रमुख, उद्योग वाणिज्य संघको प्रतिनिधि, प्रमुख नापी शाखा र मालपोत कार्यालयको प्रमुख सदस्य सचिव रहेको समितिले वार्षिक रुपमा गरेको न्यूनतम मूल्याङ्कन अनुसार जग्गाको थैली निश्चित हुने गरेको छ । नगरपालिकाले यस्तो मूल्याङ्कन वास्तविक रुपमा कारोबार हुने गरेको मूल्य भन्दा फरक नपरोस भन्नाका लागि आफ्नो नगरपालिकाको लगत तयार गरी मालपोत कार्यालयमा अध्यावधिक गराउने गर्नु पर्दछ ।

दमक नगरपालिकाले कोशी प्रदेश सरकारबाट घरजग्गा रजिष्ट्रेशन दस्तुर वापत प्राप्त राजस्वको प्राप्ती र आ.व. २०७९/८० को प्रस्तावित आय **तालिका २१** अनुसार रहेको छ ।

**तालिका २१: घरजग्गा रजिष्ट्रेशन दस्तुरको बार्षिक प्रस्तावित र यथार्थ आम्दानी**

| आर्थिक वर्ष | प्रस्तावित आम्दानी | यथार्थ आम्दानी | कैफियत |
|---|---|---|---|
| आ.व. २०७६/७७ | | | |
| आ.व. २०७७/७८ | ७,५०,००,००० | - | |
| आ.व. २०७८/७९ | १५७५००,००० | १२६४७०८५१ | |
| आ.व. २०७९/८० | **१६,००,००,०००** | **-** | |

*स्रोत : दमक नगरपालिका, राजस्व शाखा*

# परिच्छेद - चारः आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था

दमक नगरपालिकाको स्थापना ४० वर्ष अघि (वि.सं. २०३९ साल) गठन भई सञ्चालनमा रहेको हुनाले यसले परिपक्वता हासिल गरेको छ । नेपालको संविधान, २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भए पश्चात नगरपालिकाको कार्य जिम्मेवारी र वित्तीय जिम्मेवारीमा बढोत्तरी भए अनुसारका कार्यहरु गर्दै आईरहेको छ । यस परिच्छेदमा नगरपालिकाले राजस्व परिचालनका क्षेत्रमा गरेको प्रयासहरु तथा राजस्व सङ्कलनको अवस्था संक्षेपमा उल्लेख गरिएको छ ।

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति

नगरपालिकाले आफ्नो वार्षिक नीति तथा कार्यक्रम मार्फत प्रत्येक वर्ष राजस्व परिचालन सम्बन्धी नीति समेत स्वीकृत गर्ने गर्दछ । एघारौं नगरसभाबाट पारित आ.व. २०७९/८० को बजेट नीति तथा कार्यक्रममा उल्लेखित मुख्य नीतिहरु निम्न अनुसार रहेका छन् ।

(१) राजस्वका दरहरुको जानकारी तथा आर्थिक वर्षमा हुने राजस्वका दायरा वृद्धिका लागि वडा कार्यालय र सम्बन्धित निकायहरुसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने,

(२) उत्कृष्ट करदातालाई सम्मान गरिने,

(३) दमक उद्योग वाणिज्य संघ, आन्तरिक राजस्व कार्यालय र अन्य सरोकारवाला संस्थाहरुसँग समन्वय र सहकार्य गरिने,

(४) आ.व. २०७९/८० देखि विद्युतीय भुक्तानी प्रणाली लागू गरिने,

(५) सबै राजस्वका किसिमहरुलाई सफ्टवेयर प्रणालीमा आवद्ध गरिने,

(६) नेपाल-चीन औद्योगिक मैत्रीपार्क सञ्चालनमा आएको १० वर्षसम्म स्थानीय करमा छुट दिइने,

(७) वैदेशिक अध्ययनमा जाने विद्यार्थीहरुलाई सम्पत्ति मूल्याङ्कन दस्तुरमा ७५ प्रतिशत छुट दिइने,

(८) निर्धारित समयमा बक्यौता कर बुझाएमा जरिवाना र तीन वर्ष अघिको बक्यौतामा व्यवसाय कर छुट दिने,

(९) महिला उद्यमी समुह दर्ता गर्दा लाग्ने व्यवसाय कर मिनाहा गरिने,

(१०) साना सवारी साधनलाई करको दायरामा ल्याउन कार्यविधि बनाई कार्यान्वयन गरिने,

(११) घर बहाल कर सङ्कलन कार्यविधि, २०७७ मा संशोधन गरिने,

(१२) यसैगरी नगरको सुशासन तथा पारदर्शिता सम्बन्धी नीतिमा नगरपालिकाबाट कार्यसम्पादन गर्दा पारदर्शी, जवाफदेही र सहभागितामूलक प्रक्रिया अवलम्बन गर्न सार्वजनिक सुनुवाई, खर्च सार्वजनिकीकरण, सामाजिक लेखा परीक्षण लगायतका कार्यक्रमलाई निरन्तरता दिइने; नागरिक वडापत्र मार्फत सेवाग्राहीलाई जानकारी गराइने नीति रहेको छ ।

(१३) यी बाहेक विगतका बजेट नीतिहरुमा करदाता शिक्षा, टोल सुधार संस्थाहरु तथा विद्यालयहरुमा करदाता शिक्षा सञ्चालन गरिने नीति उल्लेख भए बमोजिमका कार्यक्रम तय गरी सञ्चालन गर्न पनि उपयुक्त देखिन्छ ।

२०७५ सालमा आ.व. २०७६/७७ का लागि स्थानीय राजस्व परामर्श समितिले राजस्वका स्रोत, दायरा र दर विश्लेषण गर्न गठन गरेको उपसमितिका केही सुझावहरु :

- ✓ दमक नगरपालिका रहेको हिमालय टि-गार्डेन एण्ड फार्मिङ्ग प्रा.लि. को विगत १३ वर्ष देखिको (बक्यौता) एकीकृत सम्पत्ति कर असुल उपर गर्न पहल गर्ने,
- ✓ करिब ४६ हजार सम्पत्ति करका करदाता मध्ये करिब २२ हजार मात्र नियमित राजस्व बुझाउन आउने देखिएकोले बाँकी करदाताहरुलाई वार्षिक रुपमा कर बुझाउने बानीको विकास गर्नका लागि एस.एम.एस. प्रणाली लागू गर्नुपर्ने,
- ✓ नगरमा राजस्वका स्रोत, दायरा, क्षेत्र प्रशस्त भएको तर सङ्कलनको पक्ष कमजोर देखिएकोले मजबुत संयन्त्र तयार गरी अघि बढ्नु पर्ने ।

*स्रोत : दमक नगरपालिकाको आन्तरिक राजस्व अभिवृद्धि सम्बन्धी चारवर्षीय कार्ययोजना, २०७६*

## ४.२ आय सङ्कलनको संस्थागत क्षमता

दमक नगरपालिकाको कार्यालयमा कुल १८ शाखाहरु तथा ७ उपशाखाहरुको संगठनात्मक संरचना रहेको छ । प्रमुख प्रशासकिय अधिकृत रा.प.द्वि (उपसचिव) को दरबन्दी रहेको छ । करार सेवा बाहेक कार्यालयमा २०५ जनाको दरबन्दी रहेको देखिन्छ । राजस्व प्रशासन शाखा अन्तर्गत कर अधिकृत एक (अधिकृत छैठौं/सातौं), कर निरीक्षक एक (सहायक पाँचौं) र कर सहायक (सहायक चौथौं) गरी जम्मा तीनजना दरबन्दी रहेकोमा हाल कर निरीक्षकको दरबन्दी रिक्त रहेको छ । वडा कार्यालयहरुमा करारमा सामाजिक परिचालकहरु परिचालन गरिएको छ ।

**चित्र १: नगरपालिकाको प्रशासकीय संगठन संरचना**




### ४.२.१ स्थानीय राजस्व परामर्श समिति (दोश्रो) गठन तथा क्रियाशीलता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ मा व्यवस्था भए अनुसार दमक नगर कार्यपालिकाको निर्वाचन, २०७९ पश्चात हालको नगरस्तरीय राजस्व परामर्श समितिको गठन २०७९ जेष्ठ २७ मा **तालिका २२** अनुसार भएको छ ।

**तालिका २२: दमक नगरस्तरीय राजस्व परामर्श समितिका पदाधिकारीहरु**

| क.सं. | नाम | पद |
|---|---|---|
| १ | रेगिना भट्टराई प्रसाईं, उपप्रमुख | संयोजक |
| २ | शशी राई (प्र.प्र.अ.) | सदस्य |
| ३ | इन्द्र बहादुर गुरुङ्ग, कार्यपालिका सदस्य | सदस्य |
| ४ | शारदा भट्टराई, कार्यपालिका सदस्य | सदस्य |
| ५ | गोकुल श्रेष्ठ, कार्यपालिका सदस्य | सदस्य |
| ६ | प्रतिनिधि, दमक उद्योग वाणिज्य संघ | सदस्य |
| ७ | भरत गौतम, राजस्व शाखा प्रमुख | सदस्य-सचिव |

*स्रोत : दमक नगरपालिका, २०७९*

यस राजस्व परामर्श समितिले विगतमा जस्तै चालु आ.व.का लागि करका दरहरु सिफारिश गर्ने, राजस्व परिचालनसँग सम्बन्धित नीति, कार्यनीतिहरु तयार गर्ने जस्ता कार्य गर्ने गरेको छ । समितिले आ.व. २०७९/८० का लागि कार्यपालिका सदस्य एवं राजस्व परामर्श समितिका सदस्य श्री शारदा भट्टराईको संयोजकत्वमा समिति गठन गरी आर्थिक विधेयक, २०७९/८० को मस्यौदा तयार गरेकोमा सो मस्यौदामा परामर्श समितिको सुझाव सहित बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने निर्णय गरेको छ ।
परामर्श समितिका मुख्य सुझावहरुमा :

- कर सङ्कलनका लागि वडास्तरको लक्ष्य निर्धारण गरी कार्ययोजना बनाई राजस्व सङ्कलन गर्ने,
- राजस्व सङ्कलन कार्यलाई प्रभावकारी बनाउन दमक उद्योग वाणिज्य संघ र आन्तरिक राजस्व कार्यालयसँग समन्वय गर्ने,
- घरजग्गा बहाल करको विवरण/तथ्याङ्क सबै वडाहरुमा अद्यावधिक गर्नुपर्ने,
- पूर्वाधार उपयोग सेवा शुल्क सङ्कलन प्रक्रिया सरल गर्ने,
- अनधिकृत रुपमा प्राकृतिक स्रोतको उत्खनन्, सङ्कलन र बिक्रीको कार्य निरुत्साह गर्न दण्ड जरिवाना गर्ने,
- राजस्व प्रशासनको सफ्टवेयर अद्यावधिक गर्ने तथा विद्युतीय भुक्तानी (E-payment) प्रणाली प्रारम्भ गर्ने आदि ।

राजस्व परामर्श समितिको वैठक वार्षिक न्यूनतम दुईपटक र आवश्यकता अनुसार थप वैठकहरु बस्ने गर्दछ ।

### ४.२.२ राजस्व प्रशासन

दमक नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत अन्तर्गत रहेको राजस्व शाखा आन्तरिक राजस्व प्रशासनको मुख्य जिम्मेवार शाखा हो । यस शाखामा कर अधिकृत १ (अधिकृत छैठौं/सातौं), कर निरिक्षक १ (सहायक पाँचौं) र कर सहायक १ (सहायक चौथो गरी जम्मा ३ जनाको दरबन्दी भए तापनि हाल कर निरिक्षकको दरबन्दी खाली रहेको छ । वडा कार्यालयहरु तर्फ वडा सचिव, खरिदार तथा सामाजिक परिचालक समेतको सहयोगमा राजस्व सङ्कलन हुने गरेको छ ।

राजस्व शाखाका कर्मचारीहरुको लिखित रुपमा कार्यविवरण तयार गरिएको छैन । शाखाको लागि छुट्टै कार्यकक्ष तथा बन्दोवस्तीका सामग्रीहरु रहेका छन् । राजस्व प्रशासनका लागि Soft-tech प्रयोग गरी अभिलेख राख्ने गरिएको छ र कम्प्यूटर मार्फत बिलिङ्ग गर्ने गरिन्छ । हालसम्म करदाताहरुलाई कर सम्बन्धी सूचना/जानकारी दिने बारे सूचना प्रविधि (एस.एम.एस., इमेल) को प्रयोग हुन सकेको छैन । यस्तै करका स्रोत अनुसार करदाताहरुको विस्तृत विवरण (नाम, कर आधार आदि) तयार भएको छैन । नगरपालिकाको स्वामित्वमा भएका जग्गाहरुको उपयोग (कार्यालयहरु, व्यवसायिक भवनहरु, बसपार्क आदि) भइरहेको छ । राजस्व

परिचालनमा निजी क्षेत्रसँग साझेदारीको अभ्यास भएको छ (फोहोरमैला व्यवस्थापन, शौचालय व्यवस्थापन, ढुंगा, गिट्टी, बालुवा बिक्री आदि) ।

कर सम्बन्धी सूचनाहरु वेभसाइटमा राखिने, समय समयमा कर शिक्षा वडा/टोलहरुमा सञ्चालन हुने गर्दछ । नगरपालिकाका शाखाहरु तथा वडा कार्यालयसँग समन्वय राम्रो रहेको छ । हालको Soft-tech सफ्टवेयर पूर्ण रुपमा प्रभावकारी नभएको, वडा कार्यालयहरुका कर्मचारीहरुको क्षमता वृद्धि गर्नुपर्ने आवश्यकता देखिन्छ । नगरपालिकाले मुख्यत करका स्रोत अनुसार दायरामा रहेका करदाताहरुको अभिलेख र नियमित अद्यावधि गर्ने कर अग्रिम वा समयमा तिर्न सूचना दिने समय सापेक्षा विद्युतीय माध्यमलाई विस्तार गर्दै जानु पर्ने देखिन्छ ।

### ४.२.३ राजस्व प्रशासन चक्र र प्रक्रिया

सक्षम तथा प्रभावकारी राजस्व प्रशासन कुनैपनि नगरपालिकाको राजस्व परिचालनको लागि एउटा प्रमुख आधार हो । राजस्व प्रशासनको एउटा निश्चित चक्र तथा प्रक्रिया हुन्छ । यसको अवलम्बनबाट नगरपालिकाको राजस्व परिचालनको सुधारमा योगदान पुग्दछ । प्रभावकारी राजस्व परिचालनका लगि अवलम्बन गरिनु पर्ने राजस्व प्रशासनको चक्र तथा प्रक्रियाको ढाँचा **चित्र २** मा प्रस्तुत गरिएको छ ।

**चित्र २: राजस्व प्रशासन चक्र र प्रक्रिया**



## ४.३ नगरपालिकाको आन्तरिक आयका स्रोतहरु तथा हालको अवस्था

राजस्व शाखाका कर्मचारी तथा अन्य उपलब्ध दस्तावेजहरुका आधारमा नगरपालिकाको हालसम्मको आन्तरिक आयका स्रोतहरु तथा हालको अवस्था तलको तालिकामा दिइएको छ । संविधान, संघीय कानून तथा दमक नगरपालिकाको आर्थिक ऐन, २०७९ ले व्यवस्था गरे बमोजिम नगरपालिकाको राजस्व परिचालनको वर्तमान अवस्था **तालिका २३** मा प्रस्तुत गरिएको छ ।

**तालिका २३: राजस्व परिचालनको वर्तमान अवस्था**

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था भएको/नभएको | सङ्कलन भएको/नभएको | कैफियत |
|---|---|---|---|---|---|
| **क.** | **कर तर्फ** | | | | |
| १ | भूमि कर (मालपोत) | भएको | भएको | भएको | बक्यौता मात्र |
| २ | सम्पत्ती कर | भएको | भएको | भएको | |
| ३ | सवारी साधन कर ( रिक्सा, अटोरिक्सा, इरिक्सा) | भएको | भएको | नभएको | हाल करिब ८०० रहेको |
| ४ | घर जग्गा बहाल कर | भएको | भएको | भएको | २ % |
| ५ | व्यवसाय कर | भएको | भएको | भएको | |
| ६ | जडिबुटी, कवाडी र जिवजन्तु कर | भएको | भएको | नभएको | |
| ७ | विज्ञापन कर | भएको | भएको | भएको | प्रदेश कानुन भन्ने भएकोमा सुधार गर्ने |
| ८ | मनोरन्जन कर | भएको | भएको | नभएको | प्रदेश कानुनले दर तोकेको |
| **ख.** | **अन्य राजस्व** | | | | |
| १ | ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको विक्री | भएको | भएको | भएको | |
| २ | काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर बिक्री | भएको | नभएको | नभएको | |
| ३ | वन पैदावर (सामुदायिक वनको) बिक्री बापतको आय | भएको | भएको | नभएको | |
| ४ | नक्सापास दस्तुर | भएको | भएको | भएको | |
| ५ | ब्यक्तिगत घटना दर्ता विलम्ब शुल्क | भएको | भएको | भएको | |
| ६ | वहाल विटौरी शुल्क | भएको | भएको | भएको | |
| ७ | पार्किङ्ग शुल्क | भएको | भएको | भएको | |
| ८ | फोहरमैला व्यवस्थापन शुल्क | भएको | भएको | भएको | |
| ९ | स्थानीय खानेपानी महसुल | भएको | भएको | भएको | निजी धारा |
| १० | स्थानीय विद्युत महसुल | नभएको | नभएको | नभएको | |
| ११ | केवलकार, ट्रेकिङ्ग, क्यानोइङ्ग,कायाकिङ्ग, वन्जीजम्प, जिपप्लायर, प्यारा ग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद | नभएको | नभएको | नभएको | |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था भएको/नभएको | सङ्कलन भएको/नभएको | कैफियत |
|---|---|---|---|---|---|
| | सम्बन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | | | | |
| १२ | निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क (खानेपानी निजी धारा, सभागृह, ढल निकास, शौचालय, हाटवजार, वसपार्क, आदि | भएको | भएको | भएको | |
| १३ | मूल्याङ्कन सेवा शुल्क | भएको | भएको | भएको | |
| १४ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म आदि) | भएको | भएको | भएको | |
| १५ | ढुङ्गा, गिट्टी, वालुवा, माटो, जस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | भएको | भएको | भएको | |
| १६ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | भएको | भएको | भएको | |
| १७ | प्रदुषण शुल्क | भएको | भएको | भएको | |
| १८ | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | भएको | भएको | भएको | |
| १९ | दण्ड जरिवाना | भएको | भएको | भएको | |

*नोट : अतिथि गृह, सभा भवन, पार्क बन्दै गरेको तथा व्यायामशाला निःशुल्क सञ्चालन ।* एम्बुलेन्स तथा शव बाहन शुल्क सङ्कलन हुदै आएको । अस्पताल सञ्चालनबाट सेवा शुल्क सङ्कलन हुदै आएको ।

*स्रोत : दमक नगरपालिका, २०७९*

दमक नगरपालिकामा हाल परिचालन गरिएका स्रोतहरु बाहेक विज्ञापन तथा मनोरञ्जन कर, कवाडी कर, साना सवारी करको राम्रो सम्भावना भएको हुनाले नगरपालिकाले यी स्रोतमा कर लगाउने प्रयास गर्नुपर्ने हुन्छ । साना सवारी कर सङ्कलन गर्ने बारेमा कोशी प्रदेश सरकारसँग समन्वय गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । हाल कवाडी करका दर उच्च भएको भन्ने बुझाई भएकोमा कतिपय कवाडी सामान (जस्तै : खाली सिसि) मा कर हटाउनु पर्ने, कर दर पुनरावलोकन गर्नुपर्ने हुन्छ । यस्तै नदी खोलाले बगाई ल्याउने दहत्तर बहत्तर सङ्कलन तथा बिक्रीका लागि कोशी प्रदेश वन डिभिजनसँग छलफल/समन्वय गर्नुपर्दछ ।

## ४.४ राजस्व परिचालनमा रहेका सवालहरू

स्थानीय सरकार सञ्चालन ऐन, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, तथा कोशी प्रदेश सरकारको आर्थिक ऐन प्रदत्त नगरपालिकाको वित्तीय अधिकार अनुरुप राजस्व परिचालनमा सुधार ल्याउन योजनावद्ध प्रयास अपरिहार्य देखिन्छ । यसका लागि जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको कटिबद्धता र प्रयास नितान्त महत्वपूर्ण हुने हुन्छ । राजस्व परिचालनका सवालहरुमा नीतिगत व्यवस्था, करको दर र दायरामा वृद्धिका लागि लगत अद्यावधिक, प्रभावकारी अनुगमन मूल्याङ्कन, पूर्वाधार विकासमा लगानी तथा बक्यौता असुली, करदाता शिक्षा

आदि प्रमुख रहेका छन् । यस नगरपालिकाले सम्बोधन गर्नुपर्ने राजस्व परिचालनका प्रमुख सवालहरु निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

**(क) नीतिगत तथा कानूनी सवालहरु**

नगरपालिकाको राजस्व अधिकार सम्बन्धी प्रावधानहरुको प्रभावकारी कार्यान्वयन र राजस्व परिचालनका लागि आवश्यक आर्थिक ऐन, विभिन्न कार्यविधिहरु नगर सभाबाट पारित गराई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । हाल सम्पत्ति कर र भूमिकर (मालपोत) लाई एकीकृत सम्पत्ति करका रुपमा व्यवस्थापन गरिएकोमा यसलाई मूल्याङ्कनका आधार अलग बनाई क्रमशः लागू गर्नुपर्ने हुन्छ । व्यवसाय कर हाल केही उद्योगमा मात्र पूँजी लगानी र कारोबारका आधारमा दर निर्धारण भएकोमा प्रचलित संघीय ऐन अनुसार अन्य सबै व्यवसायहरुलाई क्रमशः स्पष्ट रुपमा पूँजी लगानी वा कारोबारलाई आधार बनाउनु पर्ने ।

**कानूनी अन्योल :** कतिपय कानूनहरू एक अर्कामा तालमेल नभएका कारण पनि स्थानीय तहलाई आन्तरिक आयमा समस्याहरू सृजना भएका छन् । उदाहरणका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) ले सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि गरेबापत प्राप्त हुने रकमको दश प्रतिशत स्थानीय तहमा जम्मा गर्नुपर्ने व्यवस्था छ भने वन ऐन, २०७६ मा यस सम्बन्धमा कुनै उल्लेख नगरी दफा २२ मा उपभोक्ता समितिले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तिमा २५ प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तिमा ५० प्रतिशत सम्बन्धित स्थानीय तहसँग समन्वय गरी सशक्तीकरण, गरिबी न्यूनीकरण, उद्यमशिलता विकास लगायतका कार्यमा खर्च गर्ने प्रावधान रहेको छ ।

यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(घ) को घ बमोजिम लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन सम्बन्धी अधिकार स्थानीय तहमा रहेकोमा संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ४(२) मा अनुमति लिनु पर्ने बाहेकका उद्योगहरुको दर्ता नवीकरण लगायतका कार्यहरु प्रदेश सरकारवाट हुने भनी उल्लेख गरेकोले प्राप्त गर्ने सेवा शुल्कमा असर पर्न गएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क (२) अनुसार सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने प्रावधान भएता पनि लागू हुन सकेको छैन । यसका लागि कोशी प्रदेश सरकार, वन डिभिजन कार्यालयसँग समन्वय गरी प्रचलन गर्नुपर्ने हुन्छ ।

**(ख) राजस्व प्रशासन**

**पारदर्शिता र जवाफदेहिताको विधि अवलम्बन :** नगरपालिकाको आम्दानी (बाह्य तथा आन्तरिक राजस्व) र खर्चको विवरण आवधिक रूपमा सार्वजनिक गर्दा पारदर्शिता अभिवृद्धि भई नागरिकको नगरपालिकाप्रति विश्वास पनि बढ्ने हुन्छ । साथै स्थानीय सञ्चार माध्यमहरुको प्रयोग गरी कर र गैरकर सम्बन्धमा सचेतना अभिवृद्धि र प्रचार प्रसारबाट स्थानीय जनताको करप्रति सकारात्मक धारणाको विकास हुने तथा कर तिर्न सूचना एवं उत्प्रेरणा पनि हुन्छ । समयमा कर नतिर्दा बक्यौता रकममा वृद्धि हुँदै जाँदा करदातालाई थप भार पर्ने हुन्छ । यस बाहेक कर तथा शुल्कबाट हुने आयको केही अंश सम्बन्धित स्रोतको प्रवर्द्धन, त्यस्ता व्यवसाय वा रोजगारीमा रहेकाहरुको हितमा कोष खडा गरी त्यस्ता करदातालाई प्रत्यक्ष महशुस हुनेगरी सञ्चालन गरेमा जवाफदेहितामा वृद्धि भई कर सङ्कलनमा सहयोग मिल्दछ ।

**(ग) राजस्वका सम्भावित स्रोत तथा आधारहरु**

**घर बहाल कर :** विगतमा कोभिड १९ को महामारीलाई दृष्टिगत गरी घर जग्गा बहाल कर साविकको १० प्रतिशतलाई संशोधन गरी दुई प्रतिशतमा ल्याइएको छ । यसबाट दमक नगरपालिकाको आय घट्ने हुनाले यसमा सुधार हुनुपर्ने देखिन्छ ।

**बक्यौता :** दमक नगरपालिकाको आन्तरिक आयको ठूलो हिस्सा बक्यौताका रुपमा रहेको छ । हिमालय टि गार्डेन एण्ड फार्मले बुझाउनु पर्ने सम्पत्ति (एकीकृत) कर बारेमा प्रचलित कानूनले छुट दिएको देखिँदैन । अतः बक्यौता रकम असुली गर्न पहल गर्नुपर्ने हुन्छ । यस बाहेक अन्य करदाताहरुसँग पनि बक्यौता असुल गर्ने बारे बक्यौताको अभिलेख अद्यावधि गरी ताकेता गर्नुपर्दछ ।

**साना सवारी कर :** यस नगरपालिकामा साना सवारी करको बाहुल्यता भएतापनि नगरपालिका आफैले यसको कर सङ्कलन गरेको छैन । यसलाई नगरपालिकाले प्रदेशले तोकेको दरमा कर असुली, रुट व्यवस्थापन, पार्किङ्ग क्षेत्र निर्धारण गरेमा शहर बजार व्यवस्थित हुने तथा आम्दानीमा वृद्धि हुन्छ ।

**अभिलेख व्यवस्थापन एवं स्रोतहरुको प्राथमिकीकरण**

नगरपालिकाबाट  राजस्वका नयाँ स्रोतहरु पहिचान तथा कार्यान्वयनका लागि आवश्यक लगानी तथा प्राथमिकीकरणका आधारमा अध्ययन, अनुसन्धान तथा सम्भावना विश्लेषण गर्दै नयाँ स्रोतहरुको पहिचान र परिचालन आवश्यक हुन्छ । आन्तरिक राजस्वको अनुमान, राजस्व प्रक्षेपण, सङ्कलनको लागि प्राथमिकीकरण गर्न कर सम्बन्धी अभिलेख अद्यावधि गर्ने तथा कर स्रोतलाई वडा स्तरबाट नै संकेत नम्बरका आधारमा प्रविष्ट गराउने र प्रतिवेदन प्रणालीमा सुधार गर्न आवश्यक देखिन्छ । अभिलेख व्यवस्थापन तर्फ विशेषतः सबै वडा कार्यालयहरुका कर्मचारीहरुलाई महालेखा परीक्षकको कार्यालयद्वारा जारी आय संकेत अनुरुप अभिलेख व्यवस्थापन तथा प्रतिवेदन गर्न आवश्यक सीप विकास गर्नुपर्ने देखिन्छ ।

**सहभागिता प्रवर्द्धन :** यस कार्यको लागि नगरपालिकाको पहल र करदाताको सहयोग दुवै महत्वपूर्ण हुन्छ । यसमा स्थानीय उद्योग वाणिज्य संघ लगायत वस्तुगत व्यवसायीहरु (कृषक समूह, होटल, सहकारी, यातायात व्यवसायीसँग अन्तरक्रिया सञ्चालन गर्नु उपयुक्त हुन्छ । यसबाट स्थानीय करको महत्व, उपयोग, पारदर्शिता बारे बुझाईमा समेत सकारात्मक सोँचाईमा वृद्धि भई कर सङ्कलन प्रक्रिया सहज हुन्छ ।

**समावेशिताको मूलप्रवाहीकरण :** करको दायरा फराकिलो बनाउने महत्वपूर्ण उपायहरु मध्येको एक पिछडिएका जनताहरुलाई पनि समेट्न विपन्न, अल्पसंख्यक एकल महिला, अपाङ्गता भएका र जोखिममा परेका व्यक्तिहरुको लागि उपयुक्त व्यवसायिक तथा प्राविधिक सीप विकास गर्नु पनि हो । स्थानीय आर्थिक विकासमा विपन्न तथा सीमान्तकृत समुदायबाट सञ्चालन गरिने उद्यम व्यवसायमा विभिन्न सहुलियत तथा छुट सुविधाको व्यवस्था गरी प्रोत्साहन गर्ने नीतिले उक्त वर्ग तथा समुदायको आर्थिक क्रियाकलापमा सहभागिता वृद्धि हुने, रोजगारी तथा जिविकोपार्जनमा सहयोग पुग्ने भई नगरपालिकाको विकासका समग्र सूचकहरुमा उल्लेखनीय योगदान पुग्ने हुन्छ ।

यस परिच्छेदमा प्राथमिक तथा संस्थागत स्रोतबाट सङ्कलित सूचना तथा तथ्याङ्कहरु विश्लेषण तथा सहभागितामूलक अन्तर्क्रियाबाट तयार गरिएको दमक नगरपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ ।

## ५.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना

दमक नगरपालिकाले राजस्व सुधारका लागि लिने रणनीति, कार्यनीति र कार्ययोजना यस प्रकार रहेका छन् :

### ५.१.१ रणनीति तथा कार्यनीति

दमक नगरपालिकाले संविधान तथा प्रचलित कानून प्रदत्त सम्भाव्य धेरै राजस्व अधिकारहरुको प्रयोग गरी आन्तरिक राजस्व सङ्कलन गरिरहेको छ । संघीयता नयाँ अभ्यास भएकाले पनि कतिपय नीतिगत दोहोरोपना, अस्पष्टता र कार्यान्वयन क्षमता विकास हुने क्रममा रहेको छ । नगरपालिकाले जारी गरेका कानूनहरुमा समसामयिक परिमार्जन गर्दा आवश्यक कानूनहरुको तर्जुमाले पनि आन्तरिक राजस्व प्रणालीमा सुधारका लागि मार्गदर्शन हुन सक्दछ । यी तथ्यहरुलाई समेत दृष्टिगत गरी आन्तरिक राजस्व परिचालन सम्बन्धमा दमक नगरपालिकाले देहाय अनुसारका रणनीति तथा कार्यनीतिहरु अवलम्बन गर्नेछ ।

**तालिका २४: दमक नगरपालिकाको राजस्व सुधार सम्बन्धी रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. आन्तरिक राजस्वका दायरालाई फराकिलो बनाउने, दरलाई समसामयिक बनाउने । | १. नगरपालिकामा राजस्वसँग सम्बन्धित आवश्यक ऐन तथा नियमहरु तर्जुमाका साथै तर्जुमा भइसकेका ऐन नियमलाई सुधार गरी अझ बढी व्यवहारिक बनाउदै लगिनेछ ।<br>२. करदाता शिक्षालाई जनस्तरसम्म प्रबर्द्धन गरिनेछ ।<br>३. कर, शुल्क, सेवा शुल्क आदिको दर तथा दायरा निर्धारण गर्दा निजी क्षेत्र तथा सरोकारवालाहरुसँग परामर्श गरिनेछ ।<br>४. राजस्व स्रोतका सम्भाव्य दायराको तथ्याङ्क सङ्कलन अद्यावधिक गरी सम्भाव्यताका आधारमा समय सापेक्ष रुपमा करदाताहरुको संख्या बढाउदै लगिने छ ।<br>५. राजस्वको स्रोत वृद्धि गर्ने पूँजी लगानीको सम्भाव्यता अध्ययन गरिने छ । साथै औद्योगिक ग्राम सञ्चालन गर्न सरोकारवालाहरुसँग समन्वय गरी पूर्वाधार विकास गरिने छ ।<br>६. सम्पत्ति मूल्याङ्कन सम्बन्धी निश्चित आधार र मापदण्डलाई अद्यावधि गरी एकरुपता कायम गरिनेछ ।<br>७. नगरपालिकामा पर्यटन प्रवर्द्धन गर्न ऐतिहासिक महत्व बोकेका पूर्वाधार, प्राकृतिक स्रोत तथा साँस्कृतिक सम्पदाहरुको संरक्षण तथा विकास गर्न संघ तथा प्रदेश सरकार र निजी क्षेत्रसँग साझेदारीको पहल गरिनेछ । |
| २. करदाताहरुलाई कर तिर्न पद्धति तथा प्रक्रियालाई सरल र सुविधायुक्त बनाई कर तिर्न अभिप्रेरित गर्ने | १. स्थानीय राजस्व परामर्श समिति तथा राजस्व शाखा र वडा कार्यालयका कर्मचारीहरुको क्षमता अभिवृद्धि गरिनेछ ।<br>२. प्रादेशिक तथा जिल्लाका स्थानीय तहसँग राजस्व परिचालन बारे ज्ञान-सीप, अनुभव आदान-प्रदान गरिनेछ ।<br>३. स्थानीय कर तथा कर तिर्दा हुने फाइदा (जस्तै नक्सापास गरी घर बनाउँदा सम्पत्ति मूल्याङ्कन तथा धितो प्रयोजनका लागि सहज हुने र विपदबाट जोगिने, |

| रणनीति | कार्यनीति |
|---|---|
| | नगर व्यवस्थित हुने आदि) बारे सर्वसाधारणलाई जानकारी गराउने करदाता शिक्षा तथा सचेतना कार्यक्रम समुदाय/टोल एवं वडास्तरमा सञ्चालन गरिनेछ ।<br>४. कर प्रशासनलाई प्रभावकारी गराउन तथा स्रोतको परिचालन गर्न आन्तरिक राजस्व सम्बन्धी स्रोतगत लगत अद्यावधिक गर्ने, थप स्रोतहरुको सम्भाव्यता पहिचान र सूचना सङ्कलन गर्न कार्यदल बनाई वडागत रुपमा परिचालन गरिनेछ ।<br>५. करदातालाई तिनुपर्ने कर सम्बन्धी विवरण एसएमएस मार्फत सूचना दिने तथा अनलाईन प्रणाली मार्फत भुक्तानी गर्न सकिने प्रबन्ध गरिनेछ ।<br>६. बक्यौता रहेको राजस्वको विवरण तयार गरी असुलीका लागि अभियान सञ्चालन गरिनेछ । |
| ३. कर प्रशासनमा पारदर्शिता तथा जवाफदेहिता वृद्धि गर्ने । | १. कर तथा सेवा शुल्कलाई सम्बन्धित करदाता एवं विषयक्षेत्रसँग आबद्ध गराउदै लगानी गरिनेछ ।<br>२. कर/राजस्व सम्बन्धी विवरण तथा आवधिक प्रतिवेदनहरु नगरपालिकाको वेभसाईट र नगरपालिका तथा वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने व्यवस्थालाई अझ सुदृढ गरिनेछ ।<br>३. करको दर निर्धारण गर्नुपूर्व करदाताहरुको वस्तुगत संघका प्रतिनिधि तथा विज्ञहरुसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. करका दरहरुलाई प्रगतिशील गर्दै लगिनेछ । |
| ४. नगरपालिकाको आफ्नो, हक भोगको र सरकारी तथा सार्वजनिक सम्पत्तिको प्रभावकारी उपयोग गर्ने । | १. नगरपालिकाको आफ्नो स्वामित्व, हकभोगको सार्वजनिक तथा सरकारी सम्पत्तिको लगत अद्यावधिक गरी व्यवस्थित गरिनेछ ।<br>२. नगरपालिकाको आफ्नो तथा रेखदेख र संरक्षणमा रहेका सम्पत्तिको स्वयंले वा सार्वजनिक निजी साझेदारीका माध्यमबाट उपयोग गरी आन्तरिक राजस्व वृद्धि गरिनेछ ।<br>३. नगर क्षेत्रभित्रको पार्किङ्ग स्थल, पार्क, सिमसार तथा पिकनिक स्थलको पूर्वाधार निर्माण तथा मर्मत सम्भारका लागि आवश्यक पहल गरिनेछ ।<br>४. नगरपालिकाको कृषि तथा पशु हाट बजारहरु, बसपार्क, मेसिनरी औजार उपकरणको बहाल तथा भाडा असुलीलाई प्रभावकारी बनाइनेछ ।<br>५. नगर क्षेत्रका सडक छेउमा सञ्चालित ठेला, ट्रली तथा त्यस्ता पसलहरुलाई व्यवस्थापन गरी करको दायरामा ल्याइनेछ । |
| ६. समन्वय र सहकार्य अभिवृद्धि गर्ने । | १. नगरपालिका अन्तर्गतका विभिन्न शाखा/उपशाखा/इकाईहरु वीच आन्तरिक राजस्व सङ्कलनका लागि समन्वय, सहकार्य तथा सामुहिक प्रयत्न गरिनेछ ।<br>२. कर सङ्कलनमा सहकारी संस्था, निजी क्षेत्रका उद्योगी व्यवसायीका प्रतिनिधिमूलक संघ संस्था, उपभोक्ता समिति, टोल विकास संस्था, सामुदायिक वन उपभोक्ता समिति, चिया उत्पादक संघ आदिसँग सहकार्य गरिनेछ ।<br>३. कर, शुल्क तथा दस्तुर जस्ता स्रोतको दर निर्धारण गर्दा छिमेकी गाउँ तथा नगरपालिकासँग यथासम्भव एकरुपता कायम गर्न र साझा चासोका विषय सम्बोधन गर्न समन्वय तथा सहकार्य गरिनेछ ।<br>४. संघ र प्रदेश सरकारसँग बाझिएका वा दोहोरो परेका नीतिगत व्यवस्था संशोधन एवं राजस्व प्रणालीमा सुधार गर्न नेपाल नगरपालिका संघ, प्रदेश र संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ५. राजस्व प्रशासनलाई प्रभावकारी बनाउन प्रदेश सरकार तथा जिल्ला समन्वय समितिसँगको सहकार्य तथा समन्वयमा जोड दिइनेछ । |
| ७. अनुगमन तथा मूल्याङ्कन गर्ने । | १. विभिन्न संयन्त्र तथा विधि मार्फत राजस्व सङ्कलनको नियमित अनुगमन र प्राप्त अनुगमन प्रतिवेदनको प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>२. स्थानीय राजस्व परामर्श समितिमा त्रैमासिक रुपमा लक्ष्य तथा प्रगति समीक्षा गरी आवश्यक सुधारात्मक कदमहरु सञ्चालन गरिनेछ । |
| ८. असल करदाता र सङ्कलनकर्तालाई प्रोत्साहन तथा तथा महिला, विपन्न समुदायका करदातालाई सहुलियत प्रदान गर्ने । | १. असल करदाताको मापदण्ड बनाई नगरपालिकाका हरेक वडाका नियमित एवं बढी कर तिर्ने करदातालाई सम्मान गरिने कार्यलाई अझ व्यापक र पारदर्शी गराइनेछ ।<br>२. कर बक्यौता राख्ने करदातालाई जरिवाना लगाइने कार्यलाई निरन्तरता दिइनेछ ।<br>३. आन्तरिक राजस्व सङ्कलनमा उत्कृष्ठ भूमिका निर्वाह गर्ने कर्मचारीहरुलाई प्रोत्साहन तथा उत्प्रेरण गरिनेछ ।<br>४. निर्धारित अवधिभित्र कर तिर्ने करदातालाई छुट सुविधा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।<br>५. महिला, अपांगता भएका व्यक्ति, विपन्न, लोपोन्मुख समुदाय तथा कमजोर आर्थिक अवस्थाका स्थानीय व्यवसायीहरुलाई करमा विशेष छुटको व्यवस्था मिलाईने छ । |

### ५.१.२ राजस्व सुधार कार्ययोजना

नगरपालिका तथा अन्य स्रोतबाट प्राप्त तथ्याङ्क तथा सूचना अध्ययन, विश्लेषण र नगरपालिका स्तरीय अन्तर्क्रियाका आधारमा तयार गरिएको दमक नगरपालिकाको राजस्व सुधार कार्ययोजना **तालिका २५** मा प्रस्तुत गरिएको छ :

**तालिका २५: राजस्व सुधार कार्ययोजना**

| सुधारका क्षेत्रहरु | सुधार गर्नुपर्ने क्रियाकलापहरु | समयावधि | लागत रकम | जिम्मेवारी |
|---|---|---|---|---|
| **क. कर तथा गैह्र कर राजस्व** | | | | |
| आर्थिक ऐन | - आर्थिक ऐनमा परिमार्जन गर्ने (नियमित)<br>- सडक उपयोग शुल्क तय गर्ने ।<br>- साना सवारी कर दर न्यून भएकोमा पुनरावलोकन गर्ने<br>- घर बहाल करमा पुनरावलोकन गर्ने ।<br>- ठेला, ट्रली, घुम्तीका कर दर निर्धारण गर्ने । | २०८० असार १० गतेसम्म | रु. ५०,००० वार्षिक | • राजस्व परामर्श समिति (नियमित)<br>• कानून इकाई<br>• राजस्व शाखा |
| भूमिकर (मालपोत) | भूमिकर (मालपोत) को दर तथा मूल्याङ्कन दर पुनरावलोकन गरी कार्यपालिकालाई सिफारिस गर्ने | २०८१ जेठ मसान्तसम्म | रु. ५०,००० | राजस्व परामर्श समिति |
| व्यवसाय कर | - व्यवसाय करको वर्तमान कर आधारमा परिवर्तन गरी | २०८० मंसिर मसान्तसम्म | रु. ५०,००० | • राजस्व परामर्श समिति |

| सुधारका क्षेत्रहरु | सुधार गर्नुपर्ने क्रियाकलापहरु | समयावधि | लागत रकम | जिम्मेवारी |
|---|---|---|---|---|
| | पूँजीगत लगानी र कारोबारका आधारमा कर निर्धारण गर्न आवश्यक तयार गरी सिफारिस गर्ने ।<br>- सम्बन्धित विज्ञको सहयोग लिने | | | • राजस्व शाखा |
| घर जग्गा वहाल कर | - वडागत रुपमा घर तथा जग्गा बहालमा लगाउने व्यक्ति तथा संस्थाको लगत सङ्कलन गर्ने ।<br>- अद्यावधिक लगत बमोजिम घर जग्गा बहाल कर सङ्कलन गर्ने ।<br>- घर बहाल कर नगरपालिकामा मात्र बुझाउने बारे व्यवसायीहरु तथा घरबेटीहरुलाई सूचना दिने ।<br>- स्थानीय आन्तरिक राजस्व कार्यालयसँग समन्वय गर्ने<br>- सम्झौता फारमहरु बनाई घरबेटीहरुलाई उपलब्ध गराउने । | २०८० भाद्र सम्म | रु. १००,००० वार्षिक | • नगर कार्यपालिका<br>• प्रमुख प्रशासकीय अधिकृत<br>• राजस्व शाखा<br>• वडा कार्यालय |
| मनोरञ्जन कर लागू गर्ने | - उल्लेखनीय नभएको तथा केही सम्भावनाका क्षेत्र पर्यटन शुल्कमा समावेश गर्ने<br>- चलचित्र, भिडियो हल, डान्सबार आदिमा प्रदेश आर्थिक ऐन बमोजिम टिकटको व्यवस्था गर्न सम्बन्धित व्यवसायीहरुसँग छलफल गरी कार्यान्वयन गर्ने<br>- पटके सर्कस, मेला लाग्ने अवस्थामा प्रदेश आर्थिक ऐन अनुसार सङ्कलन गर्ने | २०८० साउन देखि | नलाग्ने | राजस्व शाखा |
| विज्ञापन कर | - नगर क्षेत्र भित्रको मेची राजमार्ग आसपास र मुख्य बजार क्षेत्रमा रहेका विज्ञापनका साधन र आय गणना गरी कर सङ्कलनका लागि ठेक्का आह्वान गर्ने | २०८० वैशाख भित्र | नलाग्ने | राजस्व शाखा र वडा कार्यालय |

| सुधारका क्षेत्रहरु | सुधार गर्नुपर्ने क्रियाकलापहरु | समयावधि | लागत रकम | जिम्मेवारी |
|---|---|---|---|---|
| कवाडी कर | - व्यवसायी समेतको सहभागितामा वर्तमान कर पुनरावलोकन गर्ने<br>- वडागत रुपमा कवाडीको आँकलन गरी ठेक्का लगाउने | २०८० जेष्ठ मसान्तसम्म | नलाग्ने | राजस्व शाखा र वडा कार्यालय |
| वहाल विटौरी शुल्क | - सार्वजनिक, सरकारी तथा पर्ति जग्गा उपयोगको विवरण अद्यावधिक गर्ने<br>- छुटेका स्थानको बहाल विटौरी कर सङ्कलन गर्ने<br>- ठेला, ट्रली, घुम्तीलाई करको दायरामा ल्याउने | २०८० असार मसान्त सम्म | नलाग्ने | • नगर कार्यपालिका<br>• राजस्व शाखा<br>• वडा कार्यालयहरु |
| | सडक आसपास ठेला, ट्रली, घुम्ती पसललाई व्यवस्थित गर्ने र बहाल विटौरी शुल्क सङ्कलन गर्ने | आ.व. २०८०/८१ देखि | नलाग्ने | नगर कार्यपालिका |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | जग्गाको न्यूनतम मूल्याङ्कनलाई यथार्थपरक बनाउन मूल्याङ्कन आधारलाई अद्यावधि गरी सम्बन्धित कार्यालयलाई सुझाव दिने | प्रत्येक वर्षको चैत्र मसान्त भित्र | नलाग्ने | नगर कार्यपालिका |
| प्राकृतिक स्रोत बिक्री | थप क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्/सङ्कलन गर्न सम्भाव्यता अध्ययन गर्ने | २०८० चैत्र मसान्तसम्म | ५०,००० | नगर कार्यपालिकाको कार्यालय, राजस्व शाखा |
| | ढुङ्गा, गिट्टी, बालुवा चोरी निकासी नियन्त्रण गर्ने | निरन्तर | नलाग्ने | नगर कार्यपालिकाको कार्यालय |
| | नगर प्रहरी परिचालन गर्ने | निरन्तर | नलाग्ने | नगर कार्यपालिकाको कार्यालय |
| व्यवसाय दर्ता, नवीकरण दस्तुर | दर्ता गर्न छुटेका व्यवसायलाई दर्ताका लागि सूचना जारी गर्ने | २०८० असार मसान्तभित्र | रु.२५००० वार्षिक | नगर कार्यपालिका, वडा कार्यालय, राजस्व शाखा |
| साना सवारी साधन दर्ता र नवीकरण गर्ने | - सवारीधनीहरुका प्रतिनिधिहरुसँग छलफल गर्ने,<br>- **कोशी प्रदेश** सरकारसँग समन्वय गर्ने<br>- निर्धारित कर दर अनुसार दर्ता, नवीकरण गर्ने | आ.व. २०७९/८० भित्र | | नगर कार्यपालिका, राजस्व शाखा |
| पर्यटन सेवा शुल्क | आन्तरिक पर्यटकलाई भ्रमण गर्ने वातावरण निर्माण ( यातायातको सहज प्रबन्ध, आकर्षण गर्ने सेवा/ वस्तु (Product) को विकास र प्रचार प्रसार) गर्ने | आ.व.२०७९/८० देखि नियमित | रु. १००,००० | • नगर कार्यपालिका<br>• आर्थिक विकास समिति |

| सुधारका क्षेत्रहरु | सुधार गर्नुपर्ने क्रियाकलापहरु | समयावधि | लागत रकम | जिम्मेवारी |
|---|---|---|---|---|
| नक्सा पास दस्तुर | - नक्सापासबाट हुने फाइदा वारे जनचेतना अभिवृद्धि गर्ने<br>- ग्रामीण क्षेत्रका लागि उपयुक्त नमूना घर नक्साहरु उपलब्ध गराउने<br>- नक्सापास कार्य अनिवार्य गर्ने । | तत्काले | रु. ५०००० | • प्रमुख प्रशासकीय अधिकृत,<br>• पूर्वाधार विकास शाखा |
| पार्किङ्ग व्यवस्थापन | नगर क्षेत्रका सवारी चाप हुने क्षेत्रका सडकमा सवारी पार्किङ्ग स्थल निर्माण गरी नगरपालिकामा दर्ता नभएका अन्य सवारी साधनसँग पार्किङ्ग शुल्क असुल गर्ने | २०८० श्रावण देखि | डि.पी.आर. अनुसार (नियमित बजेट विनियोजन) | • नगर कार्यपालिका<br>• पूर्वाधार शाखा |
| सामुदायिक वन उपभोक्ता समूहको अभिलेख व्यवस्थान तथा स्थानीय विकासमा लगानी सम्बन्धी समन्वय गर्ने | - सामुदायिक वन उपभोक्ता समूहसँग परामर्श गर्ने<br>- सामुदायिक वनको अभिलेख व्यवस्थापन गर्न सहयोग गर्ने<br>- सामुदायिक वनबाट वार्षिक रुपमा बिक्रीयोग्य हुने काठजन्य तथा गैर काठ, जडिबुटीको अनुमान सहितको कार्ययोजना तथा वार्षिक प्रतिवेदन माग गर्ने<br>- सामुदायिक वनको आम्दानी स्थानीय विकासका लागि गर्ने लगानी वारे समन्वय गर्ने | २०७९ चैत्र मसान्तसम्म | रु. २५,००० | • नगर कार्यपालिका,<br>• राजस्व परामर्श समिति,<br>• योजना शाखा |
| **ख. आयआर्जन हुने पूँजीगत लगानीका क्षेत्र** | | | | |
| पूर्वाधार निर्माण गर्ने | थप लगानीका क्षेत्र पहिचान गर्न सम्भाव्यता अध्ययन गर्ने | आ.व. २०८०/८१ | रु. १००,००० | • नगर कार्यपालिका, पूर्वाधार विकास शाखा |
| **ग. मानवीय क्षमता विकास तथा राजस्व प्रशासन.** | | | | |
| मानवीय क्षमता विकास | - राजस्व परामर्श समितिका पदाधिकारीहरुलाई असल अभ्यासबारे जानकारी दिने तथा सिकाई आदान प्रदान कार्यक्रम गर्ने<br>- राजस्व सङ्कलनमा संलग्न कर्मचारीलाई (वडा कार्यालय समेत) सफ्टवेयर तथा पुनर्ताजगी कार्यक्रम आयोजना गर्ने<br>- रिक्त दरबन्दी पूर्ति गर्ने | निरन्तर | रु. ३५०,००० वार्षिक | • नगर कार्यपालिका<br>• राजस्व शाखा |

| सुधारका क्षेत्रहरु | सुधार गर्नुपर्ने क्रियाकलापहरु | समयावधि | लागत रकम | जिम्मेवारी |
|---|---|---|---|---|
| तथ्याङ्क तथा सूचना व्यवस्थापन | - सबै वडा तथा नगरपालिका कार्यालयको करदाताको विवरण राजस्व सफ्टवेयरमा अद्यावधिक गर्ने | निरन्तर | रु. १००,००० वार्षिक | • वडा कार्यालय,<br>• राजस्व शाखा |
| सूचना तथा पारदर्शिता | - स्थानीय सञ्चार माध्यम तथा स्थानीय संघसंस्था मार्फत करदाताहरुलाई कर तिर्न आउने वारेको सूचना सम्प्रेषण गर्ने ।<br>- कर तथा राजस्व असुलीका लागि घरदैलो कार्यक्रम सञ्चालन गर्ने<br>- राजस्व सङ्कलनको विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने<br>- मोबाइल मार्फत कर तिर्ने प्रणाली लागू गर्दै ( व्यवसायीबाट शुरु) जाने | नियमित | रु. १५०,००० | • प्रमुख प्रशासकीय अधिकृत,<br>• राजस्व शाखा<br>• वडा सचिवहरु |
| विद्युतीय भुक्तानी | - नगरपालिकालाई बुझाउनु पर्ने राजस्व विद्युतीय माध्यमबाट बुझाउने व्यवस्थाका लागि राजस्व सफ्टवेयर प्रदायकसँग समन्वय गर्ने<br>- वडा-टोलमा विद्युतीय भुक्तानी सेवा प्रदायक पहिचान गरी सेवा शुल्क दर निर्धारण गर्ने | तत्कालै | नलाग्ने | • नगर कार्यपालिका<br>• प्रमुख प्रशासकीय अधिकृत<br>• राजस्व शाखा |
| करदाता तथा कर्मचारी प्रोत्साहन कार्यक्रम | - कर्मचारीलाई राजस्व असुलीको आधारमा कार्यसम्पादन मूल्याङ्कन गरी प्रोत्साहन गर्ने<br>- करदातालाई सम्मान कार्यक्रम गर्ने | वार्षिक रुपमा निरन्तर | रु. ३००,००० वार्षिक | • नगर कार्यपालिका<br>• प्रमुख प्रशासकीय अधिकृत |
| | महिला, अपांगता भएका व्यक्ति, कमजोर आर्थिक अवस्थाका स्थानीय व्यवसायीलाई छुट सम्बन्धी कानून निर्माण र कार्यान्वयन गर्ने | आ.व.२०८०/८१ | नलाग्ने | • राजस्व परामर्श समिति<br>• नगर कार्यपालिका<br>• नगर सभा |
| **घ. अनुगमन तथा मूल्याङ्कन** | | | | |
| अनुगमन | - अनुगमन गरी छुटेका करदातालाई करको दायरामा ल्याउने । | प्रत्येक ६ महिनामा तथा आवश्यकता अनुसार | रु. १००,००० वार्षिक | नगर कार्यपालिका, उपप्रमुख, राजस्व |

| सुधारका क्षेत्रहरु | सुधार गर्नुपर्ने क्रियाकलापहरु | समयावधि | लागत रकम | जिम्मेवारी |
|---|---|---|---|---|
| | - कर चुहावट नियन्त्रणका लागि नियमित अनुगमन गर्ने | | | शाखा र वडा कार्यालयहरु |
| | - अनुगमन प्रतिवेदनको प्रभावकारी कार्यान्वयन गर्ने | निरन्तर | नलाग्ने | |
| | - राजस्व सङ्कलनको लक्ष्य र प्रगतिको अर्धवार्षिक तथा वार्षिक रुपमा समीक्षा गर्ने<br>- राजस्वका नयाँ क्षेत्रहरुको पहिचान र परिचालनमा जोड दिने | निरन्तर | रु. २५,००० वार्षिक | नगर कार्यपालिका, राजस्व परामर्श समिति, राजस्व शाखा र वडा कार्यालयहरु |

*नोट : प्रस्तुत कार्ययोजनाको ठूला लगानीका लागि प्राविधिक लागत अनुमान वा डिपिआर बमोजिम हुने लगानी बाहेकका क्रियाकलाप कार्यान्वयनका लागि रु. १६ लाख ५० हजार अनुमान गरिएको । केही क्रियाकलापमा वार्षिक रुपमा खर्च हुने प्रस्ताव गरिएको छ ।*

## ६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

यस परिच्छेदमा दमक नगरपालिकाको विगत वर्षहरुको यथार्थ तथा प्रस्तावित राजस्व प्राप्ती, माथि अध्याय ३ को ३.३.१ र ३.३.२ मा गरिएको विश्लेषण र कार्ययोजना तथा देहायका मान्यताका आधारमा आगामी तीन आर्थिक वर्षहरुको (२०८०/८१-२०८२/८३) सम्मको राजस्व आर्जनको प्रक्षेपण गरिएको छ। यसको विवरण **तालिका २६** मा उल्लेख गरिएको छ।

**तालिका २६: राजस्व प्रक्षेपणका मान्यता तथा आधारहरु**

| क्र.सं. | राजस्व शीर्षक | प्रक्षेपणको आधारहरु |
|---|---|---|
| **क.** | **कर राजस्व** | |
| १ | सम्पत्ति कर | कुल २२४४२ करदाता मध्ये हाल ५८ प्रतिशत मात्र करको दायरामा आएको हुँदा पहिलो वर्ष ७५ प्रतिशत दायरा वृद्धि गर्ने र दोश्रो र तेश्रो वर्ष क्रमशः ८५ र ९० प्रतिशतसम्म पुऱ्याउने आधारमा अनुमान गरिएको |
| २ | भूमिकर/मालपोत | |
| ३ | घरबहाल कर | करिब ४०० संस्थागत करदाताबाट औसत रु. १५ हजार प्रतिमहिनाको १० प्रतिशतको कर दर र करिब ३००० व्यक्तिगत प्रयोगकर्ताले औसत रु. २००० मा ५ प्रतिशतको कर दर प्रस्ताव गरि दोश्रो वर्षदेखि १० प्रतिशत वृद्धि हुने अनुमान |
| ४ | बहाल विटौरी कर | अनुमानित २०० टलि, ठेला, घुम्ती पसलबाट मासिक रु. १५० ले कर दर राखी अनुमान गरिएको र दोश्रो र तेस्रो वर्ष ५ प्रतिशतले वृद्धि हुने अनुमान |
| ५ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर (सडक) | माथि उल्लेखित ५ वटा सडकमा सडक शुल्क लगाउने प्रस्ताव वमोजिम राजस्वको संभावना गणना गरिएको र दोश्रो वर्ष यथावत राखी तेश्रो वर्षमा ५ प्रतिशत वृद्धि हुने अनुमान |
| ६ | अन्य मनोरञ्जन कर | हाल एकमुष्ठ २ लाख अनुमान गरी वार्षिक १० प्रतिशतले वृद्धि हुने अनुमान |
| ७ | विज्ञापन कर | हाल एकमुष्ठ २ लाख अनुमान गरी वार्षिक १० प्रतिशतले वृद्धि हुने अनुमान |
| ८ | व्यवसाय कर (रजिष्ट्रेशन तथा नवीकरण समेत) | कुल ९६७२ करदाता मध्ये हाल ४२ प्रतिशत मात्र करको दायरामा आएको हुँदा पहिलो वर्ष ७० प्रतिशत दायरा वृद्धि गर्ने र दोश्रो र तेश्रो वर्ष क्रमसः ८५ र ९० प्रतिशतसम्म पुर्याउने आधारमा अनुमान गरिएको |
| ९ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर | आ.व. २०७८/७९ को यथार्थ रकमा वार्षिक ५ प्रतिशतले वृद्धि हुने अनुमान |
| १० | साना सवारी कर | हाल ८५० साना सवारी भएको र वार्षिक ५० सख्यामा वृद्धि हुने अनुमानका आधारमा हालको कर दर अनुसार |
| ११ | सामुदायिक वनबाट प्राप्त आय | दमक नपाको राजस्व सुधार कार्ययोजना २०७६ लाई आधार मानी अनुमान गरिएको |
| १२ | जडिवुटी, कवाडी र जीवजन्तु कर | दमक नपाको राजस्व सुधार कार्ययोजना २०७६ अनुसार आ.व. २०७९८० मा रु. १३ लाख ३१ हजार लाई आधार मानी यथावत प्रक्षेपण गरिएको |
| **ख.** | **गैरकर राजस्व** | |
| १ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त रकम | पहिलो वर्ष आ.व. २०७८/७८ को बराबर प्राप्त हुने र त्यसपछि १० प्रतिशतका दरले वृद्धि हुने अनुमान |
| २ | सरकारी सम्पत्तिको बिक्रीबाट प्राप्त रकम | आ.व. २०७९/८० को प्रस्तावित रकममा वार्षिक २० प्रतिशतले वृद्धि हुने अनुमान |

| क्र.सं. | राजस्व शीर्षक | प्रक्षेपणको आधारहरु |
|---|---|---|
| ३ | अन्य बिक्रीबाट प्राप्त रकम | आ.व. २०७९/८० को प्रस्तावितका आधारमा वार्षिक १० प्रतिशतले वृद्धि हुने अनुमान |
| ४ | खानेपानी महशुल शुल्क | गत आ.व.को यथार्थ बरावर असुली हुने र बाँकी दुई वर्ष १० प्रतिशतका दरले वृद्धि हुने अनुमान |
| ५ | विद्युत सेवा शुल्क | प्रक्षेपण नगरिएको |
| ६ | अन्य सेवा शुल्क | गत तीन आ.व.को औसतमा २० प्रतिशतका दरले वृद्धि हुने अनुमान |
| ७ | न्यायिक दस्तुर | आ.व. २०७९/८० को प्रस्तावित रकममा वार्षिक ५ प्रतिशतले वृद्धि हुने अनुमान |
| ८ | शिक्षा क्षेत्रको आम्दानी | गत तीन आ.व.को औसत रकममा २० प्रतिशतका दरले वृद्धि हुने अनुमान |
| ९ | परीक्षा शुल्क | गत तीन आ.व.को औसत रकममा २० प्रतिशतका दरले वृद्धि हुने अनुमान |
| १० | अन्य प्रशासनिक सेवा शुल्क | आ.व. २०७९/८० को यथार्थ रकममा वार्षिक २० प्रतिशतले वृद्धि हुने अनुमान |
| ११ | पार्किङ्ग शुल्क | गत तीन आ.व.को औसत रकममा १० प्रतिशतका दरले वृद्धि हुने र नयाँ प्रस्ताव २ चक्के र ३ चक्के साधनमा लगाइने शुल्कबाट करिब रु. ३००,००० आय हुने अनुमान |
| १२ | नक्सापास दस्तुर | आ.व. २०७८/७९ को यथार्थ रकममा वार्षिक २५ प्रतिशतले वृद्धि हुने अनुमान |
| १३ | सिफारिश दस्तुर | आ.व. २०७८/७९ को यथार्थ रकममा वार्षिक १० प्रतिशतले वृद्धि हुने अनुमान |
| १४ | नाता प्रमाणित दस्तुर | पहिलो वर्षलाई गत तीन आ.व.को औसत रकम वरावर र त्यस पछि १० प्रतिशतका दरले वृद्धि हुने अनुमान |
| १५ | अन्य दस्तुर | गत तीन आ.व.को औसत रकम वरावरमा वार्षिक १५ प्रतिशतका दरले वृद्धि हुने अनुमान |
| १६ | अन्य क्षेत्रको आय | गत तीन आ.व.को औसत रकम वरावरमा वार्षिक १० प्रतिशतका दरले वृद्धि हुने अनुमान |
| १८ | प्रशासनिक दण्ड, जरिवाना र जफत | गत तीन आ.व.को यथार्थ औसत रकममा वार्षिक १० प्रतिशतका दरले वृद्धि हुने अनुमान |
| २० | अन्य राजस्व | |
| २१ | प्रदुषण नियन्त्रण शुल्क | चालु आ.व.को प्रस्तावित रकममा वार्षिक २० प्रतिशतले वृद्धि हुने अनुमान |
| **ग.** | **कोशी प्रदेश र स्थानीय तह बीचको बाँडफाँट** | |
| १ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | आ.व. २०७८/७९ को यथार्थ रकममा वार्षिक २० प्रतिशतले वृद्धि हुने अनुमान |
| २ | सवारी साधन कर | आ.व. २०७८/७९ को प्रस्तावित रकममा वार्षिक १० प्रतिशतले वृद्धि हुने अनुमान |
| ४ | ढुङ्गा, गिट्टी, बालुवा | सम्झौता बमोजिम वा १५ प्रतिशत |
| ५ | दहत्तर बहत्तर बिक्री | हाललाई प्रक्षेपण नगरिएको |
| **घ.** | नेपाल सरकार र नगरपालिकाबीच बाँडफाँट (मू.अ.क. र अन्त:शुल्क) | कूल सम्भाव्यको १० प्रतिशत |
| १ | नेपाल सरकारको अनुदान | कूल सम्भाव्यको ५ प्रतिशत |
| २ | कोशी प्रदेश सरकार अनुदान | कूल सम्भाव्यको १० प्रतिशत |

## ६.२ दमक नगरपालिकाको आगामी तीन आर्थिक बर्षको राजस्व प्रक्षेपण

माथि उल्लेखित राजस्व प्रक्षेपणका मान्यता तथा आधारहरुमा देहाय अनुसार राजस्व प्रक्षेपण गरिएको छ ।

**तालिका २७: आगामी तीन आर्थिक वर्षको लागि राजस्व प्रक्षेपण**

| क्र.सं. | राजस्व शीर्षकहरु | आ.व. २०७८/७९ (यथार्थ रु.) | तीन वर्षको यथार्थ औसत (रु.) | आ.व. २०७९/८० (प्रस्तावित रु.) | कुल सम्भाव्य (रु.) | प्रक्षेपण (रकम रु.) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ |
| | **कर राजस्व** | | | | | | | |
| १ | सम्पत्ति कर | ३४,५८७,९६२ | ३३,३५८,३१६ | ४९,५००,००० | ५९,९५३,८९२ | ४४,९६५,४१९ | ५०,९६०,८०८ | ५३,९५८,५०३ |
| २ | भूमिकर/मालपोत | ३,४२७ | ८,४३५ | १००,००० | | | | |
| ३ | घरबहाल कर | १०,२६१,३९० | ११,८९६,६८९ | ३०,०००,००० | | १०,८००,००० | ११,३४०,००० | ११,९०७,००० |
| ४ | बहाल विटौरी कर | - | ३२,७७८ | ३५,००० | ३६०,००० | ३६०,००० | ३७८,००० | ३९६,९०० |
| ५ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर (सडक) | ४८१,४०० | ४,१८२,१५६ | - | | ४,८९१,००० | ४,८९१,१०० | ५,१३५,६५५ |
| ६ | अन्य मनोरञ्जन कर | - | - | ५०,००० | २००,००० | २२०,००० | २४२,००० | २६६,२०० |
| ७ | विज्ञापन कर | - | - | - | २००,००० | २२०,००० | २४२,००० | २६६,२०० |
| ८ | व्यवसाय कर (रजिष्टेशन तथा नवीकरण समेत) | १८,०२३,९५८ | १५,८५५,५६४ | २२,२००,००० | | २७,९९४,८१७ | २९,९९४,४४६ | ३१,९९४,०७६ |
| ९ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर | १२,६१७,९६५ | १०,३३०,६५४ | ११,७००,००० | | १३,२४८,८६३ | १०,८४७,१८६ | १२,२८५,००० |
| १० | साना सवारी साधन कर | | ३१४,००० | | १,७८५,००० | ६१५,००० | ६४५,००० | ६७५,००० |
| ११ | सामुदायिक वनबाट प्राप्त आय | - | - | - | २७५,४५० | २७५,४५० | २७५,४५० | २७५,४५० |
| १२ | जडिवुटी, कवाडी र जीवजन्तु कर | - | - | - | - | ३,१३१,००० | ३,१३१,००० | ३,१३१,००० |
| | **जम्मा** | **७५,९७६,१०२** | **७५,९७८,५९१** | **११३,५८५,०००** | **६२,७७४,३४२** | **१०६,७२१,५४९** | **११२,९४६,९९१** | **१२०,२९०,९८४** |
| | **गैरकर राजस्ज** | | - | | | | | |
| १ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त रकम | ७,८०२,२६१ | ५,४६७,७८२ | ७,५००,००० | | ९,३६२,७१३ | ११,२३५,२५६ | १३,४८२,३०७ |
| २ | सरकारी सम्पत्तिको बिक्रिबाट प्राप्त रकम | २७८,३७९ | १४९,१९३ | १००,००० | | १२०,००० | १४४,००० | १७२,८०० |
| ३ | अन्य बिक्रिबाट प्राप्त रकम | ९८२,६९९ | ५२८,४४१ | १२५,००० | | १२५,००० | १३७,५०० | १५१,२५० |

| क्र.सं. | राजस्व शीर्षकहरु | आ.व. २०७८/७९ (यथार्थ रु.) | तीन वर्षको यथार्थ औसत (रु.) | आ.व. २०७९/८० (प्रस्तावित रु.) | कुल सम्भाव्य (रु.) | प्रक्षेपण (रकम रु.) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ |
| ४ | खानेपानी महशुल शुल्क | ३७५,६०३ | १४३,७२१ | ३०,००० | | ३७५,६०३ | ४१३,१६३ | ४५४,४८० |
| ५ | विद्युत सेवा शुल्क | - | ११७,८४४ | - | | - | - | - |
| ६ | अन्य सेवा शुल्क | ९८२,६९९ | ९५५,९१४ | २,७५०,००० | | १,१४७,०९७ | १,३७६,५१६ | १,६५१,८१९ |
| ७ | न्यायिक दस्तुर | ३१,९०० | ४५,५२८ | १००,००० | | १०५,००० | ११०,२५० | ११५,७६३ |
| ८ | शिक्षा क्षेत्रको आम्दानी | ७५,००० | १०४,६६७ | २००,००० | | १२५,६०० | २४०,००० | १५०,७२० |
| ९ | परीक्षा शुल्क | ९०,३०० | ३२,६४५ | ५०,००० | | ३९,१७४ | ६०,००० | ४७,००९ |
| १० | अन्य प्रशासनिक सेवा शुल्क | ७,३१४,७०३ | ६,७३८,५९७ | १०,०००,००० | | ८,७७७,६४४ | १०,५३३,१७२ | १२,६३९,८०७ |
| ११ | पार्किङ्ग शुल्क | १,८७३,८९४ | १,९६४,०५६ | २,८१०,००० | | ३,०००,००० | ३,१५०,००० | ३,३०७,५०० |
| १२ | नक्सापास दस्तुर | १८,५६९,८५६ | १७,२०१,५९४ | ३२,५००,००० | | २३,२१२,३२० | २९,०१५,४०० | ३६,२६९,२५० |
| १३ | सिफारिश दस्तुर | १४,६६०,५५८ | १३,३२८,३६७ | १६,५००,००० | | १६,१२६,६१४ | १७,७३९,२७५ | १८,१५०,००० |
| १४ | नाता प्रमाणित दस्तुर | २,७०७,६६८ | १,०९१,६२१ | ५००,००० | | १,०९१,६२१ | १,२००,७८३ | १,३२०,८६१ |
| १५ | अन्य दस्तुर | १,३८४,३४८ | ७९९,७५९ | १,०००,००० | | ९१९,७२३ | १,०५७,६८२ | १,२१६,३३४ |
| १६ | अन्य क्षेत्रको आय | ७,३८५,६९६ | ७,३८५,६९६ | ११,८२१,००० | | ८,१२४,२६६ | ८,९३६,६९२ | ९,८३०,३६१ |
| १८ | प्रशासनिक दण्ड, जरिवाना र जफत | २,३८३,२२१ | १,९१५,०९५ | २०,०००,००० | | २,०१०,८४९ | २,१११,३९२ | २,२१६,९६१ |
| २० | अन्य राजस्व | ८,७८९,१३२ | ५,०२५,६२७ | २,५००,००० | | ५,०२५,६२७ | | |
| २१ | प्रदुषण नियन्त्रण शुल्क | - | - | ५०,००० | | ६०,००० | ७२,००० | ८६,४०० |
| | **जम्मा** | **७५,६८७,९१७** | **६२,९९६,१४७** | **१०८,५३६,०००** | **-** | **७९,७४८,८५१** | **८७,५३३,०८२** | **१०१,२६३,६२२** |
| | **कर तथा गैरकरको जम्मा** | **१५१,६६४,०१९** | **१३८,९७४,७३९** | **२२२,१२१,०००** | | **१८६,४७०,४००** | **२००,४८०,०७३** | **२२१,५५४,६०६** |
| | **प्रदेश र स्थानीय तह वीचको बाँडफाँट** | | - | - | | | | |
| १ | घरजग्गा रजिष्ट्रेशन दस्तुर र सवारी साधन कर | १५५,८५०,४१७ | १३८,०९४,०३४ | १६०,०००,००० | | १८७,०२०,५०० | २२४,४२४,६०० | २६९,३०९,५२१ |
| २ | ढुंगा, गिट्टी, बालुवा | २२,९३८,४०५ | २२,९३८,४०५ | २०,०००,००० | | २०,०००,००० | २३,०००,००० | २६,४५०,००० |
| ३ | दहत्तर बहत्तर बिक्रि | - | - | - | | | | |
| | **जम्मा** | **१७८,७८८,८२२** | **१६१,०३२,४३९** | **१८०,०००,०००** | | **२०७,०२०,५००** | **२४७,४२४,६००** | **२९५,७५९,५२१** |
| | **नेपाल सरकारबाट राजस्व बाँडफाँट** | | | | | | | |
| १. | मूल्य अभिवृद्धि कर र अन्तः शुल्क | १२०,५९७,०५८ | १३८,०९४,०३४ | १६७,०९९,१४० | **१६७,०९९,१४०** | १८३,८०९,०५४ | २०२,१८९,९५९ | २२२,४०८,९५५ |
| | **जम्मा** | **१२०,५९७,०५८** | **१३८,०९४,०३४** | **१६७,०९९,१४०** | - | **१८३,८०९,०५४** | **२०२,१८९,९५९** | **२२२,४०८,९५५** |
| | | | | | | | | |

| क्र.सं. | राजस्व शीर्षकहरु | आ.व. २०७८/७९ (यथार्थ रु.) | तीन वर्षको यथार्थ औसत (रु.) | आ.व. २०७९/८० (प्रस्तावित रु.) | कुल सम्भाव्य (रु.) | प्रक्षेपण (रकम रु.) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ |
| | **नेपाल सरकारबाट अनुदान** | | | | | | | |
| १ | समानीकरण अनुदान | २०७,४००,००० | ६९,१३३,३३४ | २१९,२००,००० | २१९,२००,००० | २३०,१६०,००० | २४१,६६८,००० | २५३,७५१,४०० |
| २ | सशर्त अनुदान | ६६५,३७१,८८४ | २२१,७९०,६२९ | ४८१,९००,००० | ४८१,९००,००० | ५०५,९९५,००० | ५३१,२९४,७५० | ५५७,८५९,४८८ |
| ३ | विशेष अनुदान | १६,६००,००० | ८,३००,००० | १०,०००,००० | १०,०००,००० | १०,५००,००० | ११,०२५,००० | ११,५७६,२५० |
| ४ | समपुरक अनुदान | | - | ४,०००,००० | ४,०००,००० | ४,२००,००० | ४,४१०,००० | ४,६३०,५०० |
| | **जम्मा** | **८८९,३७१,८८४** | **२९९,२२३,९६२** | **७१५,१००,०००** | **७१५,१००,०००** | **७५०,८५५,०००** | **७८८,३९७,७५०** | **८२७,८१७,६३८** |
| | **कोशी प्रदेश सरकारबाट अनुदान** | | | | - | | | |
| १ | समानीकरण अनुदान | १२,३३५,००० | ९,६२९,३३३ | १२,३३५,००० | १२,३३५,००० | १३,५६८,५०० | १४,९२५,३५० | १६,४१७,८८५ |
| २ | सशर्त अनुदान (चालु) | १०,७०५,००० | २७,९०८,६६७ | १२३,००० | १२३,००० | १३५,३०० | १४८,८३० | १६३,७१३ |
| ३ | सशर्त अनुदान पुँजीगत | - | - | २८,४००,००० | २८,४००,००० | ३१,२४०,००० | ३४,३६४,००० | ३७,८००,४०० |
| ४ | विशेष अनुदान | - | - | - | - | - | - | - |
| ५ | समपुरक अनुदान चालु | १०,०००,००० | १०,०००,००० | - | - | - | - | - |
| ६ | समपुरक अनुदान पुँजीगत | - | | १०,०००,००० | १०,०००,००० | ११,०००,००० | १२,१००,००० | १३,३१०,००० |
| | **जम्मा** | **३३,०४०,०००** | **४७,५३८,०००** | **५०,८५८,०००** | | ५५,९४३,८०० | ६१,५३८,१८० | ६७,६९१,९९८ |
| | **कुल जम्मा** | **१,३७३,४६१,७८३** | **७८४,८६३,१७४** | **१,३३५,१७८,१४०** | | **१३८४०९८७५४** | **१,५००,०३०,५६३** | **१,६३५,२३२,७१८** |
| | **वार्षिक वृद्धि रकम** | | | | | ४८,९२०,६१४ | **११५,९३१,८०९** | **१३५,२०२,१५५** |
| | **प्रतिशत** | | | | | ३.६६ | ८.३८ | ९.०१ |

*नोटः दमक अस्पताल, जनसहभागिता, बेरुजू, गत वर्षको अ.ल्या., आन्तरिक पुँजीगत अनुदान आदिलाई प्रक्षेपणमा समावेश गरिएको छैन ।*

माथिको तालिकामा आन्तरिक आय तर्फ नयाँ करमा सडक उपयोग कर, मनोरन्जन कर, विज्ञापन कर, साना सवारी कर, साना सवारी साधन (दुईपांग्रे र तीन पांग्रे) को पार्किङ्ग शुल्क, सामुदायिक बनबाट प्राप्त हुने आय र जडिबुटी, कवाडी र जीवजन्तु कर प्रस्ताव गरिएको छ। आ.व. २०७८/७९ को तुलनामा आ.व. २०८०/८१ मा करिब रु. ४ करोड ८९ लाख २० हजार ६ सय १४ (३.६६ प्रतिशत), आ.ब. २०८०/८१ को तुलनामा आ.व. २०८१/८२ मा रु. ११ करोड ५९ लाख ३१ हजार ८ सय ९ (८.३८ प्रतिशत) र आ.ब. २०८०/८१ को तुलनामा आ.व. २०८२/८३ मा रु. १३ करोड ५३ लाख २ हजार १ सय ५५ (९.०१ प्रतिशत) वृद्धि हुने अनुमान गरी प्रक्षेपण गरिएको छ।

माथिका अध्यायहरुमा प्रस्तुत गरिएको राजस्व सुधार कार्ययोजना तथा प्रक्षेपणबाट दमक नगरपालिकाको कुल प्रक्षेपित आयको सारांश विवरण **तालिका २८** मा प्रस्तुत गरिएको छ ।

**तालिका २८: नगरपालिकाको आयको अपेक्षित नतिजा (रकम रु मा)**

| क.सं. | राजस्व शीर्षकहरु | आ.व. २०७८/७९ (यथार्थ) | तीन वर्षको यथार्थ औसत | आ.व. २०७९/८० (प्रस्तावित) | प्रक्षेपण (रकम रु.हजार) | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ |
| १ | कर राजस्व | ७५,९७६ | ७५,९७९ | ११३,५८५ | १०६,७२२ | ११२,९४७ | १२०,२९१ |
| २ | गैरकर राजस्ज | ७५,६८८ | ६२,९९६ | १०८,५३६ | ७९,७४९ | ८७,५३३ | १०१,२६४ |
| ३ | कोशी नगरपालिका वीचको बाँडफाँट | १७८,७८९ | १६१,०३२ | १८०,००० | २०७,०२१ | २४७,४२५ | २९५,७६० |
| ४ | नेपाल सरकारबाट राजस्व बाँडफाँट | १२०,५९७ | १३८,०९४ | १६७,०९९ | १८३,८०९ | २०२,१९० | २२२,४०९ |
| ५ | नेपाल सरकारबाट अनुदान | ८८९,३७२ | २९९,२२४ | ७१५,१०० | ७५०,८५५ | ७८८,३९८ | ८२७,८१८ |
| ६ | कोशी प्रदेश सरकारबाट अनुदान | ३३,०४० | ४७,५३८ | ५०,८५८ | ५५,९४४ | ६१,५३८ | ६७,६९२ |
| | **जम्मा** | **१,३७३,४६२** | **७८४,८६३** | **१,३३५,१७८** | **१,३८४,०९९** | **१,५००,०३१** | **१,६३५,२३३** |
| | **वार्षिक वृद्धि** | | (४३) | ७० | ३.६६ | ७.७३ | ८.२७ |

*स्रोत : तालिका नं. २७*

यस तालिका २८ अनुसार आ.व. २०७८/७९ को यथार्थको तुलनामा तीन आर्थिक वर्षको औसत ४३ प्रतिशतले न्यून देखिन्छ । त्यसैगरी तीन आर्थिक वर्षको औसतको तुलनामा २०७९/८० को अनुमान ७० प्रतिशतले बढी रहेको छ । यसैगरी २०७९/८० को अनुमानको तुलनामा २०८०/८१ मा ३.६६ प्रतिशतले वृद्धि हुने र २०८०/८१ को तुलनामा २०८१/८२ मा ७.७३ प्रतिशतले कुल राजस्व वृद्धि हुने अनुमान गरिएको छ। त्यसैगरी २०८१/८२ को तुलनामा २०८२/८३ मा ८.२७ प्रतिशतले कुल राजस्व वृद्धि हुने अनुमान गरि राजस्व प्रक्षेपण गरिएको छ ।

## ८.१ पृष्ठभूमि

योजनाको सार्थकताको प्रमुख मानक त्यसको प्रभावकारी कार्यान्वयन हो । योजना कार्यान्वयनमा प्रभावकारिताका लागि कार्यकुशलता, स्रोत साधनको उचित व्यवस्थापन र परिचालनका लागि उपयुक्त अनुगमन सम्बन्धी स्पष्ट विधि र संयन्त्र किटान हुनु जरुरी हुन्छ । अन्य योजनामा जस्तै राजस्व सुधार कार्ययोजनामा समाबेश भएका क्रियाकलापहरुको कार्यान्वयन सुनिश्चितताका लागि यसको नियमित र भरपर्दो अनुगमनको व्यवस्था गरिनेछ ।

राजस्व सुधार कार्ययोजनामा समावेश भएका क्रियाकलापहरुको योजना अनुरुप कार्यान्वयन गरी अपेक्षित प्रतिफल हासिल गर्न सोको नियमित र भरपर्दो अनुगमनको प्रबन्ध गरिनु पर्ने हुन्छ । तसर्थ, यस कार्ययोजनामा अनुगमन सम्बन्धी व्यवस्थालाई योजनाको अनिवार्य अंगका रुपमा समावेश गरिएको हो । यस परिच्छेदमा राजस्व सुधार कार्ययोजना कार्यान्वयनका क्रममा गर्नुपर्ने अनुगमन विधि र प्रक्रियाहरु समावेश गरिएको छ ।

## ८.२ अनुगमन

कुनैपनि योजना वा कार्यक्रम अपेक्षित गति, गुणस्तर र सही दिशामा अनुसार अघि बढि भइरहेको छ छैन भन्ने कुरा योजना वा कार्यक्रम कार्यान्वयन कै क्रममा थाहा पाउन जरूरी हुन्छ । यसरी समयमै जानकारी हुन सकेमा योजना तथा कार्यक्रमहरुलाई आवश्यकता अनुसार परिमार्जन गरी सही दिशा दिन सकिन्छ । दमक नगरपालिकाको आफ्नो राजस्व अभिवृद्धिको लागि तयार गरेको यस राजस्व सुधार कार्ययोजना तथा अन्य सुझावहरुको प्रभावकारी कार्यान्वयन मार्फत कार्ययोजनाको निर्दिष्ट लक्ष्य, उद्देश्य तथा अपेक्षित प्रतिफल हासिल गर्न सघाउ पुऱ्याउन यो अनुगमन ढाँचा तयार गरिएको हो ।

## ८.३ मूल्याङ्कन

मूल्याङ्कन योजनाको चक्रको अन्तिम चरणमा गरिने क्रियाकलाप हो । यो योजना सम्पन्न भएको सामान्यतया दुई वर्षपछि गरिन्छ र योजनाको मध्य अवधिमा मध्यावधि मूल्याङ्कन गर्ने चलन पनि छ । योजना मूल्याङ्कनले सञ्चालित आयोजना तथा कार्यक्रमहरु समय सान्दर्भिक र औचित्यपूर्ण थिए वा थिएनन्, समयानुकूल थिए वा थिएनन् ती योजना कार्यक्रम आफैँमा आवश्यक थिए वा थिएनन् भन्ने विषयमा तथ्यमा आधारित रही जानकारी गराउँदछ । यसबाट मूलतः योजानाले राखेका योजनाले राखेका अपेक्षित लक्ष्य, उद्देश्य तथा उपलब्धीहरु हासिल भए वा भएन ? नभएमा के कस्ता कमजोरी रहे भन्ने समेत देखाउँछ ।

## ८.४ अनुगमन योजना

राजस्व सुधार कार्ययोजनाको नियमित अनुगमनको व्यवस्थासँगै कार्ययोजनालाई वार्षिक रुपमा परिमार्जन तथा अद्यावधिक गर्न आवश्यक हुन्छ । खासगरी योजनामा प्रक्षेपण गरिएको आयलाई विभिन्न बाह्य तत्वहरुले प्रभाव पार्ने हुँदा त्यस्ता परिवर्तनलाई वार्षिक रुपमा अध्यावधिक गर्न आवश्यक छ । कर तथा गैरकरका दरहरुमा आउने परिवर्तन र कतिपय राजस्वको स्रोत आधारमा आउने परिवर्तनले पनि प्रक्षेपित राजस्वमा प्रभाव पार्न सक्दछ ।

कतिपय प्रस्तावित क्रियाकलापहरु सम्पन्न गर्न नसकिने र कतिपय क्रियाकलाप थप कार्यान्वयन गर्न सकिने अवस्था पनि उत्पन्न हुन सक्दछ । राजस्वका नयाँ स्रोत थप हुने वा भैरहेका क्षेत्रमा संघीय वा प्रदेश कानून वा नीतिको कारण स्थानीय तहको राजस्व कानून, नीति र आधारहरुमा प्रभाव पर्ने अवस्थामा पनि राजस्व

